वर्ष : १५, अंक : ४४, काठमाडौं, २०७६ फागुन १६ गते शुक्रबार, 28 February 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

शुल्क	सेवा
रू. ५०००।- (पाँच हजार मात्र)	फोन, फ्याक्स, इमेल

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

'भाषा र जातका आधारमा प्रदेशहरू बन्नुपर्छ'

काठमाडौं । समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले भारतलगायत विश्वका धेरै मुलुकहरूमा जाति र भाषाका आधारमा प्रदेशहरू बनाइएको बताएका छन् । समाजवादी पार्टीको प्रवास विशेष प्रदेश समितिको काठमाडौंमा घोषणा गर्दै अध्यक्ष यादवले छिमेकी मुलुक भारतमा जाति र भाषाको आधारमा प्रदेशहरू बनाएको बताए । 'भारतमा भाषा, जाति र भूगोलको आधारमा प्रदेशहरू बनाइएको छ । मिजोरम, नागाल्याण्डजस्ता प्रदेशहरू जातिका आधारमा छन् । बंगाल, तामिलनाडुजस्ता प्रदेशहरू भाषाका आधारमा छन् । उत्तर प्रदेश, मध्य प्रदेश जस्ता भौगोलिक आधारमा प्रदेशहरू बनाइएको छ,' उनले भने, 'तर, नेपालमा पंगु तरिकाबाट प्रदेशहरूको बनोट छ ।' संघीयतालाई कसरी हुन्छ आफ्नै पकडमा कायम राख्ने ध्येयले मात्र प्रदेशहरूको संरचना गरिएको अध्यक्ष यादवले टिप्पणी गरे । उनले नेपाल बहुराष्ट्रिय राज्य भएको र यहाँको विविधतालाई सम्बोधन गर्नका लागि नै पहिचानको आधारमा प्रदेश संरचनाहरू बनाउनुपर्ने बताए । 'नेपालमा रहेका विविधताहरूलाई सम्बोधन गर्न नै संघीय प्रणाली चाहिएको उल्लेख गर्दै अध्यक्ष यादवले भने, 'नेपालमा विभिन्न राष्ट्रियताहरू छन् । नेपाल बहुराष्ट्रिय राज्य हो । धेरै राष्ट्रियताहरू भएपछि तीनका भाषा, संस्कृति, पहिचान र इतिहास पनि हुन्छ । ती समुदायलाई सम्बोधन गर्न उनीहरूको पहिचानको आधारमा संघीय राज्यको प्रादेशिक संरचनाहरू बनाउनुपर्छ ।' उनले नेपालका आदिवासी जनजाति, मधेशी, मुस्लिम, दलित, महिलाजस्ता उत्पीडित समुदायको संख्या जोड्दा दुई तिहाईभन्दा बढी विभेदमा पारिएको दाबी गर्दै विभेदकै अवस्थामा देश कहिल्यै पनि समाजवादउन्मुख हुन नसक्ने जिकिर गरे । 'लोकतान्त्रिक प्रणालीमा पनि विभेद भयो भने त्यसलाई लोकतन्त्र मानिदैन,' उनले भने । संविधानमा देशलाई समाजवादउन्मुख भनिएकोतर्फ लक्षित गर्दै यादवले भने, 'समाजवादउन्मुख गर्नको लागि पहिलो सर्त यी विभेदहरूको अन्त्य हुनुपर्छ ।' उनले नेपालका कम्युनिष्टहरू बिग्रेर महेन्द्रवादी भएको पनि आरोप लगाए । 'अहिले भन्न त यहाँ कम्युनिष्टहरू छन् तर यथार्थमा उनीहरू महेन्द्रवादी हुन् । महेन्द्र यिनीहरूभन्दा प्रोग्रेसिभ थिए । महेन्द्रले देखाएको बाटोमा यी बिग्रेका कम्युनिष्टहरू दौडिरहेका छन्,' उनले भने । निर्वाचन हारेका वामदेव गौतमजस्ता मान्छेलाई मुलुकको कार्यकारी प्रधानमन्त्री बनाउने प्रयास गरेको भन्दै कम्युनिष्टहरूले नेपालमा रहेको भनिएको संसदीय व्यवस्था समेत समाप्त पार्न खोजेको आरोप उनले लगाए ।

सीके दुबई जाने

काठमाडौं । मधेशी होली धमाका कार्यक्रममा सहभागी हुनका लागि जनमत पार्टीका अध्यक्ष डा. सीके राउत दुबई जान लागेका हुन् । गैर आवासीय मधेशी संघको अधिवेशन तथा मधेशी होली कार्यक्रममा सहभागी हुन दुबई जाने कार्यक्रम तय भएको छ । गैर आवासीय मधेशी संघका सँस्थापक अध्यक्ष समेत रहेका डा. राउतले यसपाली विदेशमा रहेका तथा गैर आवासीय मधेशी संघसँग आवद्ध पदाधिकारी, सदस्यहरूसँग होली खेल्ने कार्यक्रम रहेको आयोजकले जनाएको छ । सो कार्यक्रम आगामी मार्च ६ तारिखको दिन दुबईको अल कुजमा आयोजना हुन लागेको हो । त्यसको लागि मधेशका दिग्गज कलाकारहरूले समेत सहभागिता रहनेछ । दुबई बसाईको क्रममा डा. राउतले मधेशी प्रवासीहरूसंग भेटघाट गर्ने तथा नेपाली राजदूतवासमा समेत अन्तरक्रिया कार्यक्रम गर्ने जनाइएको छ । सो कार्यक्रममा गैर आवासीय मधेशी संघका अन्तराष्ट्रिय समिति अध्यक्ष तथा जनमत पार्टीका विदेश विभाग प्रमुख समेत रहेका ईन्जिनीयर बसन्त कुशवाहाको विशेष आतिथ्य, यस्तै, गैर आवासीय मधेशी संघ अमेरिकाका अध्यक्ष एवम् जनमत पार्टी विदेश विभागका सदस्य ईन्द्रजीत यादव, संघका कोषाध्यक्ष तथा जनमत पार्टीका विदेश विभाग उप प्रमुख ई. सुरेन्द्र नारायण यादवको आतिथ्य रहने जनाइएको छ ।

मधेश राजनीतिमा फिरङ्गीपना !

मुद्दा होइन, नेतृत्व कमजोर, 'कोर्स करेक्सन' जरूरी

मधेशवाणी डेस्क

काठमाडौं । केपी ओली नेतृत्वमा उपप्रधान र स्वास्थ्यपछि कानुन मन्त्री भएका समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव सरकारबाट बाहिरिए पछि नयाँ मुद्दा पाउन सकेका छैनन् । पुरानै मुद्दाका भरमा फेरि उठ्ने विश्वास नभएकाले कुनै बलियो मुद्दाको प्रतीक्षा उनले गरिरहेका छन् ।

२०६३ माघको मधेश आन्दोलनमार्फत नेपाली राजनीतिमा स्थापित उपेन्द्र यादवको आकर्षण सरकारबाट बहिर्गमन पछि मधेशमा अहिले निकै खस्किएको छ/ । संविधानसभा चुनाव हुँदै पटक पटक सरकारमा पुगेको यादवले २२ बुँदे, आठबुँदे सम्झौता कार्यान्वयन नगराएको आरोप छ/ । विगतमा 'सत्ता नहीं प्रभुसत्ता चाहिए' र 'सरकार नहीं अधिकार चाहिए' भन्दै हिंडेका पार्टी विगतका सरकारहरूमा सहभागी भए । यादवको भूलेको विगतका कारण उनी ओली नेतृत्वमा सहभागी हुँदा मधेशले पचाउन सकेको थिएन । त्यसैले यादवको करिब एक वर्षको सत्तारोहण कुनै पनि अर्थमा लाभदायक रहेनन् । सरकारमा बसेका कारण घटेको लोकप्रियता पूर्ति गर्न पनि यादवलाई अहिले नयाँ मुद्दा चाहिएको छ र उनले आन्दोलनको चेतावनी पनि दिँदै आएका छन् ।

सरकारमा हुँदा समेत मधेशवासीको अपेक्षा पूरा गर्न नसकेको आरोप यादवले व्यहोरिरहेका छन् । यादवको पार्टी जस्तै अर्को मधेशवादी दल राजपको अवस्था पनि उस्तै छ/ । वर्षौंदेखि राज्यबाट विभेदको शिकार भएका मधेशी नागरिकको विद्रोहले मधेशी समुदायको संवैधानिक पहिचान, जनसंख्याको आधारमा राजनीतिक क्षेत्रमा समान सहभागिता र संघीययताको मुद्दा स्थापित गराए पनि सरकारमा गएपछि त्यसको कार्यान्वयनका लागि ती दलहरूले तत्परता देखाउन नसकेको यर्थाथ सबैका सामु छर्लङ्ग छ । त्यसैले सत्ता र शक्ति पाउन मधेशी नागरिकको भावनामा खेलेको आरोप मधेशी दलका नेताहरूमाथि छ/ । परिणामतः मधेशी दल र तिनका नेताको आकर्षण आफ्नै समुदायमा क्रमशः घट्दै गएको छ/ ।

यसो हुनुमा मधेशवादी दलका नेताको सत्ता-लालचलाई मुख्य कारण मानिन्छ । उपेन्द्र यादव हुन् वा राजेन्द्र महतो वा अन्य कुनै मधेशी नेता, सबैको सत्तालोलुपताकै कारण मधेशीहरूमा नैराश्यता छाएको छ । राजनीतिक प्रतिष्ठा गुमाइसकेका नेताहरूको मधेश आन्दोलनले प्राणप्रतिष्ठा गराए पनि उनीहरूले मधेश र मधेशीलाई बिर्सिएकै छन् । मधेशी दल आफूमा विभाजित भए पनि मधेशको मुद्दा भने जीवितै छ । मधेशी नागरिकमा रहेको आक्रोशमिश्रित निराशा घृणामा परिणत हुन र टुक्रिएको मधेश संगठित हुँदै अर्को विष्फोट हुन समय लाग्ने छैन । तर मधेशमा आन्दोलन चर्किएमा यसअघि स्थापित लोकतान्त्रिक शक्ति कमजोर हुँदै गएकाले आन्दोलनबाट मधेशी दल र तिनका नेता स्थापित हुने भन्दा पनि विखण्डनकारी शक्ति वा अर्को कुनै शक्ति उदाउने सम्भावना बढी छ । यदि अब कुनै प्रकारको आन्दोलन मधेशमा भयो भने त्यसको तारो सरकार मात्र होइन स्वयं मधेशी दल र तिनका नेता हुनेछन् । मधेशका दलहरू मुद्दामा विभाजित भए पनि मधेश आन्दोलनको सेन्टिमेन्ट विभाजित छैन । मधेश आन्दोलनले केन्द्रिय संसद वा प्रदेश २ मा मधेशीहरूको संख्यात्मक प्रतिनिधित्व सुनिश्चित गरे पनि त्यसको संस्थागत विकास हुन सकेको छैन ।

तेस्रो शक्तिको विकल्प

समाजवादी पार्टी सरकारमा जानुअघि नै राजपासँग एकताको कुरा चलेको थियो । तर यो एकता दुवै दलका नेताहरूका लागि 'ओठे गीत' मात्र भएको छ । एकताको विषयमा न त दुइ दलबीच छलफल हुन्छ न त अहिलेसम्म त्यसको तयारी नै प्रारम्भ भएको छ । यस्तो लाग्छ एकता भनेको रातारात हुने चिज हो । सत्ताका लागि मात्र एकीकरण गर्ने हो भने यस्तो एकीकरणको कुनै अर्थ र भविष्य रहँदैन भन्ने दुवै दलले बुझ्नु पर्छ । मधेशी जनताले मधेशी नेतृत्वको कमजोरी र कार्यशैलीबारे राम्ररी बुझेका छन् । जब जब नेतृत्व कमजोर हुन्छ तब तब उनीहरू एकताको कार्ड फाल्ने गर्छन् । त्यसैले हास्यास्पद नाटक मञ्चन गरेर मधेशलाई बदनाम गराउने र मधेशी शक्तिहरूको रगतको अपमान गर्ने कार्य कम्तीमा एकताको नाममा गरिनु हुन्न भन्ने भावना आममधेशीको छ ।

मधेशको मुद्दा देशकै मुद्दा भइसकेको अवस्थामा अब राजपा वा फोरमले मात्र यो मुद्दा सम्बोधन गर्नुपर्छ भन्ने अवस्था छैन । सत्तासीन दल हुन् वा प्रतिपक्ष दल, जसले मधेशी जनताको भावना अनुरूप संविधान संशोधन लगायतका मुद्दाहरू सम्बोधन गर्न सक्छ आगामी निर्वाचनमा मधेशको मत त्यतातिर मोडिने निश्चित छ ।

मधेशलाईसँगै लिएर नगइकन समग्रतामा नेपाल समृद्धिको यात्रामा अगाडि बढ्न सक्दैन भन्ने निष्कर्षमा अब सबै राजनीतिक दलहरूले सोच्नुपर्ने अवस्था आइसकेको छ ।

मधेशको नेतृत्व

मधेशी दलहरूको गतिविधि अहिले सेलाएको छ भने पहिले देखि नै उठाइदै आएको मधेश सवालमा उनीहरू एक र अडिग हुन सकेका छैनन् । विभिन्न चरणमा सहमति भएपनि कार्यान्वयन हुन सकेको छैन । संघीयता, समावेशीकरण, स्वायत्त मधेश प्रदेश, समावेशी विधेयक, सेनामा मधेशी युवाको सामूहिक प्रवेश लगायत अन्य दर्जनौ बुँदामा यसअघि

बाँकी अन्तिम पृष्ठमा

रेल हस्तान्तरण चैत १८ गते

काठमाडौं । भारत सरकारको सहयोगमा बनेको कुथा-जनकपुर-जयनगर रेल चैत १८ गते नेपाललाई हस्तान्तरण गरिने भएको छ । नेपालमा सञ्चालन गर्न २ वटा रेल अहिले भारतको मद्रासमा बनिरहेको छ । रेल विभागका महानिर्देशक बलराम मिश्रले चैतको १८ गते भारतीय रेल निर्माता कम्पनीले रेल नेपाललाई हस्तान्तरण गर्ने तय भएको जानकारी दिए । रेल विभागले ८४ करोड ६५ लाख रूपैयाँमा भारतको सरकारी कम्पनी कोकन रेल्वे कर्पोरेसनसँग रेल किन्ने सम्झौता गरेको थियो । पाँच वटा डिब्बासहितका यी रेलमा एकैपटक १२ सय यात्रुले यात्रा गर्न सक्छन् । महानिर्देशक मिश्रका अनुसार रेल नेपाल ल्याएको केही महिनापछि सञ्चालनमा ल्याइने छ । तर रेल कहिलेबाट चल्न सुरू हुने भन्ने तय नभएको उनले बताए । सरकारले गत वर्षको पुसबाट नै रेल चलाउने घोषणा गरेको थियो । अब भने सरकारले आगामी असार अगाडि नै जसरी पनि रेल चलाउन योजना बनाएको छ । उक्त खण्डमा रेलमार्गको पुरानो न्यारो गेजलाई हटाएर ब्रोड गेजका रूपमा विस्तार गरिएको छ । भारतीय निर्माण कम्पनीमार्फत नै यो काम भएको हो । अहिले जनकपुरसम्म चल्ने रेल महोत्तरीको विजलपुरासम्म चलाउने योजना रेल्वे विभागको योजना छ । जयनगरबाट आउने रेललाई ४ वर्षभित्र बर्दिवासमा पूर्व-पश्चिम रेलमार्गसँग जोडेर निजगढसम्म ल्याउने घोषणा सरकारले गरेको छ ।

'रामायण सर्किट तीर्थाटन' हुने

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको प्राथमिक योजना रामायण एक्प्रेसमार्फत रामायण सर्किटको तीर्थाटन मार्च २८ अर्थात् चैत १५ बाट सुरू हुँदै छ । अयोध्याबाट रेलमार्फत सुरू हुने रामायाण सर्किट यात्रा जनकपुरको जानकी मन्दिरसम्म हुनेछ । रामायण सर्किट रेलमार्फत हुन लागेको पहिलो तीर्थाटन हो । यो यात्रा अवधि १७ दिनको हुनेछ । रामायण सर्किटको यात्रालाई ट्रेनसँग जोडेपछि धार्मिक पर्यटक बढ्ने अनुमान गरिएको छ । त्रेतायुगमा राम र सीता पुगेका भारत, नेपाल र श्रीलंकाका धार्मिक स्थललाई एउटै मार्गले जोड्न भारतले रामायण सर्किटको अवधारणा ल्याएको हो । अयोध्याका राम स्वयंवरका लागि जनकपुर आउँदा र सीतासँग विवाहपछि अयोध्या फर्किंदा प्रयोग गरेको मार्गमा रहेका तीर्थस्थललाई जोडेर रामायण सर्किटको विकास गर्ने योजना छ । २०७५ वैशाख २८ गते प्रधानमन्त्री केपी ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले जनकपुरमा रामायण सर्किट उद्घाटन गरेका थिए । मोदीको सन् २०१४ मा भएको पहिलो नेपाल भ्रमणमा जनकपुर र अयोध्यालाई जोड्न 'ट्विन सिटी एग्रिमेन्ट' भएको थियो । भारतले सोही एग्रिमेन्टलाई 'रामायण सर्किट' अन्तर्गत विस्तार गर्दै छ । जनकपुर-अयोध्याको दूरी ६ सय ५० किलोमिटर छ ।

समय सन्दर्भ

श्रीमननारायण

ओझेलमा लक्ष्मीनारायण झाको योगदान

> २०४६ सालको अन्तिम सातातिर देशमा प्रजातन्त्रको पुनर्स्थापना पनि भयो तर गएको ३० वर्षमा डा. लक्ष्मीनारायण झाको अवस्थाका बारेमा कुनै पनि सरकारले केही पनि बताउन सकेन ।

अर्थशास्त्रमा एउटा कथन निकै चर्चित छ 'बजारमा जब नक्कली नोट छ्याप-छयाप्ती पाउन थालिन्छ, अनि सक्कली नोट माथि पनि सर्वसाधारणले पत्यार गर्न छोडिदिन्छ' । समकालीन मधेशको राजनीतिमा पनि श्रीमति, परिवार, नातेदार, जाति तथा पैसालाई मात्रै चिन्ने गरेका कथित मधेशवादीहरूको बढ्दो सक्रियता एवं सफलताका कारण त्याग बलिदान, समर्पण गरेका महापुरूष तथा आन्दोलनकारीहरू या त आझेलमा पर्दै गएका छन् अथवा चर्चामा आउँदै आएनन् । धनुषा जिल्ला डेवडिहा निवासी डा. लक्ष्मीनारायण झा यस्तै एक महापुरूष थिए जो मिथिला राज्यको स्थापनाको वकालत गरेका कारण युवावस्थामा नै तात्कालीन पंचायती शासनको आँखाका कसिंगर बनेका कारण सधैंका निम्ति कहिल्यै न फर्किने गरी अपहरणमा परे तर आजसम्म उनको पारिवारिक सदस्यहरूले न त उनको लास नै पाउन सके न त जिवित नै पाए । सरकारले आजसम्म शहिद पनि घोषणा गरेन् । जनकपुर मै मधेशी दलको नेतृत्वमा सरकार पनि २ वर्षदेखि अस्तित्वमा छ तर डा. झालाई शहिद घोषणा गर्ने साहस सम्म जुटाउन सकेको छैन ।

निरंकुश पंचायती व्यवस्था उत्कर्षमा रहेका बेला वि.सं. २०४२ को असार-साउन महिनातिर तात्कालीन राष्ट्रिय पंचायतमा सदन चलिरहेकै बखत भएको बम बिस्फोटका कारण पंचायती शासकले कठोर दमनात्मक रवैया अख्तियार गरेको थियो । यद्यपि उक्त घटनाको नैतिक जिम्मेवारी गणतन्त्रवादी नेता रामराजा प्रसाद सिंहको जनवादी मोर्चाले आफ्नो काँधमा लिइसकेको थियो तर पनि पंचायती शासकहरूले लोकतन्त्र समर्थक, पत्रकार, बुद्धिजिवी, कर्मचारी, चिकित्सक तथा राजनीतिज्ञहरूलाई हिरासतमा राख्ने अभियान नै चलायो ।

धनुषाको जनकपुरधाममा निजी क्लिनिक चलाउँदै आएका डा. लक्ष्मी नारायण झा एम.बी.बी.एस (एम.एस.) लाई पनि पंचायती सरकारले बिना कुनै जानकारी पक्राउ गऱ्यो । भारतको मुम्बईको ग्राण्ट मेडिकल शिक्षण संस्थानबाट शिक्षा ग्रहण गरेका डा. झा आफ्नो पेशाप्रति मात्रै इमान्दार थिएनन् अपितु गरिब र कमजोरलाई निःशुल्क उपचारमा पनि मदत गर्दथे ।

३४-३५ वर्षका अविवाहित युवा डा. झा त्यो दिन पनि आफ्नो क्लिनिकमा आउने सुरसार गर्दै थिए । पुजाकोठामा पूजा अर्चना गरिरहेका डा. झालाई पंचायती व्यवस्थाका प्रहरीले बिना सूचना पक्राउ गरेर ल्यायो । उनलाई पक्राउ गरेर अन्चलाधीश कार्यालय हुँदै शुरूमा जनकपुर र त्यसपछि काठमाडौं र फेरी त्यहाँबाट अन्यत्र सार्ने काम भयो । नेपालमा संघीय शासन लागू हुनुपर्दछ तथा मिथिलालाई छुट्टै राज्य घोषणा गर्नु पर्दछ भन्ने दृढ अडान राखेका डा. झा यस विषयमा आफ्ना मित्र शुभेच्छ र सर्वसाधारणलाई पनि सचेत गराउन चाहन्थे । बम काण्डसित उनको कुनै किसिमको प्रत्यक्ष अथवा परोक्ष सरोकार थिएन तर पंचायती शासनले उनलाई हिरासतमा लिने काम गऱ्यो ।

२०४६ सालको अन्तिम सातातिर देशमा प्रजातन्त्रको पुनर्स्थापना पनि भयो तर गएको ३० वर्षमा डा. लक्ष्मीनारायण झाको अवस्थाका बारेमा कुनै पनि सरकारले केही पनि बताउन सकेन । न त उनलाई आजसम्म शहिद नै घोषणा गरिएको छ, न त उनको नाममा जनकपुरमा कुनै चौक नै छ, न त उनको सपना रहेको मिथिला राज्य नै घोषणा हुने सम्भावना छ, न त आजसम्म कुनै संघ संस्थाले उनको नाममा एउटा गोष्ठीको आयोजना अथवा पुरस्कारको घोषणा नै गरेको छ । डा. झा लाई स्मरण गर्न फुर्सद पनि कसैलाई छैन । प्रदेश सरकारले उनको क्लिनिक र उनी बसेको कोठालाई एउटा धरोहरको रूपमा विकसित गर्न सक्नुपर्छ ।

वि.सं. २०४७ साल असार १६ गते नेपाल सदभावना पार्टीको पहिलो महाधिवेशनमा प्रतिनिधिको

बाँकी पृष्ठ ४ मा

छिटो, छरितो र भरपर्दो माध्यम
आइएमई बाटै पैसा पठाऔं
IME
International Money Express
Fast, Reliable And Secure Remittance
Toll Free
16600 151515
+977 1 4430600
+977 1 4425800
info@imeremit.com.np
facebook.com/imeremit
www.imeremit.com.np
ime गरौं

सम्पादकीय

प्रदेश २ मा पर्यटन संस्कृति

नेपाल सरकारले घोषणा गरेको ‘नेपाल भ्रमण वर्ष २०२०’ प्रदेश २ मा पनि जारी छ। नेपालमा सन् २०३० भित्र वार्षिक ५० लाख विदेशी पर्यटक निम्त्याउने महत्वाकांक्षी योजनाका साथ नेपाल सरकारले यो अभियान प्रारम्भ गरेको हो। प्रदेश २ को कला, संस्कृति, सभ्यतालाई धार्मिक केन्द्रको हबको रूपमा विकास गर्न सकियो भने सम्पूर्ण नेपालको विकास गर्न सहज हुने अभिप्रायका साथ अभियानको सुरूवात गरिएको हो।

प्रदेश २ मा सयौं धार्मिक तथा पर्यटकीय स्थल रहेकाले यस्तो अभियानले यसलाई देशबाहिरका पर्यटकसँग जोड्न मद्दत पुग्नेछ। पर्यटनको प्रचुर सम्भावना बोकेको प्रदेशमा पर्यटन संस्कृतिको विकास गर्न नसकेकाले सोचे अनुरूप यसको फाइदा उठाउन नसकिएकै हो तर अब रामायण सर्किटको माध्यमबाट बर्सेनि हजारौं पर्यटक भित्रयाउनु आवश्यक छ।

हिन्दू धर्मावलम्बीको प्रमुख धार्मिकस्थल रामायण, बुद्ध सर्किटजस्ता पुरातात्विक तथा ऐतिहासिक मौलिकता बोकेको स्थानलाई किटान गरी पर्यटन प्रवर्द्धनलाई बढाबा दिन सकिन्छ। पर्यटन करिडोर तोकेर र जनकपुरधाम, पशुपति, मुक्तिनाथ, मनकामनाजस्ता धार्मिक महत्वका स्थललाई जोडेर भारतलगायत विश्वका हिन्दूलाई यहाँ ल्याउन सकिए देशको आर्थिक विकासको मुहान फुटाउनु सकिन्छ।

हिन्दू धर्मावलम्बीको प्रमुख धार्मिकस्थल रामायण, बुद्ध सर्किटजस्ता पुरातात्विक तथा ऐतिहासिक मौलिकता बोकेको स्थानलाई किटान गरी पर्यटन प्रवर्द्धनलाई बढाबा दिन सकिन्छ।

तर यसका साथै सफा, सुन्दर, स्वच्छ वातावरण आवश्यक हुनुपर्छ। पर्यटक आउँदा यहाँको फोहोर र दुर्गन्धले भाग्नु नपरोस् भन्ने अवस्थाको सृजना गरिनुपर्छ। यसका साथै जनकपुर मिथिला र मैथिली संस्कृति र सभ्यता प्राचीनकालदेखि नै अग्रणी स्थानमा रहेकाले मिथिलाको गौरव गाथा उजागर गर्ने दायित्व यहाँको सरकारको रहेको छ।

धार्मिक, सांस्कृति र पर्यटकले परिचित रहेको प्रदेश २ पनि सरकारको प्राथमिकतामै पर्छन्। तर, भ्रमण वर्ष सुरू भएको दुई महिना बितिसक्दा पनि प्रदेश २ मा यसको कुनै सुरसार देखिएको छैनन्। पर्यटकको मुख्य आकर्षण केन्द्र मध्ये एक रहेको जनकपुरसहित प्रदेश २ मा भने भ्रमण वर्ष चहलपहल शून्य छ। अन्य पर्यटकीय ठाउँमा भ्रमण वर्षको प्रचारप्रसार पनि भएको छैन।

सरकारले लक्ष्य लिनु राम्रो हो। तर आवश्यक पूर्वधार पनि बनाउँदै जान आवश्यक छ। हवाईजहाजबाहेक सडकमार्गबाट पनि धेरै पर्यटक प्रदेश २ मा भित्र्याउनसकिन्छ। तर भारतीय ल्याउन पनि प्रदेश २ सँग जोडिएका सडकको अवस्था नाजुक छ। पूर्वाधारको चुनौती एकातिर छँदै छ भने अर्कोतिर जनशक्तिको गुणस्तर र दक्ष जनशक्तिको अभाव पनि देखिन्छ। होटललगायत पर्यटनका अन्य क्षेत्रमा आवश्यक जनशक्तिको अभाव छ। पर्यटकलाई दिने सेवा तथा सुविधा र सेवाहरू पनि उपलब्ध नहुँदा त्यसले झन् नराम्रो असर पार्छ। प्रदेश सरकारले यसतर्फ पनि ध्यान दिनु जरूरी छ। अनि मात्र नेपाल भ्रमण वर्ष सफल हुन सक्छ। प्रदेश २ अन्य धार्मिक तथा सांस्कृतिक धरोहरहरूको प्रचार प्रसारमा ध्यान दिएको छैन। रामायण सर्किट बनाउने घोषणा भइसकेको छ तर त्यहाँका धार्मिक तथा सांस्कृतिक स्थलहरूको प्रचारमा सरकार अहिलेसम्म चुकिरहेकै छ। विगतमा मधेशलाई सरकारले थिचोमिचोमा पाऱ्यो, विभेद गऱ्यो, अधिकार दिएन लगायतका कुराहरू यथार्थ हो तर, अहिले त शासन सत्ता त्यहींका जनप्रतिनिधिको हातमा छ। सांस्कृतिक धरोहरहरूको प्रचार प्रसार भइरहेको देखिँदैन।

सातको सात बात

मिथिला मध्यमा परिक्रमा नेपाल र भारत दुवै देशको जनताको साझा संस्कृति एवं धार्मिक धरोहर हो। यसले दुवै देशको जनताबीचको सम्बन्धलाई सुमधुर बनाउनुका साथै संस्कृति आदानप्रदान पनि गर्छ। यसलाई पर्यटनसँग जोड्न सकेमा दुवै देशलाई आर्थिक लाभ समेत हुनेछ। **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी**

विश्वव्यापी वा क्षेत्रीय कुनैपनि सैनिक गठबन्धनमा नेपाल संलग्न हुँदैन, यो हाम्रो घोषित नीति हो। यही नीति अनुरूप हामी निर्देशित हुन्छौं। दुईपक्षीय सम्झौता अनुरूप नेपाली सेना अन्य मुलुकका सेनासँग संयुक्त तालिममा सहभागी हुनसक्छ। **ईश्वर पोखरेल, उपप्रधान तथा रक्षामन्त्री**

अर्काले दिएको चप्पल लगाउने हामी नेताहरू अहिले सुटबुट लगाएर कसरी चिल्लो कारमा हिँडेका छौं ? म लगायत सबैको सम्पत्ति छानबिनको माग गर्दछु। कुनै एक व्यक्तिका लागि संविधान संशोधन गर्ने होईन, ‘कार्यकारी निर्वाचित राष्ट्रपति, समानुपातिक संसद सहितको वयवस्थाका लागि संविधान संशोधन गर्नुपर्छ। **डा.बाबुराम भट्टराई, अध्यक्ष, समाजवादी पार्टी**

नेकपाले संविधान संशोधनका लागि बनाएको भनिएको कार्यदल कुनै दाउपेच होला, संविधानमा रहेको त्रृटिहरू अध्ययन गर्न मैले नै विज्ञसमुह बनाउने प्रस्ताव लग्दा प्रधानमन्त्रीले मान्नुभएन। अहिले यो विषयमा हामीसँग कुने सरसल्लाह भएको छैन। **उपेन्द्र यादव, अध्यक्ष, समाजवादी पार्टी**

उपेन्द्रजीको बहिर्गमनपछि राजपालाई संघीय सरकारमा सहभागी हुन बारम्बार प्रस्ताव आएको छ। उपप्रधानमन्त्रीदेखि प्रदेश २ को मुख्यमन्त्रीसम्म लिन प्रस्ताव आएको छ, तर हामीलाई जे चाहिन्छ, त्यो दिन सरकार तयार छैन। त्यसैले त्यो बेकारको अफर हो। **राजेन्द्र महतो, अध्यक्षमण्डलका सदस्य, राजपा नेपाल**

नेकपाले बनाएको संविधान संशोधनको कार्यदलबारे हामीलाई कुनै जानकारी छैन। हाम्रो माग सम्बोधनका लागि कार्यदल बनाएको भए हामीसँग सल्लाह हुन्थ्यो। उहाँहरूले पार्टीको आन्तरिक व्यवस्थापनका लागि त्यसो गर्नुभएको होला। नेकपा एक्लैसँग संविधान संशोधन गर्न सक्ने संसदीय हैसियत छैन। **लक्ष्मणलाल कार्ण, प्रमुख सचेतक, राजपा नेपाल**

यो दुई वर्षमा नेकपाको सरकारले एकातर्फ जनविरोधी विधेयकहरूमार्फत संविधान प्रदत्त अधिकार खोस्न उद्यत् भएर संविधानमाथि प्रहार बढाएको छ भने अर्कोतर्फ संविधानप्रति अपनत्वको दायरा बढाउने गरी विभिन्न समुदायका भावना थप गाँस्ने अफ्नै वचनबद्धतालाई अवरूद्ध तुल्याएको छ। **विश्वप्रकाश शर्मा, प्रवक्ता, नेपाली कांग्रेस**

कानूनबिनाको निर्लज्ज राजनीति

विचार-विश्लेषण भाग-६०

उपेन्द्र झा

मधेशको मुद्दालाई गौण गर्दै समाप्त पार्ने उद्देश्यले केपी शर्मा ओलीले विस्तारै मधेशका राजनीतिक अगुवाहरूलाई आफ्नो प्रभावमा ल्याएर नै यसको औचित्य समाप्त भैसेको भनेको थियो। तर मधेश आन्दोलन अधुरो छ। षड्यन्त्रपूर्ण ढंगले दबाइएको मधेश मुद्दाको आवाज कुनै बेला सतहमा आउन सक्छ।

विधिको शासनको दावा गर्ने सरकार आफैले कानून मिचेर शासन चलाउन खोज्यो भने राजनीतिक अराजकता बढ्छ नै, सरकारको लोकप्रियता पनि हराउँछ। शक्तिशाली सरकारले देश विकासको क्षेत्रमा उल्लेखनीय कार्य गर्नुको साटो स्वेच्छाचारिता, पक्षपातपूर्ण व्यवहार, भ्रष्टाचार, स्वार्थान्धता, नैतिकविहीन कार्यहरूलाई बलपूर्वक अगाडि बढाएका कारण कानूनी राज्यको खिल्ली नै उडाएको देखिन्छ।

नेकपा सरकारको निर्माणदेखि जनअपेक्षा पूरा हुने तथा देशको यावत् समस्या समाधान हुने जनताको आशा सरकारको दुईवर्षे कार्यकालमा मेटिएको छ। सुरूवातको दिनमा राजनीतिक अनुकूलता पाएर सरकारले वाहवाही कमाए पनि भ्रष्ट आचरण भएका व्यक्तिहरूको घेराबन्दीमा निजी स्वार्थबाहेक सरकारले देशको स्वार्थलाई नजरअन्दाज गर्दै गयो। बहुमतको मदमा स्वेच्छाचारितालाई अगाडि बढाउँदा यो कानून सम्मत हो कि होइन, त्यसको लेखाजोखा नगरी बलपूर्वक कानून मिच्दै जाँदा शासनको निरंकुशता प्रष्टिँदै गएको छ।

भ्रष्टाचारको छानबिन गराउनु देशको रोगको निवारण हो भने आफ्नो मानिसलाई बचाउने प्रयास प्रधानमन्त्रीको पक्षपातपूर्ण व्यवहार हो। यसले विधिको शासनलाई अनैतिक बनाएर अराजकता फैलाउँछ। सरकार विरूद्ध असन्तुष्टता र आक्रोश संगठित हुन थाल्दछ। सरकारको चारैतिर आलोचना भएपछि सरकार असक्षम रहेको पुष्टि हुन थाल्दछ। वर्तमानमा यही सत्य आलोकमा आएको छ। चौतर्फी आलोचना भइरहँदा सरकारले आफ्नो स्वेच्छाचारितालाई छाडेको छैन। भर्खरै आफ्नो जन्मदिन मनाउँदा डेढ करोडको खर्च, नेपालको नक्सा आकारको केक ल्याउन हेलिकप्टर प्रयोग गरिएको, नेपालको नक्सा आकारको केक काटेर खाएको आदि कुराहरूले प्रधानमन्त्रीको स्वेच्छाचारिताको स्पष्ट नमूना दर्शाउँछ। प्रधानमन्त्रीको आशय जेसुकै होस्, नेपाल नक्साको केक काटेर खाएकोबाट राष्ट्रिय भावनाको कठोर अपमान भएको भन्दै चारैतिर व्यापक आलोचना भएको छ।

कानून मिचेर अनैतिक क्रियाकलापको विरूद्ध जनगुनासो तीव्र भएको अवस्थामा आत्मालोचनाको सट्टा मेरो राम्रो कामलाई मिडियाले ढाकछोप गरी मेरो विरूद्ध प्रचारप्रसार बढाएको भनेर स्वेच्छाचारिताको नाङ्गो चित्र देखाउनु झन् आगोमा घ्यू थप्ने काम भएको छ। प्रधानमन्त्रीको यो वाक्यांशले आफ्नो लोकप्रियता समाप्त भएको साबित गर्दछ। विपक्षले मात्र होइन, आफ्नै पार्टीका कतिपय शिर्षस्थ नेताहरूले केपी शर्मा ओलीको कडा शब्दमा आलोचना गरेका छन्।

भारतको कट्टर समर्थकमा नाम कमाएका केपी ओलीले प्रधानमन्त्री नरेन्द्र मोदीको विरोध गरी कथित राष्ट्रवादी शक्तिलाई संगठित पार्न तथा चीनसँग गहिरो मित्रता गाँस्न ठूलो सफलता प्राप्त गरेको थियो। त्यहीं राष्ट्रवादी शक्तिले केपी शर्मा ओलीलाई आफ्नो नेतृत्वमा शक्तिशाली सरकार बनाउन सहयोग गऱ्यो। त्यहीं राष्ट्रवादी शक्तिको नाइकेको भूमिकामा उदित केपी शर्मा ओली अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशन रणनीतिसँग सम्बन्ध बनाउँदा कथित राष्ट्रवाद आहत भयो। प्रधानमन्त्री ओलीले अमेरिकासँग सम्बन्ध बनाउँदा चीनसँगको सम्बन्ध विषयमा पनि गम्भीर देखिएन। केपी शर्मा ओलीलाई राजनीतिक रूपले ऐतिहासिक हैसियत प्रदान गर्न चीनको ठूलो योगदान रहेको कुरालाई बिर्सेर सम्बन्धलाई नवीकरण गर्नुको साटो तोड्ने पक्षमा गएकोबाट चीन आश्चर्यमा पर्नु स्वाभाविक हो। चिनियाँ सम्बन्धको मिठासभन्दा अमेरिकी सम्बन्धको नौलो मिठासको स्वाद लिन अगाडि बढेको केपी शर्मा ओलीले दुवै शक्तिलाई बेवास्ता गरेको छ। स्वेच्छाचारिता र भ्रष्ट आचरणको यस्तो उदाहरण कहाँ पाइएला।

नेपालमा चीन विरोधको संकेत मात्रबाट प्रतिक्रिया दिन तयार रहने चीन एमसीसीसँग नेपालको सम्बन्धलाई कसरी बर्दास्त गर्दै होला। नेपालसँग सम्बन्ध बनाउन चीनको प्रतिस्पर्धामा पहिलो मानिएको अमेरिका नेपाललाई आफ्नो प्रभावमा लिएर चीनको प्रभावलाई नेपालबाट समाप्त पार्ने रणनीति सफल पार्न कटिबद्ध रहेको देखिन्छ।

अनावश्यक अनर्गल तथा स्वेच्छाचारिताको तमाशा देखाएर शर्मसार गरेको नेपाली जनतालाई प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान संशोधन गरेर वामदेव गौतमलाई राष्ट्रिय सभामा लगेर प्रधानमन्त्री बनाउने नौलो प्रहसन देखाउन थालेको छ। मधेशीसँग गरेको दर्जनौं सम्झौता रद्दीको टोकरीमा फालिएको छ। त्यसको महत्व र औचित्यप्रति बेवास्ता गर्दै कानूनको खिल्ली उडाएर अहिले हारेका व्यक्तिलाई प्रधानमन्त्री बनाउन संविधान संशोधनको निर्लज्ज प्रयास थालिएको छ।

महन्थ ठाकुरको नेतृत्वमा राजपाका ६ वटै अध्यक्षहरू प्रधानमन्त्री समक्ष संविधान संशोधनबारे ज्ञापन पत्र लैजाँदा संविधान संशोधनको औचित्य समाप्त भइसक्यो। अब विकासको काममा लाग्नुस् भनेर ठाडै शासकीय आदेश गरेका प्रधानमन्त्रीले उपेन्द यादवको संशोधन प्रस्तावलाई स्टप इट भनेर अपमानजनक व्यवहार गरेका थिए।

मधेशको मुद्दालाई गौण गर्दै समाप्त पार्ने उद्देश्यले केपी शर्मा ओलीले विस्तारै मधेशका राजनीतिक अगुवाहरूलाई आफ्नो प्रभावमा ल्याएर नै यसको औचित्य समाप्त भैसेको भनेको थियो। तर मधेश आन्दोलन अधुरो छ। षड्यन्त्रपूर्ण ढंगले दबाइएको मधेश मुद्दाको आवाज कुनै बेला सतहमा आउन सक्छ। अहिले कानून मिचेर अनावश्यक रूपमा गरिने संविधान संशोधनको विरूद्ध सिंगो मधेश आन्दोलित हुने कुरा स्पष्ट छ।

ओली सरकारमा भ्रष्टाचार, नैतिकहीनता आदि तीव्र रूपमा बढेकोले राजनीतिक वृत्तमा असन्तुष्टता व्याप्त भएको छ। प्रधानमन्त्रीको सौभाग्यको सूर्य अस्ताएको छ र दुर्भाग्यको अध्याँरो बढ्न थालेको छ। पतनोन्मुख ओली सरकारको कारण भ्रष्ट आचरण, नैतिकहीनता, सामन्ती निरंकुश व्यवहार तथा कानूनको परिधिभित्र बस्न नचाहने प्रवृत्ति हो। प्रधानमन्त्री ओलीको राजीनामा माग चारैतिरबाट उठ्न थालेको छ। राजनीतिक अनुकूलता ओलीको लागि अभिशाप बन्यो।

janukjha24@gmail.com

“पहिचानबिनाको राष्ट्रियता भ्रम हो ?”



सूर्यदेव यादव
बिराटनगर-१४, मोरङ

भनिन्छ- “फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार” यसै पंक्तिको धरातलमा उभिएर कठोरतासहितको संघर्षसँग जुध्दै डा. सी.के. राउतले नेपाल सरकार र स्वतन्त्र मधेश गठबन्धन बीच भएको ११ बुँदे सम्झौता, विश्वजगतलाई साक्षी राखेर गरिएको सम्झौता हो। यसैको जगमा सन् १८१६ र सन् १८६० को मेचीदेखि महाकालीसम्मको १८०० कि.मि. भूगोलभरी जनमत पार्टीको झण्डामूनि हजारौं जनता, कार्यकताहरू जनजागरण अभियानलाई निरन्तरता दिइरहेका छन्। जसको एउटै मर्म छ-

“हर करम अपना करेगें, ऐ वतन तेरे लिये,
दिल दिया हुँ जान भी देगें, ऐ वतन तेरे लिये”।

हे मातृभूमि आमा ! आमा रोई रहदा भूमिपुत्र सन्तानलाई पिडा हुनु स्वभाविक हो। हे धर्तीपुत्र, सर्वप्रथम आमाको आँसु पोछ, अनि ....। निश्चय पनि आज देशको भूबनोट तथा शासन शैलीलाई अध्ययन मनन गर्ने हो भने पहिचानसहितको स्वायतता, सामाजिक न्यायासहितको समानता, धर्मनिरपेक्षतासहितको प्रत्यक्ष लोकतन्त्रलाई “समाजवादको मूहान भन्नु”अतिश्युक्ति नहोला। जसमा कुनै पनि रंगभेद, विभेद, उत्पीडन, शोषण, दमनको गन्ध रहन्न। “यो फूल तिम्रो हो भने यो मेरो पनिहो र हामी सवैको हो”। परन्तु मौलिक अधिकार (Fundamental Rights) सहितको समाजवादको परिकल्पना गर्नु, त्यसको लागि जनसंघर्ष, जनआन्दोलन वा जनक्रान्तिबाट मात्र सम्भव हुन सक्दछ, जसलाई फ्रान्सेली राज्य क्रान्ति वा भारतीय स्वतन्त्रता संग्राम वा चिनियाँ जनक्रान्ति सँग जोडेर हेर्दा “गाँस-बाँस-कपास, स्वास्थ्य-शिक्षा-रोजगार” को ग्यारेन्टी गर्न सक्नु नै आजको आवश्यकता हो। तर ७० वर्षदेखि सपना नै सपना, जसलाई अभिशापभन्दा अर्को अर्थ नलाग्ला। सायद भारतीय ब्रिटिश शासनसत्ताको बेला स्वायतताकै आधारमा नब्बे प्रतिशतभन्दा बढी प्रहरी जवान तथा प्रशासनिक निकायमा भारतीय मूलकै नागरिक कार्यरत थिए। अपितु सन् १८५७ मा किन सिपाही विद्रोह भयो ? स्वतन्त्र देश इराकमा सम्पूर्ण जनता मुस्लिम हुँदाहुँदै दशकौदेखि सिया र सुन्नीबीच लडाई चलिरहेका छन्, कारण के हो ? नेपालमा मधेश र मधेशी मुक्ति खातिर दशकौदेखि जनसंघर्ष भइरहेका छन्। समाधानको उपाय नखोज्नुको कारण के ? यस्ता दर्जनौं प्रश्न शासकवर्गको अगाडि विद्यमान छ।

द्यतलाग्दो त के छ भने- “पहिचानविनाको राष्ट्रियतालाई वस्त्र विनाको नाङ्गो मानिससँग तुलना गर्नु” उस्तै उस्तै अर्थ लाग्दछ। जस्तो कि भूटानी शरणार्थीको अवस्था, रौहोंगिया शरणार्थी मूसलमानको अवस्थालगायत ....।

यसरी हेर्दा “अब मधेश र मधेशी जनताले आफूलाई निरासमा रहने वा राख्ने होइन, त्यो त कुनै पनि बेला महाभूकम्पको रूप लिएर आउँछ जसलाई राज्यले थाम्न सक्ने अवस्था रहन्न”। फेरी पनि राज्यपक्षले बुझ्नु पर्ने “पहिचान र सामर्थ्य नै राष्ट्रियताको प्रतिक हो” (Identification and power shows the Nationality)। यद्यपि मधेशका धर्तीपुत्र मधेशी जनता, आदिवासी, जनजाती, दलित, मुस्लिम लगायत अन्य जातीय कलस्टरका जनताहरू सामाजिक न्यायमा आधारित समानताको अधिकारबाट बञ्चित रहेका छन्। अपितु, मौलिक अधिकारअन्तर्गत पर्ने जल, जमिन, जंगलको स्वामित्व ग्रहण गर्न सकेको छैन। जुन संयुक्त राष्ट्र संघको अन्तर्राष्ट्रिय अनुबन्ध सन् १९६६ को धारा (१) र (२) को हितविपरित देखिन्छ, जहाँ नेपाल सरकारले हस्ताक्षर गरेको इतिहास साक्षी छ।

स्मरणीय रहोस- गुजराती पहिचान बोकेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, जसको पहिचान गुजराती हो, तर राष्ट्रियता भारतीय। यसरी नै पंजाबी पहिचान बोकेका डा. मनमोहन सिंह, जसको पहिचान पंजाबी हो तर राष्ट्रियता भारतीय। बंगाली पहिचान बोकेका ममता बनर्जी लगायत ....। यी सबैमा पहिचान, सामर्थ्य तथा राष्ट्रियता प्रगाढ देखिन्छ। अब, शासकवर्गले भन्न सक्नु पर्दछ कि मधेशीहरूको पहिचान के हो ? प्रदेश नं. २ को आठ जिल्ला हो त ? सामर्थ्य के हुने ....? टिना, फलाम, प्लाष्टिक (भिखारी)। अनि राष्ट्रियता ....? नेपाली हुने कि मधेशी हुने कि भारतीय ? किनकि अनुहार त भारतीय मूल जस्तो, भेषभूषा, रहनसहन, पहिरन ओडहन सबै भारतीयसँग मिल्दो जुल्दो देखिन्छ। फेरि पनि राष्ट्रियता के हुने ....? यसरी विचार गर्दा मधेशी जनताको राष्ट्रियता माथि जहिले पनि प्रश्नचिन्ह रहेको स्थिति छन्। जसलाई पूर्णरूपले उखालेर नफालेसम्म हाम्रा भावी सन्ततीको राष्ट्रियतामाथि प्रश्नचिन्ह रहीरहन्छ।

“पथ देखो- पथिकनही,
आगे बढो,आगे बढो”।

मधेशको मुद्दा सम्बोधन गर्न नेकपालाई ठूलो अवसर

अहिले समाजवादी सरकारबाट बाहिरिएको अवस्थामा फेरि एकताको कुरा अगाडि बढेको छ। यदि एकीकरण गर्नु छ भने दुवै पार्टीका शीर्ष नेतृत्ववर्ग त्याग गरेर मधेशी जनता, मधेश र देशलाई केन्द्रबिन्दूमा राखेर एकतालाई टुंगो लगाउनुपर्छ। अथवा गर्नु छैन भने आमजनता तथा नेता कार्यकर्ताहरूलाई स्पष्ट पारिदिनुपर्छ।

चन्दा चौधरी

प्रतिनिधिसभा सदस्य तथा महासचिव
राष्ट्रिय जनता पार्टी नेपाल

राजपा-समाजवादी एकीकरण

○ राजपा र समाजवादी पार्टीबीच एकताको बेमौसमी बाजा किन बजाइन्छ ?

– एकीकरणको कुरा बेमौसमीको बाजा होइन। जबसम्म सक्रियरूपमा लागिँदैन तबसम्म एकता हुँदैन। यस विषयमा पार्टीको अहिले आधिकारिक धारणा आइसकेको छैन। एकता गर्नैपर्नेछ भने अध्यक्षमण्डलले अविलम्ब टुंगो लगाउनुपर्छ। अध्यक्षमण्डलले यस विषयमा ठोस निर्णय नगर्दा यस्तो प्रश्न आउने गरिएको छ। गऱ्यो भने कुनै पनि कुरा असम्भव छैन। तर त्यसलाई कति गम्भीरताका साथ लिइएको छ, त्यो महत्वपूर्ण हो। अहिलेको राजनीतिक परिवेशमा एकीकरण आवश्यक छ। जब दुवै पार्टीको मुद्दा, माग र एजेन्डा समान छ भने एकता हुनुपर्ने हो। जतिबेला समाजवादी सरकारमा गयो त्यतिबेलै सरकारमा नगएर एकीकरण गर्नुपर्दथ्यो। समाजवादी सरकारमा गइसक्दा पनि राजपाले समाजवादी सरकारबाट बाहिरिएपछि एकीकरण गर्ने भन्यो। अहिले समाजवादी सरकारबाट बाहिरिएको अवस्थामा फेरि एकताको कुरा अगाडि बढेको छ। यदि एकीकरण गर्नु छ भने दुवै पार्टीका शीर्ष नेतृत्ववर्ग त्याग गरेर मधेशी जनता, मधेश र देशलाई केन्द्रबिन्दूमा राखेर एकतालाई टुंगो लगाउनुपर्छ। अथवा गर्नु छैन भने आमजनता तथा नेता कार्यकर्ताहरूलाई स्पष्ट पारिदिनुपर्छ।

○ त्यसो भए एकताप्रति नेतृत्वपंक्ति गम्भीर छैन ?

– होइन, गम्भीर छैन भनेर म भन्दिँन। किनभने यदि एकताप्रति नेतृत्वपंक्ति गम्भीर नभएको यस्तो कुराको चर्चा नै हुँदैनथ्यो। एकीकरण गर्ने इच्छा छ, गम्भीरता पनि छ। तर, केही सैद्धान्तिक तथा व्यावहारिक कुरा मिलाउन नसकिएको मात्रै हो। नमिलेका कुराहरू मिलाउनका लागि नेतृत्ववर्ग अलि बढी गम्भीरतापूर्वक लाग्नु आवश्यक छ। अर्को कुरा राजपा र समाजवादीका नेताहरू पनि एकढिक्का भएर आउनुपऱ्यो। यदि नेपालमा वैकल्पिक शक्ति निर्माण गर्नुछ भने सबै आआफ्नो पदको लोभलाभ त्याग्नुपर्छ।

○ भनेपछि नेतृत्व व्यवस्थापनमै समस्या देखिएको छ ?

– हो, नेतृत्व व्यवस्थापनमा पनि समस्या छ। दोस्रो, तेस्रो तहका नेताहरूको व्यवस्थापन, जिल्लाका नेता कार्यकर्ताहरूको व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा पनि अहिले टुंगो लाग्न सकेको छैन। यी विषयहरूमा नेतृत्वपंक्तिले गम्भीरतापूर्वक गृहकार्य गर्नुपर्छ। दुवै पार्टीलाई एकीकरण गर्नका लागि कुनै एउटा नेतालाई संयोजक बनाएर बाँकी सबैलाई सदस्य बनाउँदा पनि केही फरक पर्दैन। पदभन्दा पनि कामले चिनाउने हो। नेतृत्व क्षमता हुनुपऱ्यो, पद आफै आउँछ। दुवै पार्टीमध्ये एउटा सर्वमान्य नेतालाई संयोजक बनाई बाँकी सबैलाई सदस्यको रूपमा राखेर एकताको महाधिवेशन गराइयो भने नेपालमा एउटा वृहत् राजनीतिक शक्तिको निर्माण हुनसक्छ।

○ नेताहरूको पद मोहमै एकता अल्झेको हो ?

– राजनीति गर्ने मान्छेमा पदको लोभ हुन्छ नै। यो स्वाभाविक पनि हो। तर, अहिले राजपा र समाजवादीको एकतामा यदि पदका कारण ढिलाइ भइरहेको छ भने यसलाई त्याग्नु आवश्यक छ। त्यसैले एकजना सर्वमान्य नेतालाई संयोजक बनाएर सबै जना समान हैसियतमा बसी एकता गर्ने र पछि एकताको महाधिवेशन गर्नु उत्तम विकल्प हुनेछ। होइन यदि एकता गर्नु छैन भने दुवै पार्टीले आआफ्नो संगठन सुदृढ गर्दै जानुपर्छ। फेरि चुनावका बेला सहकार्य गर्ने पनि विकल्प हुनसक्छ।

○ समाजवादी सरकारमा हुँदा त्यो एउटा बाधक थियो भन्ने अभिव्यक्ति राजपाका नेताहरूको थियो। सबै कुरा मिलिसकेको छ, सरकारबाट बाहिरिने बित्तिकै एकता घोषणा हुन्छ लगायतका कुराहरू राजपाका नेताहरूले किन गर्थे ?

– राजपाले भन्दै आएको थियो कि समाजवादी सरकारबाट बाहिरिएपछि एकीकरणको प्रक्रिया अगाडि बढ्छ। अहिले दुवै पार्टी समान हैसियत छ त्यसले गर्दा नै अहिले फेरि एकताको चर्चा सुरू भएको हो। तर, एकीकरणको कुरामा केमा अड्किएको हो भन्ने कुरा त अध्यक्षज्यूहरूले नै भन्नुहुन्छ। हामी पार्टीका पदाधिकारी भएपनि केन्द्रीय समिति वा पदाधिकारी बैठक अहिले नबसेकोले पनि आन्तरिक कुराहरू हामीलाई थाहा छैन। विगतमा अनौपचारिक वार्ताहरूमा लगभग धेरै कुरा मिलिसकेको मिडियामा आएकै थियो।

○ एकातिर तपाइँहरू एकीकरणको कुरा गर्नु हुन्छ तर, राजपाभित्रै एकता छैन जस्तो देखिन्छ ?

– राजपाभित्र एकता छैन भन्न मिल्दैन। पार्टीभित्र कुनै पनि निर्णय सबै सहमतिअनुसार नै हुन्छ। तर, नेताहरूले अनौपचारिकरूपमा आआफ्ना धारणा राख्दा ती सबै कुरा पार्टीकै धारणा हुँदैन। नेताहरूको पनि आफ्नो व्यक्तिगत धारणा हुन्छन्। अहिले एकताको कुरा चल्दैछ तर यो नै पार्टीको आधिकारिक धारणा हो भन्न मिल्दैन। हाम्रो पार्टीमा केही पनि आन्तरिक विवाद छैन। कुनै राष्ट्रिय एजेन्डा वा मधेशको विषयमा राजपाभित्र कुनै पनि किसिमको मतभेद वा मतभिन्नता छैन।

○ तर, राष्ट्रिय मुद्दाहरूमा राजपाको आधिकारिक धारणाहरू किन आउँदैन ?

– यस विषयमा त शीर्ष नेताहरूले नै भन्न सक्नुहुन्छ। राष्ट्रिय मुद्दाहरूमा हाम्रा पार्टीका अध्यक्षमण्डलका नेताहरूले विभिन्न माध्यमहरूबाट राख्नु नै हुन्छ। तर, पार्टीकै आधिकारिक निर्णय नै भएर आएको छैन। राष्ट्रिय मुद्दाहरूमा राजपाले केही बोल्दैमा त्यो लागू नै भइहाल्छ भन्ने पनि छैन। संघीय संसदमा पनि राजपाका सांसदहरूले विभिन्न राष्ट्रिय मुद्दाहरूमा आफ्नो धारणा राख्नुहुन्छ। तर हामीले बोलेको कुरा लागू नै हुँदैन। त्यो कारणले पनि बोल्नुभन्दा नबोलेकै वेश भनेर पनि चुप लागेर बस्ने अवस्था छ। संविधान संशोधन, सांसद रेशम लाल चौधरी, लाल आयोगको प्रतिवेदन, राजबन्दी नेता कार्यकर्ताको रिहाइ लगायतका विषयमा हामीले कयौंपटक संसदमा आवाज उठायौं तर, हाम्रो आवाज सुनिँदैन। हामी उठाउने गरेका सबै मुद्दाहरू राष्ट्रिय नै हो। हाम्रो पार्टी गठनकै अवस्थादेखि आफ्नो हक अधिकारका लागि लड्दै आएका छौं। राज्यले हामीसँग सम्झौता गर्छ तर कार्यान्वयन गर्दैन। मधेशको सवालमा जहिले पनि तत्कालीन एमाले/माओवादी र कांग्रेस उदासीन नै रहे। मधेशको मत, कर लिने तर अधिकार नदिने नीति अहिले यथावत नै रहेको छ। राणा, राजाहरूले पनि मधेशीलाई अधिकार दिएनन्। अहिले संघीय लोकतान्त्रिक गणतन्त्र आइसक्दा पनि शासकवर्गको मानसिकता परिवर्तन भएको छैन। यी कुराहरू सुधारेर लान सरकारसँग आग्रह गर्छौं। विगतका सरकारहरूसँग स्पष्ट बहुमत थिएन, तर अहिले नेकपाको सरकारलाई जनताले स्पष्ट बहुमत दिएको छ। नेकपासँग अहिले ठूलो अवसर पनि छ कि असन्तुष्टिहरू सम्बोधन गरोस्। मधेश र मधेशी जनताको मुद्दा सम्बोधन गर्न नेकपाका लागि एउटा ठूलो अवसर पनि हो।

राजपा-नेकपा सहकार्य

○ राष्ट्रियसभा चुनावमा नेकपा र राजपाबीच भएको सहकार्य सकिएको हो कि आगामी यात्रामा पनि रहन्छ?

– राजनीतिमा कुनै पनि दलसँग कुनै पनि समय दूरी बढ्छ वा घट्छ भन्न सकिन्न। किनभने राजनीतिमा कोही कसैको स्थायी शत्रु हुँदैन। नेकपासँग हामीले चुनावी सहकार्य मात्रै गरेका थियौं। राष्ट्रियसभामा हाम्रो दुईटै सिट गुम्ने अवस्था थियो। त्यहीं क्रममा हामीले सबै दलसँग सहकार्यका लागि प्रस्ताव राख्यौं। अन्य दलहरूभन्दा नेकपासँग हाम्रो कुरा मिल्यो। त्यसैले तत्कालीन अवस्थामा नेकपासँग सहकार्य भयो। त्यो सहकार्य हाम्रो सफल पनि भयो। आगामी दिनमा सहकार्यका बारे कुनै निर्णय भइसकेको छैन।

○ सभामुख निर्वाचनमा राजपा समर्थक बस्यो। राजपालाई उपसभामुख दिने र त्यसमा पनि तपाइँको नाम चर्चामा छ। यसबारे प्रष्ट पारिदिनोस् न ?

– संविधानतः सभामुख र उपसभामुख फरक-फरक पार्टी र फरक-फरक लिङ्गको हुनुपर्ने स्पष्ट उल्लेख छ। यसमा कुनै दुईमत छैन। चाहेर पनि सरकारले एउटै पार्टीलाई दिन सक्दैन। फरक पार्टी र फरक लिङ्गको हिसाबले अर्को दललाई दिने निश्चित छ। अहिले संघीय संसदमा चारवटा राष्ट्रिय दलमध्ये राजपा तेस्रो ठूलो दल हो। यदि राजपालाई दियो भने अवश्य पनि लिन्छ। किनभने यो संवैधानिक पद हो। सरकारले यदि राजपालाई दिने प्रस्ताव आएपछि राजपाले आफ्नो धारणा सार्वजनिक गर्छ। जहाँसम्म उपसभामुखमा मेरो चर्चा छ, म पनि सांसद हुँ त्यसले गर्दा यो चर्चा स्वाभाविक हो। तर, यसमा पार्टीको निर्णय सर्वमान्य हुन्छ। उपसभामुख महिलाले नै पाउने हो, त्यसले गर्दा विभिन्न पार्टीका महिला सांसदहरूको चर्चा चलिरहेको छ त्यसमा मेरो पनि आएको होला। तर उपसभामुख कुन पार्टीलाई दिने भन्ने कुरा नेकपामाथि निर्भर छ।

○ जसरी सभामुखमा राजपाले नेकपालाई समर्थन गऱ्यो, त्यो हिसावले उपसभामुखमा पनि नेकपाले राजपालाई दिने कुरा पनि भएको होला नि ?

– यस विषयमा अध्यक्षज्यूहरूबीच मौखिक-आन्तरिक कुनै सहमति भएको छ भने हामीलाई थाहा भएन। तर पार्टीमै निर्णय भएको वा छलफल भएको भन्ने कुरा मलाई जानकारी छैन। समर्थक बस्नका लागि नेकपाले राजपालाई आग्रह गऱ्यो होला त्यो बेला हाम्रा प्रमुख सचेतक लक्ष्मण लाल कर्ण समर्थक बस्नुभयो। अब उपसभामुख कांग्रेस, राजपा वा समाजवादीमध्ये कसलाई दिने त्यो कुरा सरकारमाथि निर्भर छ।

प्रदेश २ सरकारमा महिला

○ प्रदेश २ सरकारको मन्त्रिपरिषद्मा महिलासँग विभेद किन ?

– समानुपातिक समावेशिता र समान अधिकारकै एजेन्डामा स्थापित राजपा र समाजवादी पार्टी हो। यसका लागि हामीले संघर्ष गर्दै आएका छौं। प्रदेश २ मा हाम्रो संयुक्त सरकार छ। त्यो सरकारमा एक/एक जना दुवै पार्टीबाट राज्यमन्त्री दिइएको छ। तर, त्यतिले मात्र पुगेन। क्याबिनेट मिनिष्टरमा पनि महिलाको सहभागिता हुनुपर्दथ्यो। यो कुरा प्रदेश मात्र होइन, संघीय सरकारमा पनि कमी छ। जति नियम कानून बनाएपनि व्यवहारमा नल्याएसम्म लागू हुँदैन। संविधानमा महिलाको उपस्थिति ३३% अनिवार्य हुनै पर्ने बाध्यात्मक परिस्थिति भएकोले मात्रै अहिले संसदमा महिलाको सहभागिता देखिएको हो। यदि संवैधानिक बाध्यात्मक परिस्थिति नभएको भए कुनै पनि पार्टीले महिलालाई ३३% प्रतिनिधित्व दिने थिएन। जहाँ बाध्यता छैन त्यहाँ कटौती गरिएको हो चाहे जुनसुकै दल होस्। जब संसदमै महिलाको उपस्थिति ३३% छ भने आपसेआप मन्त्रिपरिषद्मा पनि त्यतिकै सहभागिता दिनुपर्ने थियो। यसैगरी, स्थानीय तहमा पनि ४०% महिला प्रतिनिधित्व बाध्यात्मक परिस्थिति भएकोले महिलालाई स्थान दिएको हो, नभए कुनै पनि पार्टीले महिलालाई टिकट दिँदैनथ्यो। त्यसैले मन्त्रिपरिषद्मा पनि महिलाको ३३% उपस्थिति कानूनमै उल्लेख हुनुपर्छ। यसका लागि संसदबाटै यस्तो कानून ल्याउनुपर्छ।

राजपाको महाधिवेशन

○ राजपाको महाधिवेशनको मिति दुई पटक फेल भइसक्यो। महाधिवेशन गर्ने कि नगर्ने विषयमा राजपा मौन छ। किन ?

– अहिले राजपाभित्र महाधिवेशनको कुनै तयारी देखिएको छैन। समाजवादीसँग एकीकरणकै कुरा चलिरहेको छ। यदि दुवै पार्टीबीच एकीकरण भयो भने एकताको महाधिवेशन गर्ने हो कि। विशेष कारणवश राजपा महाधिवेशनको दुई पटक मिति फेल भइसकेको छ। हामी जिल्ला-जिल्ला भ्रमण गर्दा ग्रासरूटका नेता कार्यकर्ताहरूले राजपाको महाधिवेशन जसरी पनि गर्नुपर्ने आवाज उठाइरहेका छन्। आज हामी जुन स्थितिमा छौं, ग्रासरूटका नेता कार्यकर्ताहरूकै देन हो। उहाँहरूको भावनालाई बुझ्ने हो भने राजपाको महाधिवेशन र एक अध्यक्ष प्रणालीमा जानु अति जरूरी छ।

नेपाल-भारत सम्बन्ध

○ वर्तमान अवस्थामा नेपाल-भारत सम्बन्धलाई कसरी हेरिरहनुभएको छ ?

– नेपालमा जुनसुकै पार्टीको वा जस्तोसुकै सरकार हुँदा पनि नेपाल-भारतबीचको सम्बन्ध जहिले पनि सुमधुर थियो, छ र भविष्यमा पनि रहने नै छ। बीचमा अलिकति केही उतार चढाव देखिए पनि सम्बन्धमा कुनै फरक परेको हुँदैन। किनभने नेपाल र भारतबीच नागरिक-नागरिक, खेत-खलियान, नदी-नाला, रोजगारी, आर्थिक, सामाजिक, धार्मिक, राजनीतिक सम्बन्ध हो। यस्तो सम्बन्धलाई कसैले पनि बिगार्न सक्दैन। नेपालमा केही व्यक्ति छन्, जसले सम्बन्धमा दरार उत्पन्न गर्न खोज्छन्। तर, पनि दुई देशबीचको सम्बन्धमा कुनै पनि किसिमको असर पारेको छैन। म सन् २०१३ देखि नेपाल भारत महिला मैत्री समाजको माध्यमले सक्रियरूपमा नै मैत्रीका लागि काम गरिरहेको छु। नेपाल-भारतबीचको मित्रता सुमधुर बनाउनका लागि बेला-बेलामा नेपाल र भारतका विभिन्न ठाउँहरूमा कार्य गर्दै आएका छौं। बेला-बेलामा दुवै देशका नेताहरूलाई राखेर दिल्ली वा काठमाडौं कार्यक्रम गर्दा सम्बन्धमा कुनै पनि किसिमको असर परेको हामी पाउँदैनौं। कहिलेकाहीं कुनै-कुनै मुद्दालाई लिएर भारतविरूद्ध नेपालमा प्रदर्शन भइरहेको पनि हामी हेर्छौं, जुन एकदम गलत हो। किनभने कुनै पनि छिमेकी मुलुकको विरूद्धमा नाराबाजी गर्ने, झण्डा जलाउने कार्य निन्दनीय हो। यदि कुनै समस्या छ भने हाम्रो देशमा सरकार छ, प्रधानमन्त्रीहरूबीच राम्रो सम्बन्छ, कुटनीतिकरूपमा सम्वाद गरेर समाधान निकाल्नुपर्छ। भारतका जनता नेपालमा छन् र नेपालका जनता भारतमा पनि छन्। नेपाल-भारतबाहेक विश्वमा कहीं पनि दुई देशबीच खुला सीमा छैन। लाखौंलाख नेपाली भारतमा छन्, भारतका पनि हजारौं जनता नेपालमा व्यापार व्यवसाय गरिरहेका छन्। भारतका कयौं व्यापारीहरूले नेपालमा लगानी लगाएका छन्। यो सम्बन्धमा अन्य देशहरूसँग छैन। भारतसँग मात्रै हैन सबै देशसँग मित्रता त्यतिकै सुमधुर राख्नुपर्छ तर नेपाल र भारतबीचको सम्बन्ध विशिष्ट छ। यो कुरा सबैले मानेका छन्। नेपाल र भारतको सम्बन्ध आजदेखिको होइन, राजा र राणाले बनाएको पनि होइन। यो सदियौंदेखि प्राचीनकालदेखिको प्राकृतिक सम्बन्ध हो। यसलाई हामी स्वीकार्नुपर्छ।

○ तर, सम्बन्धमा जुन कुराहरूले उतार चढावको अवस्था सिर्जना गरिरहेको हुन्छ, त्यसको स्थायी समाधान किन निकालिँदैन त ?

– जसरी सीमा विवादका कुराहरू आउँछन्, यसमा त दुवै देशका सरकारले पहल गर्नुपर्छ। कालापानी लगायतका विषयमा अस्ति पनि काठमाडौं लगायतका ठाउँमा प्रदर्शन भयो, भारतको झण्डा जलाइयो त्यो गर्नु हुँदैनथ्यो। किनभने हाम्रो देशमा सरकार छ, भारतको सरकारसँग हाम्रो सरकारको राम्रो सम्बन्ध छ। दुवै देशका प्रधानमन्त्रीले यसका विषयमा कुराकानी गर्नुपर्दथ्यो। सडकमा नारा जुलुस लगाउँदैमा कसैलाई गाली गर्दैमा यो समस्या समाधान हुने होइन। कालापानी, लिम्पियाधुरा लगायतका विवाद आजको होइन, धेरै पहिलादेखिको हो। तर, बेला-बेलामा यसलाई जबर्जस्ती उचालिने गरिएको हुन्छ। यस्ता समस्याहरूको समाधान दुवै देशका सरकारले उच्चस्तरीय तहबाट गर्नुपर्ने हो।

○ सीमामा तारवार, परिचयपत्र लागू गर्नुपर्ने मागहरू पनि उठेको देखिन्छ। यस्ता कुराहरू लागू हुँदा सम्बन्धमा कस्तो असर गर्छ त ?

– दुई देशबीचको सीमामा तारवार लगाउने कि परिचयपत्र लगाउने विषयमा हामीले भनेर केही हुँदैन। किनभने दुवै देशका उच्चस्तरीय तवरबाट नै यसको उपयुक्त निर्णय गर्ने हो। यस्ता कुराहरू लागू भएपनि सम्बन्धमा कुनै पनि नकारात्मक प्रभाव पर्दैन। सदियौंदेखि खुला सीमामा तारवार लगाउन मिल्छ कि मिल्दैन, यो कतिको जायज हो यस विषयमा सीमा विज्ञहरूसँग सल्लाह लिनुपर्छ।

(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)

एकतामा जानुको विकल्प छैन

नवराज सुवेदी

प्रधानमन्त्री केपी ओलीले आफ्नो दुईवर्षे कार्यकालको बारेमा जे जति प्रशंसा गर्नुभएको छ, यसमा जनताले कसरी अनुभूति गरेका छन् भन्ने कुरा नै प्रमुख हो । मूलभूतरूपमा नेपालको विकाससँग प्रश्न जोड्यौं भने कुल बजेटको जुन पुँजीगत खर्च छ, त्यसमा पूरै निराशाजनक छ । एउटा प्रदेशबाहेक अन्य प्रदेशहरूमा मूलभूतरूपले १८ प्रतिशत पनि विकासको खर्च हुन सकेको देखिँदैन । पुँजीगत खर्च हुन नसकेर पुन: राज्यकै ढुकुटीमा फर्किरहेको छ । प्रधानमन्त्रीले त धेरै ठूलठूला वाचा पनि गर्नुभएको थियो, त्योअनुसारको काम भएको पटक्कै देखिँदैन । अहिले उपभोग्य वस्तुहरूमा जुन किसिमले महँगी बढिरहेको छ, जनताले थेग्नै नसक्ने स्थिति बजारभाउको देखिएको छ । त्यसैले, जुन कुराको प्रचारबाजी सरकारले गरिरहेको छ त्यस किसिमको अनुभूति जनतामा भइरहेको छैन ।

हाम्रो पार्टी डेढ वर्षसम्म पनि त सरकारमा रह्यो । र सरकारको असफलताको भागिदार हुँदैन । वास्तविकता के हो भन्ने बुझ्नुपर्छ । खासगरी संसदीय प्रणाली भनेको प्रधानमन्त्रीय प्रणाली हो । यसमा अन्य मन्त्रालयहरूको सहयोगी भूमिका मात्रै हुन्छ, मुख्य भूमिका प्रधानमन्त्रीको हुन्छ । त्यसैले, कतिपय कुरामा हामीले डेलिभरी दिन चाहेर पनि हुनसक्ने अवस्था थिएन । तर, हामीले अधिकतम् प्रयत्न गरेकै हौं ।

कतिपय मन्त्रालय अन्तर्गतका कार्यक्रमहरू जसमा नेपाल सरकारले प्रतिनिधित्व गर्नुपर्ने हुन्छ, कतिपय कार्यक्रमहरू त विश्व स्वास्थ्य संगठनसँग जोडिएका हुन्छन् । त्यसो भएको हुनाले मन्त्री विदेश भ्रमणमा जानै हुन्न भन्ने कुराहरू सान्दर्भिक होइन । विश्व स्वास्थ्य मञ्चहरूमा नेपालको स्वास्थ्य स्थिति के हो, नेपाल कहाँ छ भन्ने बारेमा जानकारी गराउनका निम्ति पनि कतिपय प्रसंगमा विदेश जानैपर्ने हुन्छ । यस विषयमा समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई बदनाम गराउने मनसायले यस्ता कुराहरू प्रचारमा ल्याइएको हो ।

हामी सरकारमा जाने बेलामा नेकपाका नेताहरूले संविधान संशोधन दुई तिहाइले हुन्छ भनेका थिए । त्यसका लागि समाजवादी पार्टी सरकारमा आउनुपर्‍यो, त्यसपछि संशोधन विषय अगाडि बढाउँछौं भन्ने कुरा गरेर नै समाजवादी सरकारमा गएको थियो । त्यसकारणले हामी कुनै अन्य ध्येय वा उद्देश्यभन्दा पनि मूलत: संविधान संशोधनलाई नै केन्द्रमा राखेर सरकारमा गएको थियौं । जब हाम्रो अध्यक्षजी कानून मन्त्रालयमा जानुभयो, त्यसपछि संविधान संशोधनका लागि विषयहरू पहिचान गर्नका लागि विज्ञ समिति निर्माण गरौं भन्ने प्रस्ताव राख्दा प्रधानमन्त्रीले ठाडै अस्वीकार गर्नुभयो । त्यसकारणले समाजवादी पार्टी सरकारबाट बाहिरिनुको अन्य कुनै कारण होइन, हामीसँग गरिएको दुईबुँदे सहमति कार्यान्वयन हुने अवस्था नदेखिएपछि सरकारबाट बाहिरिएको हो ।

संविधानले परिकल्पना गरेका मौलिक हकहरू कार्यान्वयन गर्नका निम्ति ऐन/कानूनहरूको आवश्यकता पर्छ । त्यो मौलिक सबैका लागि आवश्यक छ । करिब ३० वटासम्म कानूनहरू निर्माण गर्ने चरणमा थियौं, पछाडि गरौंला भन्ने कुरा सुरूमा नेकपाका नेताहरूले गरेका थिए । त्यसलाई हामीलाई स्वाभाविकरूपमा लियौं । त्यसपछि हामी ताकेता गर्नेतिर लाग्यौं । त्यतिखेर उनीहरूले संशोधन गर्दैनौं भनेर त भनेन तर जब कानून मन्त्रालयमार्फत् यस्तो प्रस्ताव ल्याइयो अनि हामी प्रष्ट भयौं कि यो सरकारले संविधान संशोधन गर्दैन । त्यसपछि हामी सत्तामा टाँसिरहनुको कुनै औचित्य रहेन ।

समाजवादी र राजपाबीच एकताका लागि विभिन्न चरणमा कुराकानी त भएकै हो । पछिल्लो समय राष्ट्रियसभा निर्वाचनको बेला राजपाले नेकपासँग सहकार्य गर्न पुग्यो । त्यसपछि एकता वार्ता केही हदसम्म पछि परेको हो । अहिलेको अवस्थामा राजपा र नेकपाबीचको सहकार्य पनि समाप्त भइसकेको छ । अहिले फेरि औपचारिक/अनौपचारिक रूपमा एकताका लागि वार्ता र सम्वाद चलिरहेको छ । संविधान संशोधनको सन्दर्भमा हाम्रा मुद्दाहरू मिलिरहेका छन्, संविधान अपूर्ण छ, समावेशिताको विषयमा पनि हामी एक छौं । पहिचानसँगको मुद्दाहरूमा पनि हाम्रो धेरै धारणाहरू मिलेकै छन् । त्यसैले यी दुई पार्टी मिल्यो भने देश र जनताका लागि राम्रो गर्छ । हामी आशावादी छौं, अलिकति समय लाग्ला तर एकतामा जानुको विकल्प छैन ।

विभिन्न संचारमाध्यमबाट पनि र राजपाका नेतृत्व तहका नेताहरूबाट पनि माग सम्बोधन भए सरकारमा सहभागी हुने भन्ने विषय सुनिन थालेको छ । संविधान संशोधनको विषयदेखि लिएर, रेशम चौधरीको रिहाई, विभिन्न कार्यकर्ताहरूमाथि लागेको भुट्टा मुद्दा फिर्ता आदि राजपाका तर्फबाट सरकारमा सहभागी हुन प्रस्तुत गरिएका सर्तहरू छन् । त्यसमा प्रधानमन्त्रीसँग सहमति बन्न सकेको छैन । समाजवादीसँग एकताको विषयलाई लिएर पनि अहिले तत्कालै सरकारमा सहभागी नहुने भन्ने खालका अभिव्यक्तिहरू पनि आइरहेकै छ ।

संविधान संशोधनको विषयलाई लिएर हामीले जनकपुरमा एउटा कार्यशालाकै आयोजना गरेका थियौं । त्यसबाट पनि हामीले यो विषयलाई पार्टीको आन्तरिक फोरममा मात्र नभएर बाह्य फोरमहरूमा पनि संविधान संशोधन अपरिहार्य हो भन्ने विषयलाई अगाडि बढाइराखेका छौं । त्यही सिलसिलामा संविधान संशोधनका सबै पक्षधर राजपा नेपालदेखि लिएर संसदभित्र भएका साना शक्तिहरू, संसदमा प्रतिनिधित्व गरेका दलहरूको पनि संविधान संशोधन होस् भन्ने चाहना अनुरूप उनीहरूसँग निरन्तर हाम्रो संवाद, छलफल भईरहेको छ ।

सरकार भित्र बसेकाहरूले पनि जवाफ दिनुपर्छ । पहिलो संविधानसभामा भएका धेरै विषयवस्तुलाई दोस्रो संविधानसभाबाट संविधान निर्माणको प्रक्रियासम्म आइपुग्दा उल्ट्याउने काम पनि भएको छ । असन्तुष्टिहरूलाई सम्बोधन नगरी अगाडि बढ्ने सरकारको पनि कमजोरी हो । संविधान संशोधन राजपा र समाजवादीको मात्र एजेन्डा होइन, बहिष्करण र बञ्चितीकरणमा परेका विभेदमा परेको सबैका लागि हो । त्यही भएर हामी सबै समक्ष अपिल गर्छौं जनमत बढाउँछौं । देशव्यापी रूपमा संविधान संशोधनको माहोल बनाउँदै लैजाने हाम्रो योजना रहेको छ ।

संसदभित्र र बाहिर पनि प्रमुख प्रतिपक्षको कमजोर भूमिका रहँदै आएको छ । सभामुखको निर्वाचनको सन्दर्भमा, विश्वविद्यालयको पदाधिकारीहरूको बाँडफाँडको सन्दर्भमा, संवैधानिक निकायका कतिपय पदाधिकारीहरूको सिफारिसमा पनि प्रतिपक्षले सत्ताप्रक्षलाई नै सहयोग पुग्ने हिसाबले अगाडि बढेको जस्तो देखिन्छ । यसका बाबजुद पनि हामीले प्रतिपक्षसँग छलफल, परामर्श गर्ने र संविधान संशोधनको पक्षमा उनीहरूको सहयोग र साथ आवश्यक भएको जानकारी गराएर सहकार्य जारी नै राख्दछौं ।

प्रदेश २ सरकारले आफ्नो ठाउँबाट प्रयत्न त गरिरहेकै छ । महिला शिक्षाका सन्दर्भमा, छोरी बिमाका सन्दर्भमा, चेतनाका स्तर वृद्धि गर्ने सन्दर्भमा र सामाजिक विकासका त धेरै कामहरू भइरहेको छ । जनताको आंकाक्षा अल्लि बढी पनि छ त्यसैले सबै आंकाक्षा छोटो समयमै पुरा हुन सक्दैन । प्रदेश २ सरकारले शिक्षा, स्वास्थ्य, बिमा लगायतका दिर्घकालीन योजनाहरू अगाडि बढाएको छ । यो सराहनीय कार्य हो । विकासका आयोजनाहरूमा चुस्त, दुरूस्त रूपमा अगाडि बढाउन, कानुनको कार्यान्वयन गर्न सन्दर्भमा संघीय सरकारले दिनुपर्ने अधिकार नदिएको अवस्थाले पनि असर गरिरहेको छ । तर पनि सरकारले आफ्नो प्रयत्न अनुरूप काम गरिरहेको छ । यदि कतै कमीकमजोरी भएको रहेछ भने हामी सच्चाएर अगाडि बढ्न तयार छौं ।

(समाजवादी पार्टीका उपाध्यक्ष सुवेदीसँग गरिएको कुराकानीमा आधारित)

> अहिलेको अवस्थामा राजपा र नेकपाबीचको सहकार्य पनि समाप्त भइसकेको छ । अहिले फेरि औपचारिक/अनौपचारिक रूपमा एकताका लागि वार्ता र सम्वाद चलिरहेको छ । संविधान संशोधनको सन्दर्भमा हाम्रा मुद्दाहरू मिलिरहेका छन्, संविधान अपूर्ण छ, समावेशिताको विषयमा पनि हामी एक छौं ।

संस्कृति बचाउ, पर्यटक भित्र्याउ अभियान

*Õ= मिथिला र लोक संस्कृति :- मिथिला अथार्त बिदेह देशको राजधानी जहाँ जगत जननी जानकीको जन्म भएको थियो । उनको एउटा सर्वप्रिय नाम मैथिली पनि हो । शिरध्वज जनक मिथिलाका लोकप्रिय राजा थिए । उनी जानकीका पिता थिए । उनी आफ्ना प्रजाको सुखको लागि सदा समर्पित सम्राट्का रूपमा संसारमा सुप्रसिद्ध छन् । मैथिली संस्कृति राजा शिरोमणि जनकको कुलसँग सम्बन्धित छ, किनभने उनी मिथिलाका राजा थिए । मिथिलाको प्रतिपादन गर्ने खालका उक्ति छ '**मध्यन्ते रिपवः यत्र इति**' मिथिला अथार्त जहाँ शत्रुहरूको मन्थन हुन्छ त्यो मिथिला हो । '**गान्धारक सुरूचि जनकं**' अनुसार मिथिलानगरको परिधि सात योजन र सम्पूर्ण बिदेह राज्यको परिधि तीन सय योजन थियो । त्यहाँका राजा निमि ज्ञानी र तपस्वीका साथै बीर पनि थिए । उनले धेर यज्ञ सम्पन्न गरेर यस क्षेत्रको बिस्तृत भुभागलाई पवित्र पारेका थिए । यसरी आफ्नो भुभागलाई बिस्तृत पर्ने क्रममा नियतिको चक्रमा फसेकाले उनले धेरै समयसम्म शासन गर्न सकेनन् । एउटा दिर्घकालिक यज्ञको अनुष्ठानको बिवादमा आफ्ना पुरोहित बशिष्ठसँग शपित भएपछि उनको जीवनको अन्त्य हुन् गयो । उनी नि:सन्तान भएका कारणले ऋषि, मुनी, सन्त र साँधु समेत मिलेर याज्ञिक प्रक्रियाद्धारा उनको मृत शरीरको मन्थन गरी एउटा प्रतापी र प्रतिभाशाली राजकुमारको जन्म गराइयो । जसको नाम **मिथि** राखियो ।*

राजा मिथि पनि महान् प्रतापी राजा भएर लामो समयसम्म शासन् गरे । उनले एउटा नगरको शिलान्यास पनि गरे र उनकै नामबाट नगरको नाम नै मिथिला रहन गयो । राजा मिथिको मृत्य शरीरलाई याज्ञिक प्रक्रियाद्धारा मन्थन गरिएकाले र उनको जीवांश मिथिको शरीरमा राखिएकाले मिथिलाई बिदेह भनियो र उनकै स्मृतिमा नैमिकाननको नयाँ नाम बिदेह वा बिदेही राखियो र त्यस सम्पूर्ण भुभागलाई मिथिला भनियो । त्यही मिथिला नै राजधानी पनि बन्यो । पछि मिथिला यति प्रसिद्ध हुदै गयो की सम्पूर्ण देशको पर्यायवाची नाम नै मिथिला हुन् गयो र अहिले पनि यो क्षेत्र यसै नामबाट संसारमा प्रख्यात छ । यस प्रकार मिथिलाको अतीत अत्यन्त गौरवशाली, वैभवशाली र महिमाशाली रहेको कुरा सर्वबिदित छ ।

मैथिली संस्कृतिको सजिव स्वरूप आज पनि हेर्न सकिने छ बिभिन्न लोकको लोकोत्सवहरूमा । यहाँका लोकनृत्यहरूमा यस संस्कृतिको स्पन्दन स्पष्ट रूपमा संवेदित भएको महसूस गर्न सकिन्छ । यस क्षेत्रमा लोकप्रिय एवं कर्णप्रिय लोक गीतहरूमा यहाँ बसोबास गर्दै आएका मानिसहरूको सु:ख-दु:ख, उत्कर्ष-अपकर्ष, हास्य-रोदन, उन्नति-अवनतिको नाद अनवरत सुन्न सकिन्छ । सम्पूर्ण मिथिलाञ्चलमा बिभिन्न संस्कृतिक एवं माङ्गलिक अवसरहरूमा मनाईने लोकोत्सवहरूमा जूडशीतल, राम नवमी, जानकी नवमी, बटसाबित्री, मधुश्रावणी, दशै, दीपावली, छठ, बिवाहपञ्चमी र मकर संक्रान्तीको महिमा जति बखान गरे पनि थोरै हुन्छ । त्यस्तै लोकनृत्यहरूमा झिझिया, समाचकेवा, जट-जटिन, झुमर, बटगवणी, समदाउँन, होरी, तिरहुता, चौमासा, छौमासा, बारहमासा, लगनी, कजरी, बसन्ती, चैतावर, मलार, झरनी, डहकन, बिरहा, सोहर, मुडन, उपनयन र बिवाह गीतहरूको सुमधुर स्वरलहरीबाट वर्षभरी सम्पूर्ण मिथिलाञ्चल तरङ्गीत एवं प्रतिध्वनित भइरहन्छ । यी लोकनृत्य र लोकगीतहरू मैथिली संस्कृतिका अमर निधि हुन् । यिनका बारेमा जतिसुकै ब्याख्या, बिवेचना र बिश्लेषण गरे पनि पुग्दैन । लोकसंस्कृतिबिद्हरूका मतानुसार आधुनिक गीत र सङ्गीतको आदिम स्रोत लोकगीत र लोकनृत्य नै हुन् भन्ने कुरा सर्वस्वीकृत भइसकेको छ ।

● मिथिलाञ्चल:- यो मिथिलाञ्चलमा नेपालको २ नं. प्रदेशको सम्पूर्ण जिल्लाहरू र १ नं. प्रदेशका केही जिल्लाहरू पर्दछ । त्यतिमात्र नभई मिथिलाञ्चल क्षेत्र छिमेकी राष्ट् भारतको बिहारमा समेत पर्दछ ।

● मिथिला कला:- मिथिला कला अहिले बिश्वब्यापी रूपमा चर्चा पाई रहेका छन् । मिथिला कलाले मिथिलाबासीको पहिचान बढाउँनमा समेत प्रमुख भुमिका खेल्ने गर्दछ । अहिले खासगरी हेर्ने हो भने मिथिला कला बिश्वब्यापी रूपमा चर्चा पाई रहदाँ मिथिला र मैथिलीको महत्व पनि दिन प्रतिदिन बढन थालेका छन् । यता आएर मिथिला कलाले मिथिला संस्कृति समेत झल्काउँने गर्दछन् । जसका कारण मिथिला कलाको महत्व अनादिकालदेखी नै रहेको पाईन्छ । परापूर्वकालमा मिथिलानी महिलाहरू माटोले बनाएको आ-आफ्ना घरको भित्तामा बिभिन्न आकार र प्रकारको चित्रहरू कोर्ने गरेको देखिन्थ्यो ।

● मिथिला संस्कृति:- मिथिला संस्कृतिको पहिचान खान-पान, रहन-सहन, बोली-चाली, चाल-चलन, रीति-रिबाज र हाउँ-भाउँ तथा पुरूष र महिलाहरूको पहिरन आदिबाट संस्कृति झल्किने गर्दछन । मिथिला संस्कृति अरू संस्कृतिभन्दा धैरै नै फरक रहेको अथार्त मिथिला संस्कृति धैरै नै सराहनीय रहेका छन् । तर समयको परिवर्तनसँगै मिथिला संस्कृति दिनानुदिन धरापमा समेत पर्दै गई रहेका छन् ।

Õ= मिथिलाको चाडपर्वहरू:- बिवाहपञ्चमी, रामनवमी, जानकी नवमी, पञ्चकोशी परिक्रमा भब्य रूपमा मनाउँने गर्दछन । यसका साथै नव वर्षको आगमनको स्वागत गर्दै खुशीयालीमा जुड शितल, हिन्दुहरूको महान चाड बडादशैमा झिझिया दीपावली, महापर्व छठ आदी मिथिलाका प्रख्यात पर्वहरू रहेका छन् । त्यसैगरी जितिया, सामा चकेवा, मधुश्रावणी र श्रावणी पर्व मनाउँन हेतु पुरूषहरू बोल बम अतार्थ काँवर लिएर बाबा धाम जाने र अधिकाँस महिलाहरू श्रावण महिनाभरीको हरेक सोमबारको दिन सोमबारी ब्रत बस्ने पौराणिक प्रचलन रही आएका छन् ।

Õ= मिथिलाको भेषभूषा:- मिथिलाका पुरूषले परम्परागत पहिरनमा धोती, कुर्ता, गन्जी र गम्छा लगाउँछन भने मिथिलानी महिलाहरूले परम्परागत पहिरनमा साडी, ब्लाउज, कुर्ती, सुरूवाल लगाउँछन् । त्यतिमात्र नभई मिथिलानी महिलाहरूले बिभिन्न डिजाईनका चुरा तथा सुन-चाँदीले बनेका बिभिन्न किसिमका गर-गहना आदि लगाउने प्रचलन रहेका छन् ।

● मिथिलाको धरोहर:- मिथिलाञ्चल क्षेत्रमा अनेकौ एतिहासिक कहत्वका पुरातात्विक धरोहर कलात्मक मठ-मन्दिरहरू रहेको पाईन्छ । जुन एतिहाँसिक, साँस्कृतिक र पुरातात्विक महत्वका मठ-मन्दिरहरूमध्येको एउटा प्रमुख हो जनकपुरमा अवस्थित जानकी मन्दिर । मिथिलाका धरोहर ऐतिहासिक, पुरातात्विक र साँस्कृतिक महत्वका मठ-मन्दिरहरूमात्र नभई पोखरी र तलाउँ पनि उतिकै रहेको पाईन्छ ।

● अभियानको उद्देश्य:- यस अभियानको मूख्य उद्देश्यहरू निम्न लिखित रहेका छन ।

(क) हिन्दु धर्म,, संस्कृति र संस्कारको संरक्षण एवम् सम्बर्द्धन गर्नु ।

(ख) नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउँनुमा टेवा पु-याउँनु ।

(ग) मिथिलाञ्चललाई धर्मस्थल तथा पर्यटकीय क्षेत्रको रूपमा चिनाउनु ।

(घ) मिथिलाको सभ्यता, सम्पदा र बिबिधताबारे सबैलाई अवगत गराउँनु आदी ।

Õ अभियानको उपलब्धी:- यस अभियानको मूख्य उपलब्धीहरू निम्न लिखित रहेका छन ।

(क) धर्म, कला, संस्कृति र संस्कारको प्रवर्द्धण हुने छ ।

(ख) नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउँनुमा टेवा पुग्ने ।

(ग) मिथिलाञ्चललाई धर्मस्थल तथा पर्यटकीय क्षेत्रको बारेमा सबैलाई अवगत हुने छ ।

(घ) मिथिलाको सभ्यता, सम्पदा र बिबिधतामा टेवा पुग्ने आदि ।

Õ शोभा यात्राको सजावट:- संस्कृति बचाउँ अभियानको सजावट मिथिला संस्कृति झल्किने दृश्यहरू अंकित जानकी मन्दिरको स्वरूपमा सजाईने छ ।

Õ भजन कीर्तन:- यस अभियानको शोभा यात्रामा कलाकारहरूले मिथिला संस्कृतिसंग सम्बन्धित बिभिन्न गीत संगीत तथा भजन कीर्तन गर्दै जाने छ ।

Õ जिल्लाहरू:- यो कार्यक्रम प्रदेश नं.१ को झापा, मोरंग र सुनसरी, प्रदेश नं.२ को सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा तथा प्रदेश नं.३ मकवानपुर आदि गरी जम्मा १२ वटा जिल्लामा चलाईने छ ।

Õ प्रारम्भ तथा समापन:- यो अभियानको प्रारम्भ झापा जिल्लाको गौरीगंजबाट शुरू भई मकवानपुर जिल्लाको हेटौडामा आएर बिशेष कार्यक्रम गरी समापन गरिने छ ।

Õ मिति:- यो संस्कृति बचाउँ अभियान जानकी नवमीको अवसर पारी यही मिति २०७७ साल बैशाख २० गते शनिबारदेखी शुरू हुने छ ।

Õ स्थान:- यो कार्यक्रमको हरेक जिल्लामा जिल्लाका सदरमुकाम वा जिल्लाका चर्चित शहरमा समितिहरूद्धारा शोभा यात्राको स्वागत गर्नका लागी समारोहको आयोजना गरिने छन् । यसका साथै बिराटनगर, जनकपुर र बिरगंजमा बिशेष कार्यक्रमको आयोजना समेत गरिने छ ।

Õ समय:- यो अभियानको समय करीब १२:३० बजे शुरू भई ३:00 बजेसम्म समापन गरिने समय निर्धारण गरिएको छ । तर सेवा सुबिधाको मध्य नजर गरी जिल्ला अनुसार समयमा परिवर्तन समेत हुन सक्ने छ ।

Õ शोभा यात्राको स्वागत:- यो अभियान कार्यक्रमको हरेक जिल्लामा प्रमुख अतिथि छानिएका ब्यक्तिले शोभा यात्राको स्वागत गरिने छ ।

Õ एलबम बिमोचन:- यस मिथिला संस्कृति समाज नेपालको उद्देश्य लक्षित गीति एलबमको बिमोचन झापा जिल्लाको बिशेष कार्यक्रम मार्फत गरिने छ ।

Õ सम्मान बितरण:- यस अभियानमार्फत संस्कृतिको संरक्षण गर्ने कार्यमा योगदान पु-याएकाहरूलाई सम्मान समेत गरिने छ ।

Õ प्रमाण-पत्र बितरण:- यस मिथिला संस्कृति समाज नेपालको सदस्यता लिएका ब्यतिहरूलाई समारोह मार्फत नै संस्थाको सदस्यता प्रमाण-पत्र बितरण गरिने छ ।

Õ सौजन्य:- यस संस्कृति बचाउँ अभियानका सौजन्य श्रीराम हनुमान आराधना मण्डल नामक धार्मिक संस्था रहेका छन ।

Õ सहभागीहरू:- मिथिलाका चर्चित समाजसेबी, राजनीनिकर्मी, मानव अधिकारकर्मी, ब्यापारी, बिभिन्न पेशाका पेशाकर्मीहरू तथा समाजिक संघ-संस्थाका प्रतिनिधीहरू लगायत मिथिला र मैथिलीप्रति चाँसो राख्ने तथा समाज सेवामा रहेका प्रमुख ब्यक्तिहरूको बिशेष उपस्थिती रहने छन् ।

Õ प्रचार प्रसार:- यस अभियानको राष्ट्रिय स्तरका दैनिक पत्रिका, एफ.एम.रेडियो र टेलिभिजनका साथै स्थानीय मिडीयाहरूबाट समेत प्रसार प्रसार गराउँने छ । यसका साथै हरेक जिल्लामा पर्चा-पम्पलेट र माईकिंग समेत गराईने छ ।

Õ जिल्ला अध्यक्ष तथा संयोजक:- मिथिला संस्कृति समाज नेपालका जिल्लाका अध्यक्ष तथा संयोजकहरूको नाम यस प्रकार रहेका छन् ।

१ श्री हुलास राजबंशी गौरीगंज, झापा
२ श्री पुलिस बिश्वास बिराटनगर, मोरंग
३ श्री बेचन यादब ईनरूवा, सुनसरी
४ श्री कनक लाल साह राजबिराज, सप्तरी
५ श्री ईनरदेब यादब लहान, सिरहा
६ श्री रंजीत चौधरी जनकपुर, धनुषा
७ श्री शिशिर कुमार साह बर्दीबास,महोत्तरी
८ श्री राम बहादुर महतो लालबन्दी, सर्लाही
९ श्री शैलेन्द्र सिंह गौर, रौत्तहट
१० श्री मुनी लाल साह कलैया, बारा
११ श्री शिव कुमार साह बिरगंज, पर्सा
१२ श्री राम मनी पौडेल हेटौडा, मकवानपुर

मधेश अपडेट

फेरि क्रान्तिको सुरूवात हुन्छ : यादव

इमरान खान, कपिलवस्तु । समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले विभेद जारी रह्यो भने फेरि क्रन्तिको सुरूवात हुने बताएका छन् । सरकारलाई जवाफ दिनको लागि समाजवादी पार्टी आन्तरिक गृहकार्यमा जुटेको पनि उनले बताए । समय आएपछि मधेशका जनताहरूले सरकारलाई जवाफ दिनेछन्, सरकारले मधेशी जनताको हक अधिकार अझै दिएन भने ठुलो क्रन्ति हुने सम्भावना छ यादवले भने । समाजवादी पार्टीको कपिलवस्तुमा भएको आमसभामा बोल्दै यादवले यस्तो बताएका हुन् । उनले भने मधेशमा अझै नागरिकताको विभेद रहेको छ । धेरै नागरिकले आझै नागरिकता पाएका छैनन् । नागरिकता नपाउने वास्तविक नेपालीहरू भने धेरै रहेको उनले बताए । नेपाल बन्नुभन्दा धेरै अगाडिदेखि यहाँ बसोबास गर्ने थुप्रै नेपालीका सन्तानले नागरिकता पाउन सकेका छैनन् । 'नेपालमा धेरै ठूला माफियाहरूले नागरिकता पाए । यहाँका आदिवासीले भने अहिलेसम्म नागरिकता पाएका छैनन् पार्टी अध्यक्ष यादवले भने, 'पैसा र अनुहार हेरे नागरिकतामा विभेद नगरियोस् ।' आफूहरू विदेशीलाई नागरिकता दिनुहुन्न भन्ने पक्षमा रहेको भन्दै उनले लिने र दिने दुबैलाई कारबाही गर्नुपर्ने बताए । तर, नेपाली नागरिकका सन्तानलाई नागरिकता बिहीन बनाउन नहुने बउनको भनाई थियो ।

सरकार परिवर्तन दिवास्वप्न : मुख्यमन्त्री

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले प्रदेशको सरकार परिवर्तन हुने सपना नदेख्न सुझाएका छन् । संघीयतालाई धरापमा पार्न केही नेताहरूले प्रदेश २ को सरकार ढाल्ने दाबी गरेको उनले बताए । नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले जनकपुरमा प्रदेश २ को सरकार परिवर्तनका लागि कुराकानी भइरहेको बताएको दुई दिन पछि राउतको धारणा आएको हो । मुख्यमन्त्री राउतले प्रचण्डको नाम नलिइ सरकार परिवर्तनको सपना नदेख्न आग्रह गरे ।स्व. महेन्द्र नारायण निधिको ९८ औं जन्म जयन्ती दिवसको अवसरमा नेपाली कांग्रेसले जनकपुरधाममाआयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री राउतले भने, 'केही नेताहरू प्रदेश सरकार परिवर्तनको सपना देखिरहनु भएको छ । त्यस्तो सपना नदेखे हुन्छ ।' नेपालको लोकतान्त्रिक आन्दोलनमा स्वर्गीय निधिले खेलेको भूमिका सदैव स्मरणीय रहने बताए ।

"क्यान्सरभन्दा खतरनाक लभ जिहाद"

बीरगंज । हिन्दू परिषद् नेपालका केन्द्रीय अध्यक्ष सन्तोष पटेलले क्यान्सरभन्दा खतरनाक लभ जिहाद रहेको बताएका छन् । महोत्तरी जिल्लाका संचारकर्मीहरूसँग कुराकानी गर्दै अध्यक्ष पटेलले वर्तमान अवस्थामा देशको बिभिन भागमा सुनियोजित तरिकाले मुस्लिम युवाहरू हिन्दू दिदिबहिनीहरूको सिकार बनाइरहेको आरोप लगाएका छन् । 'विशेषगरी आर्थिक लोभ र प्रेमजालको माध्यमले पहाडी र हिमाली जिल्लामा व्यापक रूपमा हुँदैछ र तराईका जिल्ला पनि अछूतो छैन', उनले भने । उनले लभ जिहाद गर्ने केटालाई पुरस्कृत गर्ने गरेको कुरा सुन्दा आफु आश्चर्यचकित भएको बताए । पटेलले भने, 'त्यति मात्र कहाँ हो र चाइनीजले त प्रेम विवाह गरी चाइना लगेर देह व्यपार गराइरहेको तथ्य समेत मिडियामा सार्वजनिक भइसकेको छ ।' सम्पूर्ण नेपाली दीदीबहिनीहरूलाई समयमा सजग र सतर्क हुन पटेलले आग्रह गरेका छन् । नेपाल सरकार र देशको जिम्मेवार राजनीतिक दलहरूलाई यस्ता विषय गम्भीर रूपमा लिन समेत आग्रह गरेका छन् । एक फरक प्रसंगमा उनले भने, 'भारत, पाकिस्तान, बंग्लादेश, अफगानिस्तान, श्रीलंकाबाट नेपाल आउने रोहंगिया मुसलमान नेपालका लागी घातक रहेकोले समयमा नरोकिए राष्ट्रियताका लागि खतरा हुनेछ ।'

सशस्त्र प्रहरी र एसएसबीबीच सहमति

रौतहट । रौतहटस्थित सशस्त्र प्रहरी र भारतीय सशस्त्र सीमा बलबीच ५ बुँदे सहमति भएको छ । भारतको बैरगनियामा भएको दुईपक्षीय बैठकमा उक्त सहमति भएको हो । दुईपक्षीय बैठकमा सिमावर्ती क्षेत्रमा सशस्त्र र एसएसबीको संयुक्त गस्ती गर्ने, दशगज्जा क्षेत्रको सफाई अभियानलाई निरन्तरता दिने, सीमा क्षेत्रमा अपराधिक गतिविधि न्युनीकरण गर्न सूचना आदानप्रदान गर्ने सहमति भएको छ । त्यस्तै सीमाक्षेत्रमा लागुऔषध ओसारपसार नियन्त्रण गर्ने, भूमिगत सशस्त्र समूहको गतिविधिमा निगरानी गर्ने सहमति भएको छ । रौतहटस्थित सशस्त्र प्रहरीबल र बैरगनियास्थित एसएसबीको दुईपक्षीय प्रयासबाट यसअघि रौतहटसंग जोडिएको ३२ किलोमिटर सिमाना तथा दशगज्जामा अतिक्रमण गरी दुबैतर्फका स्थानीयले निर्माण गरेका घर, टहरा, गोठ र दशगज्जामा भारतीय पक्षले राखेको विद्युतको पोल समेत हटाएको थियो ।

नेपाली सीहित्य महोत्सव सुरू

कैलाली । धनगढीमा बुधबारदेखि विश्व नेपाली साहित्य महोत्सव सुरू भएको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले महोत्सवको उद्घाटन गरिन् । महोत्सवको उद्घाटन गर्दै उनले-सुदूरपश्चिम प्रदेश कला साहित्य र संस्कृतिको उर्वर भूमि भएको बताएकी छिन् । राष्ट्रपति भण्डारीले सुदूरपश्चिम प्रदेश मौलिक परम्परा रहनसहन र भेषभुषाको विशिष्ट पहिचान बोकेको भन्दै प्रशंसा गरेकी हुन् । राष्ट्रपति भण्डारीले पहलमानसिंह स्वार र जयपृथ्वीबहादुर सिंहलाई समेत स्मरण गरिन् । 'यो प्रदेश मौलिक परम्परा रहनसहन र भेषभुषाको विशिष्ट पहिचान बोकेको प्रदेश हो,' उनले भनिन्, 'पहलमानसिंह स्वार, जयपृथ्वीबहादुर सिंहलगायतको अमर स्रष्टाहरूको प्रदेशमा मात्रै होइन देशमा पनि अतुलनीय योगदान रहेको छ ।' विश्व साहित्य महोत्सवले विश्वभरी छरिएर रहेका नेपालीबीच भाषिक तथा भावनात्मक एकता पवर्द्धन गर्न महत्वपूर्ण भूमिका निर्बाह गर्ने राष्ट्रपति भण्डारीले बताइन् । 'नेपाली भाषा विश्वको उन्नत भाषाको रूपमा रहेको छ,' उनले भनिन्, 'यो राष्ट्रिय एकतालाई प्रवर्धन गर्ने महत्वपूर्ण माध्यम बनेको हो ।'

"कृषिमा आत्मनिर्भर हुन आवश्यक"

विराटनगर । विराटनगरमा साढे पाँच करोडको लागतमा सूर्योदय मिल्क एण्ड बेभरेज उद्योग स्थापना भएको छ । उद्योगको उद्घाटन गर्दै मुख्यमन्त्री शेरधन राईले प्रदेश सरकारले कृषि उत्पादनलाई उच्च प्राथमिकतामा राखेको बताए । उनले कृषिलाई वैज्ञानिकीकरण गरी पूर्णरूपमा व्यावसायिक बनाउन प्रदेश सरकारले कृषि अनुदान कार्यक्रम अघि सारेको जानकारी पनि दिए । मुख्यमन्त्री राईले प्रदेशले दूध उत्पादनमा पूर्णरूपमा आत्मनिर्भर भइसकेकाले अव दूग्धजन्य वस्तु उत्पादनमा समेत आत्मनिर्भर बन्नुपर्ने बताए । दूग्धजन्य पदार्थको उत्पादनसँगै बिक्री वितरण गर्ने उदेश्यले स्थापना गरिएको उद्योगको बुधबार प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले उद्घाटन गरेका हुन् । प्रदेश नं. १ का भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री रामबहादुर रानाले कृषिलाई व्यावसायीकरण गर्दै त्यसलाई उद्योगसँग जोड्नु आवश्यक रहेकोमा जोड दिए । विराटनगर १४ स्थित जतुवामा स्थापना भएको सो उधोगको दैनिक २० हजार लिटर दूध संकलनसँगै प्रशोधन गरेर बिक्री वितरण गरिने उद्योगका सञ्चालक मनोज यादवले जानकारी दिए ।

मानव कल्याणका लागि शान्ति पदयात्रा

गौर । समस्त मानव जीवन सुखशान्ति तथा समृद्धिका लागि गौरमा परमात्मा अनुभूति शान्ति पदयात्रा गरिएको छ । ८४ औं त्रिमुर्ति शिव जयन्तीको अवसरमा बह्मकुमारी राजयोग सेवा केन्द्र गौरको आयोजनामा समस्त मानव कल्याणर्थका लागि परमात्मा अनुभूति शान्ति पदयात्रा निकालिएको हो । बह्मकुमारी राजयोग सेवा केन्द्र अगाडिबाट विभिन्न कला, संस्कृति, पहिरन भगवान् शिवको भेषभुषामा भाँकीसहित शनिवार गरिएको पदयात्रा गौरको विभिन्न भागमा परिक्रमा गरिएको थियो । पदयात्राको उद्घाटन गर्दै जिल्ला समन्वय समिति रौतहटका अध्यक्ष रामएकवाल राय यादवले भगवान् शिवको महिमाबारे प्रकाश पार्दै मानव जीवनमा सुख शान्ति तथा समृद्धिका लागि बह्मकुमारी सेवा केन्द्रमार्फत राजयोग ध्यान सिक्न आग्रह गरे ।

परीक्षण ल्याबको स्थापना हुने

नेपालगन्ज । पश्चिम नेपालका थारू समुदायमा मात्र देखिएको सिकलसेल एनिमिया रोगको परीक्षण गर्न कोहलपुरमा ल्याब स्थापना गरिने भएको छ । यसअघि सो रोगको परीक्षण सुविधा नेपालगन्जस्थित भेरी अस्पतालमा मात्र थियो । सिकलसेल एनिमिया रोगको परीक्षण मेसिन नहुँदा रोगको पहिचान गर्न समस्या भएकाले ल्याब स्थापना गर्न लागिएको कोहलपुर नगरपालिकाले जनाएको छ । कोहलपुरमा सिकलसेल एनिमिया रोगसम्बन्धी ल्याब स्थापना गर्न केन्द्र सरकारबाट यो वर्ष एक करोड १० लाख रूपियाँ बजेट प्राप्त भएको कोहलपुर नगरपालिका प्रमुख लुटबहादुर रावतले जानकारी दिए । सिकलसेलको चेकजाँच मेसिन नहुँदा रोगको पहिचान गर्न समस्या रहेकाले ल्याब स्थापनाका लागि बजेटको माग गरिएको जानकारी दिँदै उनले अब बजेट प्राप्त भयो केही समयभित्रै काम सुरू गरिने बताए ।

मोदी सरकारलाई आतंकवाद तथा छिमेकका चुनौतीहरू

मनोज कुमार कर्ण

भारतको प्राचीन वैशाली गणतन्त्र विश्वकै सबभन्दा पुरानो गणतन्त्रात्मक राज्य हो। यहाँ विभिन्न कालखण्डमा टर्कीलगायत अन्य मुस्लिम देशहरूबाट हिन्दूलाई विध्वंस गर्न शासक बन्न आएपनि यो देश सदैव सनातन धर्मावलम्बीको रहेको छ। मुस्लिम थीममा पाकिस्तानको पक्षमा रहेका टर्की तथा मलेसीया भारतको विपक्षमा विश्व मञ्चमा उभ्दै आएका छन्। आज मुस्लिम बाहुल्य भईसकेको ऋषीको नाममा बसाइएको उनै कश्यप ऋषीको कश्मिर राज्य हो जसको भौगोलीक बनोटको आधारमा काठमाडौं र पछि पोखरामा मानव वस्ती बसाईएको भनी भारतीय भूगोलविद्हरूको खोज हो । अर्थात्, कश्मिरको भौगोलिक, शहरी विकास, वातावरण आदि अध्ययन गर्‍यौं भने त्यो नेपालका यी शहर वा भनौं राजधानीको लागि पर्याप्त छ, जतातिर नेपाली विद्वान, मिडिया तथा सरकारको ध्यान गएकै छैन। यस लेखमा भारत जस्तो श्रीराम तथा श्रीकृष्ण जीवनलीला बिताइसकेका सनातनीहरूको जननी देश विभिन्न कालखण्डमा अन्य असहिष्णु धर्मावलम्बीको शिकार भएर सरकार आज सेक्युलर अर्थात् धर्मनिरपेक्षको रूपमा सबैको समान विकास कार्यमा लागे पनि कसरी र कुन-कुन रूपमा भारत र हिन्दूभित्र द्रोही विचार बोकेका केही जमात् तथा तिनका विभिन्न राजनैतिक दलको भेषमा रहेका केही नेताको वैचारीक आक्रमणको शिकार प्रतिदिन भईरहेको छ तथा उनीहरूको नजिकको छिमेकी चीन, नेपाल, पाकिस्तान र वैश्विक सम्बन्धको जालो कसरी फैलिएको छ, त्यसलाई प्रकाश पार्नु हो।

यसभित्र नेपाली केही मीडियाकर्मी तथा नागरिकको भारतविरूद्ध कनेक्सन कसरी छ तथा नेपाल सरकार कसरी केही नबुझेर वा सबै जानेर पनि कानमा तेल हालेर सुतिरहेको छ, त्यसलाई उजागर गर्नु हो। यी कुराहरूलाई उजागर गर्न यो स्तम्भकार बीजेपीका राष्ट्रिय सभाका सांसद डा. सुभाष चन्द्राका राष्ट्रिय टिभि जी-न्यूजका एडिटर-ईन-चीफ् सुधीर चौधरीका डिएनए (डेली वा डिटेल्ड् न्यूज एनेलाईसिस्)का केही शब्दाबलीहरू पैंचो लिन चाहन्छ। जसलाई त्यहाँका प्रम नरेन्द्र दामोदार दास मोदी, गृहमन्त्री अमित शाह, कानुनमन्त्री रविशंकर प्रसादलगायत थुप्रै सत्ता तथा विपक्षी दलका नेताहरू पनि पैंचो लिएर आफ्नो राजनीतिक आक्रमण प्रतिद्वन्द्वीमाथि गर्न प्रयोग गर्छन्। तर मर्म भने पूर्णत: यो स्तम्भकारको हो। यो स्तम्भकारको सरोकार नेपाललाई बचाउनु, सुतेको वा 'सुतेको' नेपाल सरकारलाई ब्यूँझाएर कर्तव्य पालन गर्न दबाव दिनु तथा वैदिक सनातन हिन्दू धर्ममाथिको मिडिया वा राजनीतिक वैचारिक आवरणमा गरिने विभिन्न आक्रमणलाई छताछुल्ल पार्नु हो जसले नेपाल-भारत आपसी भाईचारा अमर रहोस् र सामाजिक सद्भाव सदैव कायम रहोस् !

'टुकडे-टुकडे तथा आजादी ग्याङ्ग'

भारतको राजधानी दिल्ली, मुम्बईलगायत प्रमुख सहरहरूमा बीजेपी-एनडिएको राष्ट्रवादी तथा बाल्यकालमा चिया बेचेको अर्थात् वास्तवमै वामपन्थीको भाषामा एउटा सर्वहारावर्गको मान्छे नरेन्द्र मोदीको सरकार बनेकामा उनीहरूलाई सह्न गाह्रो भएको मात्रै छैन कि देशलाई वर्षौंदेखि विभिन्न देशसंग विभिन्न डाईमेन्सनमा रहेर भारतलाई आर्थिक, राजनीतिक, भौगोलिक, आतंकवाद आदि रूपमा कमजोर गरि एक दिन भारत तथा हिन्दूलाई नामेट पार्ने अजेण्डा अब 'धराप'मा पर्न गएकोले जुनसुकै तहमा जुन निहुँमा पनि भारतमा हिंसा फैलाउनमा बीजेपीको भाषामा 'व्यस्त' छन्। उनीहरू सरकारले नयाँ कानुन ल्याउन् वा संविधानबाट कश्मिरमा रहेका एउटै देशमा विद्यमान २ झण्डा तथा २ संविधानलाई समाप्त पार्दै धारा ३७० हटाउने कार्य गरून् वा सयकडौं पुरानो अयोध्याको श्रीरामजन्मभूमीबारे कोर्टबाट फूल बेञ्चले मस्जिद पूर्णरूपमा हटाई केवल श्रीराम मन्दिर साविककै स्थानमा बनाउने फैसला गरोस् वा मुस्लिम महिलालाई पतिबाट विभिन्न निहुंमा 'तलाक ! तलाक ! तलाक !' अर्थात् ट्रिपल तलाक अरब, मलेशियाबाट फोनमा वा भारतमा भए सबैको बीचमा भनेकैको भरमा सम्बन्ध विच्छेद गरिनेलाई कानुन बनाई अवैध पार्ने कार्य होस्, यी सबैमा मोदी सरकारलाई घेरेर भारतविरूद्धसमेत नाराबाजी गर्छन्। यिनीहरूले भारतबाट सन् १९४७ मा विधिवत् केवल मुस्लिमको लागि भनेर अंग्रेजको दबावमा महात्मा गान्धिले हैदरावादमा गठित् मोहम्मद अलि जिन्नाहको 'मुस्लिम लीग'को मागमा पाकिस्तान छुट्याए र जिन्नाहहरू उता गएपनि जानीजानी लीग विचारका भारत तथा हिन्दूविरोधीहरू उता नगएकाहरू आज मोदी सरकारलाई हरेक पाईलामा जेएनयु, जामिया तथा अलिगढ मुस्लिम विश्वविद्यालयहरूमा 'हमे चाहिए जिन्नाहवाली आजादी ! हमे चाहिए भारत और हिन्दू से आजादी ! शरजील तेरे सपने को, हम मंजील तक पहुँचाऐंगे ! (शरजील ईमाम भन्ने बिहारको केटो जेएनयुमा हाल पीएचडीको थेसीस लेख्दै छन् जसले मुस्लिमलाई असमलाई भारतसंग जोड्ने एकमात्र बाटो अर्थात् चीकेन नेकमा आजको शाहिन बाग (सरिता विहार र बाँकी दिल्लीलाई जोड्ने जम्मा ५ मिनेटको बाटो बीचमा शाहिन बाग पर्छ) दिल्लीको जस्तो धर्ना बस्न वा हटाउन महिनौं लाग्ने जति फोहर बाटामा फाल्न भन्छन् ताकि असमलाई भारतबाट उता टुक्र्याउन सकियोस्), हम छीन कर लेंगे आजादी ! भारत तेरे टुकडे होंगे ! पाकिस्तान जिंदावाद ! अफजल हम शर्मिंदा हैं, तेरे कातिल जिंदा है !' जस्ता नाराहरू आईएसआईका झण्डासहित लोकतन्त्रमा 'स्वतन्त्रता'को नाममा दिल्लीको जेएनयुलगायत ठाउंमा लगाउँछन् ! नयाँ कानूनको विरोधमा शाहिन बागमा बसेका धर्नार्थीहरूले हिन्दू महिलालाई बुर्कामा देखाएको तथा हिन्दूको स्वस्तिक पवित्र चिन्हलाई छेडछाड् गरी पोष्टर बनाएर झुण्ड्याउंछन् ! केन्द्र सरकारले देशद्रोही हर्कत गर्नेलाई कार्वाही गर्न खोज्दा दिल्लीको आम आदमी पार्टीको अरविन्द केजरीवाल सरकारले दिल्ली पुलीसलाई अनुमति नदिई केन्द्रीय गृहमन्त्रालयलाई चुनौती दिन्छन् भने उनको उपमुख्यमन्त्री मनिष सिसोदियाले आफू शाहिन बाग अर्थात् त्यस विचारसंग उभिएको भन्छन्। यस अलावा आप पार्टीकै अन्य मुस्लिम विधायक, कंग्रेसका केन्द्रीय तथा दिल्लीका नेताहरू, ममता बनर्जीका त्रीणमूल, ओवैसी, लालु, अखिलेश, मायावती, अब्दुल्लाह, मुफ्तिलगायत आजका विपक्षी युपीएका सबै पार्टीका मुस्लिम तथा वामपन्थिहरू जिन्नाहवाला सोचकाहरूले शाहिन बागमार्फत् बीजेपी सरकारलाई घेर्न देशविरूद्धकै हर्कत्लाई जानी नजानी साथ दिन पुगेका छन्। यी विभिन्न प्लेटफर्म तथा निहुंमा भारतलाई नामेटपार्ने 'टुकडे-टुकडे ग्यांग'हरूले दिल्लीको बीचमा तथा सरकारी पैसाले चल्ने जेएनयुमा सरकारविरोधी हरेक दलका शीर्षदेखि स्थानीय नेता तथा देशविरोधी मीडीयालाई सहजै प्रवेश गर्न दिन्छन्, भाषण गर्न दिन्छन् तर सरकारकै मन्त्री, सांसद सुब्रमन्यम् स्वामी, सुरक्षाबललाई प्रवेश गर्न दिंदैनन् अर्थात् दिल्लीमै धारा ३७० सहितको नयाँ कश्मिर जेएनयु, जामिया, अलिगढ मुस्लिम युनिवर्सिटिलगायत धर्नास्थल शाहिन बागहरू बनाईएका छन् जसलाई मोदी सरकारले अब यी 'टुकडे-टुकडे ग्यांग'लाई होलसेल रेटमै 'डील' गर्नुपरेको छ !

'बुद्धिजीवि वा सेलिब्रिटी वा क्यान्डल मार्च ग्याङ्ग'

यी ती व्यक्तिहरूको भारतमा समूह हो जो कोही मुसलमान भारतको कानूनद्वारा नै यदि फाँसीमा परे वा दिनहुँ हिन्दू तथा अन्य धर्मावलम्बीका महिला त्यहाँ बलात्कृतभए झैं केवल मुस्लिम महिला अपराधीद्वारा बलात्कृत भएभने स्वयं प्रम वा मन्त्रीले नै गरेको झैं तुरून्त मोदी सरकारविरूद्ध प्रि-प्लान्ड् स्वत:स्फूर्तरूपमा सडकमा विभिन्न नारा, प्लेकार्ड, ब्यानर तथा मैनबत्ती जुलुस लिएर आईहाल्छन्। त्यतिले नपुगे दर्जनौं वा सयकडौं जनाको समूह बनाएर 'मुस्लिमलाई भारतमा बस्न डर लाग्यो ! हिन्दूबाहेक अब असुरक्षित ! भारतको सेक्युलारिज्म खत्तरामा !' भनी तुरून्त प्रधानमन्त्रीलाई चिट्ठी लेख्छन् र, जब मुस्लिमद्वारा 'जेहाद वा गजबा-ऐ-हिन्द' अन्तर्गत कोहि हिन्दू महिला बलात्कृत हुन्छन् अनि यो ग्यांगलाई बाहिर आउन लकबा तथा कुष्ठरोग लाग्छन्, कोही चुईंक्क बोल्दैनन्। यी त्यस्ता मान्छेहरू हिन्दू अरबौंको जनसंख्याको फिल्म दर्शक बनाएर अरबपति भएका हुन् जो भारतमा महिलाभएर अर्द्धनग्न अवस्थामा समुद्री किनारामा सनबाथ लिन्छन्, बाटामा टौपलेस लुगा लगाएर हिंड्छन् तर कसैले केहि भन्दैनन् जबकि ईस्लामिक शरीयत कानुनमा बुर्काको अनुहारबाहेकका अङ्ग देखाए भने काटिने छन्। र, पनि भारतमा 'डराएका' छन् ! यीनीहरू कश्मिरका स्थानीय पण्तिहरूको मुद्दा हाईलाईट गर्न समूहमैं त्यहाँ घर र चौकमा सामूहिक बलात्कारी गरि पुरूषजतिलाई नरसंहार गरियो, ती घर वा चौकमा कहिल्यै पुग्दैनन् ! यो ग्यांगको लिडरमा कलाकार नसिरूद्दीन शाह, अमिर खान, सबाना आज्मी, सबानाको पति जावेद अख्तर, करिना कपूर, जावेद जाफरी पहिला थिए भने हाल दिपिका पादुकोण, स्वारा भाष्कर, तपसी पन्नुहरू थपिएका छन्। यसै कारणले भारतभरी दिपिकाको धेरै राम्रो फिल्म 'छपाक्क'लाई बाईकट गरियो र आर्थिकरूपमा फ्ल्प पारियो !

'अर्बन नक्सली'

संसारकै उत्कृष्ट व्यवसायिक भारतीय सेना तथा सुरक्षाबलसंग प्रत्यक्ष युद्ध त्यहाँका केही राज्यमा रहेका छापामार वामपन्थि नेक्सेलाईट्स गर्न नसकेको अवस्थामा दिल्ली तथा अन्य सहरमा मीडीयामा पहुँच बनाएकाहरू देश तथा सेना र आमजनताको कुरा नसुनीकन एकतर्फी छापामार तथा हिंसात्मक युद्धको पक्षपोषण गरी मीडीयामा कुरा पुर्‍याउने, विश्वबाट रकम जुटाईदिने समेत काम गर्छन् जस अन्तर्गत भारतीय सुरक्षानिकायले विश्वविद्यालयका कथित् केही विद्वान तथा मीडियाकर्मीलाई सप्रमाण समातेर कार्वाही थालेको छ।

'गजबा-ऐ-हिन्द' तथा 'जेहाद ग्याङ्ग'

भनिन्छ कि १३ औं शताब्दीमैं पैगम्बर मोहम्मदले अल्लाहको सेवामा मुस्लिमबाहेकका धर्मावलम्बी खासगरि हिन्दू र उनीहरूको हिन्दूस्थान अर्थात् विश्वको सबै हिन्दू 'काफीर'लाई मारकाट गरेर, उसको सम्पत्ति लुट्ने, जलाउने, महिलालाई जानीजानी दुष्कर्म गरि तड्पाएर मार्ने र आफ्नो आधिपत्य कायम गर्ने भनेका थिए जसलाई जेहाद छेड्नु भनिन्छ तथा हिन्दूमाथि एक दिन विजय प्राप्त गर्ने सपना भएकोले यसलाई गजबा-ऐ-हिन्दपनि भनिन्छ। जस अनुसार भारतकै जम्मू-कश्मिरमा सन् १९९० मा सबै कश्मिरी पण्डितको धन, सम्पति लुटियो। घर-परिवार अगाडि नै पुरूष तथा बच्चालाई आम कत्लेआम गरियो भने सो अगावै उनका महिलालाई दुष्कर्म गरि गुप्ताङ्ग काटिए ! यी सरीया कट्टर ईस्लामिक कानुन अनुसार उनीहरूको अन्तर्राष्ट्रिय थीम हुन्छ कि जनसंख्या नियन्त्रण गर्न परिवार नियोजन नगर्ने र कुनैपनि देशमा मुस्लिमको जनसंख्या २ प्रतिशत हुन्जेल बाहुल्य भएकै धर्मको 'प्रवाह'मा बस्ने, १६ प्रतिशत जनसंख्या पुग्दा 'अधिकार'माग्न काटमार थाल्ने भने ५० प्रतिशत जनसंख्या पुग्ने बित्तिकै अन्य बाँकी ५० प्रतिशतमाथि एकैचोटी 'गजबा-ऐ-हिन्द' तथा 'जेहाद' छेडी कब्जा जमाउने। यसको प्रत्यक्ष उदाहरण भारतको जाकीर नाईक भगुवा हुन् जो मलेसीयामा हाल महाथिर मोहम्मद सरकारको संरक्षणमा 'शरण'लिई लुकेको छ जो नाईकले भारतमा 'ईस्लामिक रिसर्च सेन्टर'को नाममा विश्वका मुस्लिमबाट अथाह पैसा ल्याई हिन्दू तथा अन्यलाई लोभ, त्रास, धम्कीमा धर्मान्तरण गरि मुसलमान बनाउंथे र भनेका थिए (यु-ट्यूबहरूमा सुन्न तथा हेर्न पाईन्छ) 'यसरी 'गजबा-ऐ-हिन्द' तथा 'जेहाद'मार्फत् भारतमाथि कब्जा गर ताकि शुरूमा उनीहरूलाई स्वाभाविक लागोस् र हाम्रो कुरा स्विकारोस् र हाम्रो कुरा कश्मिरबाट सबै पण्डितलाई उसैको घरबाट धपाएझैं भारतभरिबाट नै एक दिन हामी धपाउन सक्ने छौं !'

'सेक्युलर ग्याङ्ग'

कुनै इलाका वा राज्यलाई देशसंग जोड्ने एकमात्र नाका अर्थात् 'चीकेन नेक'मा हमला गरी भारत टुक्रयाउने, अन्य दिनमा नभई भारतका सिएए, एनआरसी तथा एनपीआर विरूद्ध संविधानको प्रस्तावनाको 'सेक्युलर शब्द' पढ्दै हाथमा भारतीय राष्ट्रिय झण्डा तीरंगा लहराउँदे बजारमा घुम्ने, धर्ना कस्ने तर व्यवहारमा भने भारतविरोधी गतिविधि गर्नेहरू हुन्। यो ग्यांगको भाषामा बीजेपी मुस्लिम महिलाको हीतमा ट्रिपल तलाकविरूद्ध कानुन ल्याउने, सिएए नयाँ कानून अनुसार ६ वटा धर्मावलम्बीहरू हिन्दू, बौद्ध, सिख, जैन, फारसी, क्रिश्चियनलाई बंगलादेश, पाकिस्तान र अफगानिस्तानमा माईनोरिटिमा परीकन धार्मिक उत्पिडनमा भारतमा शरणार्थी भएर नागरिकता दिंदा उ सेक्युलर नहुने तर हिन्दू र भारतविरूद्ध संविधान पढ्दै केवल जिन्नाहको सोच भएका केही लाख मुस्लिमको लागि बोल्ने भारतीय कंग्रेस, वामपन्थि तथा आजका अन्य विपक्षी दल सेक्युलर परिभाषित हुने ? बीजेपीले यी कार्य गर्दा कम्युनल, भोटको लागि गरेको कहलिने अन्य विपक्षीले त्यही गर्दा सेक्युलर कहलिने ! अर्थात्, सेक्युलर ग्यांग भारतमा भारतविरोधी गतिविधिमा निर्लिप्त छन्। सिएए कानुनमा कोहीपनि भारतका जेन्युन मुस्लिमलाईपनि ससम्मान राखिने प्रावधान छ भने पाक, अफ्गानिस्तान, बंगलादेश जस्ता मुस्लिम बाहुल्य देशमा किन एक मुस्लिम अर्को मुस्लिमलाई धर्मको नाममा प्रताडित गर्ने छन् ? मानौं, नेपाल ॐकार परिवार हिन्दू बाहुल्य देशमा अर्को कोहि हिन्दूलाई किन प्रताडना कसैले दिने ? भने विश्वमा ४० वटा ईस्लामिक यानिकि नन्-सेक्युलर देश छन् भने त्यहाँ सीया र सुन्नीको लडाईवाला तीनै देशमा शरणार्थी बनेर जाउन् र विश्वमा हिन्दू वा ॐकार परिवारको बाहुल्य देश केवल भारत तथा नेपाल रहेकामा मुसलमानलाई शरणार्थीको दर्जा नदिईने तर्क गृहमन्त्री अमित शाहले सिएए पारित गर्ने बेलामा लोकसभामा विपक्षीहरूको भारतको सेक्युलर गुण समाप्त पारि बीजेपीले हिन्दू राष्ट्रतिर लम्केको कुतर्कलाई माथि उल्लेखित ६ धर्मलाई एकसाथ शरणार्थीको दर्जा दिने कानुन बनाएर उदांगो पारिदिएको छ। यी सेक्युलर ग्यांग भारत तथा बीजेपी यति प्रत्येक धर्मप्रति उदार रहेकामा पाईला-पाईलामा निहुँ खोज्न आउंछ भने पाकिस्तानमा दिनहुँ हिन्दू, सीख, जैन आदि धर्मकी चेलीबेटीलाई विवाह मण्डप वा घरबाट उठाएर बलात्कार गरि बलजफ्ति ईस्लाम कबूलनामा गराईंदा तथा हिन्दू, सिखका युवालाई दिन दाहाडै पाकमा गोली मारेर हत्या गरिन्छन् भने पाकिस्तानविरूद्ध आवाज उठाएर संसारको हरेक प्लेटफर्ममा एक्ल्याउन मुखमा क्यान्सर लाग्छ भने यीनलाई भारतमा सेक्युलर ग्यांग नभनि अरू के भन्ने ? अरू त अरू, भारतमा पाक आतंकीले हमला गर्दा उसलाई भारतीय कानुनले समातेर फाँसी दिईंदा यो सेक्युलर भारतीय ग्यांग, अर्थात्, भारतका विपक्षी कंग्रेस, ममता बनर्जी, वामपन्थि, एआईएमआईएमका चीफ असुदुद्दीन ओवैसी वा ईनका लहैलहैमा लागेका जो समाजसेवी, कलाकार वा पत्रकार, भारतविरूद्ध कराउंदा जहाँ चीनले निर्दोष हजारौं उईगुर मुसलमानमाथि दाह्री पाल्न नदिने, मस्जिदमा लाउडस्पिकर बज्न नदिने, नमाज पढ्न नदिने, बाजारमा २-३ जनाभन्दा बढीसंगै हिंड्न नपाईने, सेनाका क्याम्पमा लगेर करेन्टलगाई कोर्राले हिर्काई चरम् यातना दिंदा पाकले चीनको बीआरआई अन्तर्गत यति चर्को ब्याजमा ऋण लिएर डुबेको छ कि चुईंक्क बोल्दैन, जस्ता ठाउंमा यो ग्यांग केही बोल्दैन !

'डिजाईनर पत्रकार तथा सेल्फी जर्नालिज्म्'

डिजाईनर पत्रकारहरू ती हुन् भारतमा जसलाई देशहीत, जनताको विकास, मूलमुद्दा संलग्न मीडीयामा नउठाईकन भारत र हिन्दूत्वविरूद्ध नेपालकै जस्तै नेस्नलस्तरमै पत्रिका, रेडियो, टिभि खोलेर हाल मोदी सरकारविरूद्ध सन् २०१४ अर्थात् मोदी सरकार अघि हिन्दूत्वविरूद्ध जेपनि भारतको संसदबाट सेक्युलर भारतको ठेक्काको आडमा कानुनहरू पारित गर्न अभिप्रेरित गर्थे र पारितभएको अवस्थामा औचित्य पुष्टि गर्थे। अब यीनको प्रमुख टार्गेट मोदी सरकार हो। यी ती तथाकथित् 'विशिष्ट' पत्रकार हुन् जो डाईरेक्ट भारतविरूद्ध पाकिस्तानस्थित हाफिज सईद, नेपालबाट सन् १९९९ मा विमान अपहरण गर्ने मौलाना मसूद अजहर, दाउद ईब्राहिम वा भारतका विपक्षी दल तथा सेलिब्रिटिहरूसंग भारतविरूद्ध अन्तर्वार्ता लिन्छन् तथा लोकप्रिय बन्न सेल्फी खिचाएर पोष्ट गर्छन् ! यी ती पत्रकारहरू छन् जसलाई प्रदर्शन वा धर्नाकारीहरूले मोदी सरकार र उसको देशहीत सम्बन्धि कानूनहरू सिएए, एनआरसी, एनपीआर आदि ल्याउंदा वा पब्लिक डिबेटमा राख्दा दिल्लीको शाहीन बाग, जेएनयु/जामीया-ईस्लामीया तथा अलिगढ मुस्लिम युनिवर्सिटिज्मा महिनौं धर्ना तथा विरोध प्रदर्शन हुँदा बीजेपी-एनडिए तथा देशहीतका नेता तथा पत्रकारलाई आफू नजिक निषेध गर्छन् तर यीनी डिजाईनर पत्रकारलाई देशविरूद्ध आफूहरूको समाचार बनाउन रेडकार्पेट ओछ्याएर स्वागत गर्छन् !

निश्कर्ष

स्तम्भकार नेपालका राष्ट्रिय प्रमुख दैनिक तथा मीडीयाहरूलाई 'तथाकथित् दैनिक वा मीडीया' भन्छ किनकि राष्ट्रिय सोचभएका मीडीया केवल एक भाषा, एक समुदाय, जात, गोत्रमा पनि सगोत्र मिलेकाको मात्र लेख, रचना, समाचार बनाउँदैन। उसले हरेक नयाँ 'डिस्कोर्ष' जतिपनि घाउलागे झैं दुःखेपनि, त्यसलाई राष्ट्र निर्माणमा महत्वपूर्ण विचार मानेर ध्यानपूर्वक सुनेर स्थान दिन्छन् र सरकार तथा राजनैतिक दललाई देशहीत, विकासका लागि ती डिस्कोर्षवालाका शिकायत सुन्न बाध्य पार्छन्। तर मीडीयाकर्मीको खत्तरनाक रूप तब आउंछ जब उसको कथित् दैनिक वा टीभी वा रेडीयोको सोसल मीडीयामा समाचार आउंदा उसको स्वजात, स्वसमुदाय, सगोत्री समाचारलाई प्रशारण वा प्रकाशन एकतर्फी गरेको हुन्छ र त्यसको विपरीत विचार/खण्डन/रिप्लाई/कमेन्ट आएमा फेक् अकाउन्ट खोलेर मध्यरातीमा सबैले सुतेको बेला गालीग्लौज गरि अकाउन्ट बन्द वा ब्लौक गरिएको हुन्छ ! दुर्भाग्य तब हुन्छ जब कि भारत, मधेशी तथा हिन्दू वा क्रिश्चियन वा बौद्ध धर्मकै विरूद्ध नेपालका यीनै सामान्य जात टाईटिलको मान्छेले एकतर्फी आक्रामक समाचार बनाएको हुन्छ जसप्रति रिटालिएट अर्थात् काउन्टर अट्याक कमेन्ट वा रिप्लाईमार्फत् गर्दा मध्य रातमा मुस्लिम अकाउन्टबाट गालीग्लौज गरि तत्काले म्यासेन्जरमा ब्लौकपनि गरिएको हुन्छ (यो हावादारी कुरा नभई भोगेको अनुभव हो)। तसर्थ, नेपाल सरकारले कथित् राष्ट्रिय मीडीयाका समाचार, विचार, लेखलाई मोनिटरिङ्ग गर्ने कि नगर्ने तथा सबैको डिस्कोर्षलाई स्वागत नगर्ने त्यसता मीडीया हाउसको लाईसेन्स रद्द गर्ने कि नगर्ने ? भन्ने प्रश्न आजको हो।

आजको जमानामा सैनिक, हथियार आदि भन्दा भयानक युद्ध कुनै देशको सरकारी वा गैरसरकारी वा महत्वपूर्ण व्यक्तिको डेटा चोर्ने, ह्याक गर्ने, सबै गोपनीयता ब्राण्डेड् मोबाईलबाट कलेक्शन गर्ने आदि हो जसले गर्दा सुरक्षाबल, बैंक आदिका मान्छेलाई हनी-ट्रयापमा पार्ने, सबै गोपनीयता चुहाउने, देशको कमजोर भागमा आक्रमण गर्ने, सांस्कृतिक वैचारीक आगोमा समाजलाई धकेल्ने गरेका हुन्छन्।

विश्वका जो पनि वामपन्थिले मान्छेको धर्म तथा देशको राष्ट्रियता हुँदैन, बरू कर्तव्य नै धर्म हो भन्छन् र उनीहरूले वामपन्थी विचारधारा अनुसार केवल विश्वमा धनी र गरिबको 'वर्ग' संरचना हुन्छन् भन्छन्। यस्ता भन्ने कम्युनिष्टहरूले नेपालमा यो जबाव दिंदैनन् कि उनीहरूको धर्म हुँदैन भने एउटा निश्चित धर्मको प्रचारमा २-३ दिन लगातार सेक्युलर पार्टीका प्रधानमन्त्रीले सोल्टी होटलमा किन बस्छन् ? उनीहरूले यो जबाव दिंदैनन् कि यदि उनीहरूको राष्ट्रियता हुँदैन भने किन उनीहरू चीन-उत्तर कोरिया-भीयतनाम केन्द्रीत हुन्छन् ? किन ती देशहरूलाई एक चोटी भ्रमण गर्नैपर्ने 'मक्का-मदिना' बनाउंछन् ? वा यदि भारत-नेपालका यी नक्कली कम्युनिस्टहरूले ती देशहरूलाई 'मक्का-मदिना' राष्ट्रियताको नाममा बनाईरहंदा चीन-कोरियाका नागरिक र नेताहरूले भारत, नेपाललगायतका देशका कम्युनिष्टको विचारलाई किन बाईबल, कुरानको जस्तो पंक्ति बनाएर पवित्र श्लोक पढ्दैनन् ? अर्थात्, हाम्रा देशमा कोहिपनि कि वामपन्थी छैनन् वा बेवकूफ वामपन्थी छन् वा यीनीहरू एउटा ठूलो साजिश अन्तर्गत भारत, हिन्दू वा सनातन धर्मविरूद्ध एउटा राजनैतिक तथा कट्टरपन्थी विचारलाई पछ्याईरहेका छन्। यस अलावा नेपालका कथित् राष्ट्रिय मीडीया हाउसका केही पत्रकार सम्वाददाता वा लेखकहरू भारतमा विगतमा जेएनयुमा पढेको कनेक्सनको आधारमा भारत-नेपाल तथा हिन्दूत्वविरूद्ध चीन-पाकिस्तानको पृष्ठपोषण गर्दै वामपन्थी विचारको नाममा आगो ओकलिरहेको पढ्न पाईन्छ। भारत एउटा पूर्ण मानकको सेक्युलर देश हो र त्यहाँबाट सम्वाददाताको काम गर्दा केवल भारतीय वामपन्थी नेताका कृयाकलाप, राजनैतिक बोली तथा नेपाली वामपन्थीको फेवरमा समाचार बनेर आउनु 'संयोग' हो वा प्रम मोदीको भाषामा 'सहयोग' हो ? नेपालमा माओवादीहरूको कथित् जन (कि धन ?)युद्धमा भारतमा बसेको, तालिम प्राप्त गरेको सबैलाइ थाहा भएकै हो र आजपनि यीनीहरूले हथियार, विचार सबै ओसारपोसार गरिरहेका नेक्सस्मा छन्। यसरी छिमेकीको नाममा नेपालबाट पनि डिजाईनर पत्रकार बनेर मोही माग्ने तर ढुङ्ग्रो लुकाउने रूपमा भारत तथा वैश्विक सनातन धर्म, जुन धर्मावलम्बीहरू नेपालमा 'ॐ'कार परिवारको रूपमा झण्डै ९५ प्रतिशत छन्, को विरूद्धमा पत्रकारीता गर्न पाईदैन जुन स्वयंकै देश तथा छिमेकीविरूद्ध अन्य दुश्मन ताकतसंग पैसामा बिक्रिभई विचार, धर्म, राष्ट्रियता आदिलाई बेचेर गरिएको सौदा हो। नेपालको सरकारी सञ्चार गृहमा सम्पादकको हैसियतमा काम गरिसकेकोलाई यो स्तम्भकारले नेपालमा सोसल मीडीयामा प्रो-पाकिस्तानी पोष्टहरू भारत सरकार तथा सनातन धर्मविरूद्ध देखिसकेका छन् र कमेन्ट गर्दा रिसाएको भेटीसकेको छ अर्थात्, पाकिस्तानी आईएसआई वा नेपालस्थित सो दूतावासको राम्रै लगानी नेपाली मीडियामा रहेछ !

उता भारतमा लोकतन्त्रको नाममा अधिकारको दुरूपयोग विभिन्न तप्काबाट भईरहेको तथा विपक्षीहरू बीजेपी-एनडिएसंगको राजनीतिमा हायलकायलभएर आफूलाई सेक्युलारिज्मको सोल ठेकेदार प्रमाणित गर्न लागिपरेका छन् भने भारत र हिन्दूत्व मास्न राजनैतिक भविष्यसंगै जीवन-मरणको अन्तिम लडाई पनि लडिरहेका छन्। धार्मिक अतिवादको नाममा पवित्र नाम अल्लाहलाई जोडेर हिन्दू तथा अन्यमाथि दुष्कर्म गरिन्छ। संविधानको प्रस्तावना पढिनु वा धर्मनिरपेक्षता (सेक्युलर)को अर्थ व्यक्ति वा स्वार्थपरक् अर्थ लगाईनु र निर्दोष मुस्लिमको अशिक्षित मासलाई मिसलिड् गर्नु मानवहीत तथा गैरकानूनी दण्डनीय कार्य हो। संविधान पढ्दै तीरंगा झण्डा हाथमा लिई स्वार्थपरस्त मौकामा सरकारको विरोध गर्दा देशभक्त भईदैन अपितु हरक्षण देशभक्ति शरीरमा हुनुपर्छ, भारत माता की जय भन्नुपर्छ, वन्दे मातरम् भन्नुपर्छ नत्र त्यो हाईपोक्राईसीमात्र हो ! आजको २१ औं शताब्दीमा प्रतिस्पर्धा विकास, मानवाधिकार, आधारभूत आवश्यकताको पूर्तीको आधारमा हुनुपर्छ, न कि धार्मिक कट्टरता र घृणामा रहेर ईश्वरसमेतको नाम बदनाम गरि दुष्कर्म तथा नरसंहार गरेर। धर्मको नाममा अपराधकार्य दण्डनीय हो। सेक्युलरीज्म्, देशमा मेरोपनि अधिकारको कुरा बोल्ने तथा तीरंगा बोकेर विरोध गर्नेहरूले देशबाट बेरोजगारी हटाउन, देश सुरक्षीत राख्न, जनसंख्या नियन्त्रण गर्न देशको कानूनलाई सम्मान गर्न धर्म होइन कि देशको नीतिलाई सम्मान गर्नुपर्छ र, यस्तो गर्न अप्ठ्यारो महशूस गर्नेहरूले मोहम्मद अलि जिन्नाहले बनाएको नयाँ देश पाकिस्तान वा पछि फेरी बनेको बंगलादेशमा स्वयं राजीखुशीले जानुपर्छ।

(लेखक पाटन संयुक्त क्याम्पसमा प्राध्यापनरत् छन्)

संक्षिप्त समाचार

राजधानी र नाम छिट्टै टुंगिन्छ : पोखरेल

बुटवल। प्रदेश ५ को स्थायी राजधानी र नाम टुङ्गो लगाउन ढिलाइ भइरहेको गुनासो बढिरहेका बेला मुख्यमन्त्री शङ्कर पोखरेलले यो विषय अब छिट्टै टुङ्गिने बताएका छन्। मुख्यमन्त्री पोखरेललाई प्रदेश राजधानी र नामको विषयमा ध्यानाकर्षण पत्र बुझाउन मङ्गलबार मुख्यमन्त्री कार्यालय गएको राष्ट्रिय जनमुक्ति पार्टी प्रदेश ५ को टोलीसँगको कुराकानीमा मुख्यमन्त्रीले उक्त कुरा बताएका हुन्। मुख्यमन्त्री पोखरेलले ध्यानाकर्षण पत्र बुझ्दै प्रदेशको राजधानी र नामकरण सम्बन्धमा सुझाव दिन प्रदेश सभामा गठित विशेष समितिले बुझाएको प्रतिवेदन प्रदेश सभामा छिट्टै टेबुल गरिने र त्यसपछि अन्तिम रूप दिन पहल गरिने बताए।

छात्रावृति दिइने

कैलाली। सुदुरपश्चिम प्रदेश सरकारको समाजिक विकास मन्त्रालयले उच्च तथा प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गर्ने भएको छ। यस वर्ष करिब आठ सय जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने जनाइएको छ। सरकारले छात्रवृत्ति प्रदान गर्न लागेको शिक्षा तथा खेलकुद शाखाका प्रमुख पदमराज जोशीले बताए। शाखा प्रमुख एवं मन्त्रालयका उपसचिव जोशीले उक्त छात्रावृत्ति कार्यक्रमअन्तर्गत प्राविधिक विषयमा उच्च शिक्षा लिइरहेका छात्रामध्ये छात्रवृत्तिमा सुदुरपश्चिम प्रदेशका प्रदेशका प्रत्येक स्थानीय तहबाट दुई जनाका दरले १७६ जना, दलित तथा जनजाति छात्रवृत्तिमा १७६ जना, प्राविधिक डिप्लोमा अध्ययन छात्रवृत्तिमा १७६ जना, टीएसएलसी अध्ययन छात्रवृत्तिका लागि १७६ जना र चिकित्सा शिक्षा अध्ययन छात्रवृत्तितर्फ नौं जना र अन्य गरी ७८१ जनालाई छात्रवृत्ति दिन लागेको जानकारी दिए।

सेनेटरी प्याड बनाउने तालिम सम्पन्न

वीरगञ्ज। संस्कृती, समर्थ नेपाल र कोड फोर नेपालको संयुक्त आयोजनामा भएको ३ दिने सेनेटरी प्याड बनाउने प्रशिक्षक परिक्षण (टिओटी) सम्पन्न भएको छ। वीरगञ्जस्थित काभेरी एकेडमीमा मङ्गलबार एक कार्यक्रम बीच ३ दिने पुनस प्रयोग्य सेनेटरी प्याड बनाउने टिओटी र महिनावारी तथा प्रजनन स्वास्थ्य बारे अभिमुखीकरण सम्पन्न भएको हो। समापन कार्यक्रममा बोल्दै प्रमुख अतिथि वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजयकुमार सरावगीले महिलाहरूको क्षमता बिकास भएमा समाज आफै बिकास हुने बताए। प्रजनन स्वास्थ्य तथा महिनावारीका विषयमा अब समाजमा खुलेर कुरा गर्न सक्ने अवस्थाको सृजना गर्नुपर्ने बताउँदै नगर प्रमुख सरावगीले यसको शुरूवात आफ्नै घरबाट गर्नुपर्नेमा जोड दिए।

सीमामा मास्क अनिवार्य

भीमदत्तनगर। कञ्चनपुरको पश्चिमी नाका गड्डाचौकीबाट भारत जाने नेपालीले नेपाल-भारत सीमामा भारतीय सुरक्षाकर्मीले 'मास्क' लगाउन अनिर्वाय गरेको छ। कोरोना भाइरसको संक्रमण रोकथाम गर्न भारतीय पक्षले सीमा क्षेत्रमा मास्क लगाएर मात्रै आवातजावत गर्न आग्रह गरिरहेको छ। भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले भारत आउनेरजाने सबैलाईं माष्क अनिर्वाय गरेको इलाका प्रहरी कार्यालय गड्डाचौकीले जनाएको छ। भारतीय पक्षले सिमानामा चिकित्सकसहितको स्वास्थ्यकर्मीको टोली पनि परिचालन गरेको छ। मास्क अनिर्वाय गरेपछि गड्डाचौकीदेखि एसएसबी क्याम्पसम्म मास्कको व्यापार बढेको स्थानीयको व्यापारीको भनाइ छ। त्यसैगरी पछिल्ला केही दिनयता भारतीय सुरक्षाकर्मीले नेपाली सवारीसाधन माथिको जाँचमा कडाइ गरेको छ।

शाल्बी अस्पतालले नेपालमा सेवा सुरू गर्दै

काठमाडौं। अर्थोपेडिक अस्पताल शाल्बीले नेपालमा पनि आफ्नो सेवा सुरू गर्ने भएको छ। भारतको अहमदाबादमा रहेको उक्त अस्पतालले यहाँका विभिन्न अस्पतालसँग सहकार्य गरेर सेवा सुरू गर्न लागेको जानकारी दिएको छ। अस्पताल स्थापनाको २५ औं वर्षको अवसरमा नेपालमा सेवा सुरू गर्न लागेको अस्पतालका निर्देशक डाक्टर भरत गञ्जरले जानकारी दिए। नेपालमा सेवा विस्तारका लागि अहिले यहाँका विभिन्न अस्पतालसँग आवश्यक छलफल भइरहेको उनले बताए। नेपाली बिरामीलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि यहाँ सेवा सुरू गर्न लागेका छौं- उनले भने, त्यसका लागि अहिले विभिन्न अस्पतालसँग छलफल भइरहेको छ।

अभिमूखीकरण कार्यक्रम सम्पन्न

विराटनगर। अपाङ्गता रोकथाम तथा पुन:स्थापना सम्बन्धी अभिमूखीकरण कार्यक्रम सम्पन्न भएको छ। राष्ट्रिय अपाङ्ग महासंघ विराटनगर र करूणा फाउण्डेसन नेपालसँगको सहकार्यमा प्रदेश सरकार सामाजिक विकास मन्त्रालय १ नम्बर प्रदेशले अभिमूखीकरण कार्यक्रमको आयोजना गरेको हो। सोमबार आयोजित कार्यक्रममा सामाजिक विकास मन्त्री जीवन घिमिरे, सामाजिक विकास मन्त्रालयकी राज्यमन्त्री जसमाया गजमेर, विराटनगर महानगरपालिकाकी उपमेयर इन्दिरा कार्की, राष्ट्रिय अपाङ्ग महासंघकी अध्यक्ष पार्वता श्रेष्ठ लगायतको उपस्थिती रहेको थियो। कार्यक्रममा अपाङ्गता भएका व्यक्तिको अधिकार, तथा अपाङ्गता न्यूनिकरण कसरी गर्ने भन्ने बिषयमा कार्ययोजना सम्बन्धी विषयमा प्रस्तुतीकरण एवम् छलफल भएको थियो।

बलात्कारको आरोपमा डाक्टर पक्राउ

रूपेन्द्र पटेल, रौतहट। रौतहटमा आफ्नै क्लिनिककी महिला सहकर्मीलाई जबरजस्ती करणी गरेको आरोपमा एकजना चिकित्सक (अहेब) लाई प्रहरीले पक्राउ गरेको छ। जिल्लाको मौलापुर नगरपालिका ५ घर भई गरूडा हाल ४ स्थित अर्चना पोलीक्लिनिक एवं रिसर्च सेन्टर सञ्चालन गर्दै आएका ३५ बर्षिय श्यामशुन्दर पटेललाई जबरजस्ती करणीको आरोपमा प्रहरीले पक्राउ गरेको हो। पीडित महिलाको जाहेरीको आधारमा अहेव पटेलमाथी जबरदस्ती करणी सम्बन्धी मुद्धा दर्ता गरी जिल्ला अदालत गौरबाट ५ दिनको म्याद थप गरी अनुसन्धान भईरहेको इलाका प्रहरी कार्यालय गरूडाका प्रमुख डिएसपी ज्ञानकुमार महतोले बताए।

फुड फेस्टिवल आयोजना

नेपालगन्ज। बालबालिकालाई सीपमुलक र प्राविधिक शिक्षा दिने उद्देश्यले नेपालगन्ज-६ फुल्टेक्रास्थित सिद्धार्थ विद्या सदन विद्यालयले फुड फेस्टिबलको आयोजना गरेको छ। विद्यालयमा अध्ययनरत विद्यार्थीलाई खाना पकाउन सिकाउने र सो खाना बिक्री गरेर भएको आम्दानी नेपालगन्जस्थित निलसागर वृद्धाश्रमलाई प्रदान गर्ने गरी फेस्टिबलको आयोजना गरिएको विद्यालयका सहायक प्रधानाध्यापक प्रवीण गिरीले बताए। सो विद्यालयमा अध्ययनरत ६, ७ र ८ का विद्यार्थी आफैंले तयार पारेका विभिन्न खानाका परिकार उक्त फेस्टिबलमा राखेका थिए। फेस्टिबलका लागि विभिन्न प्रकारका परिकार बनाउँदा धेरै कुरा सिक्को विद्यार्थीहरूले बताएका छन्।

साढे सात केजी चरेशसहित पक्राउ

कपिलवस्तु,कृष्णनगर नगरपालिका(२ बाट अवैध लागूऔषध चरेश करिब ७ केजी ५ सय ग्राम सहित शिवराज नगरपालिका(९ बिजौरी बस्ने २६ वर्षीया योजना न्यौपाने समेत ३ जनालाई बुधबार राति प्रहरीले पक्राउ गरेको छ। अस्थायी प्रहरी पोष्ट लिङकबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनीहरूलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

बालबालिकाहरूलाई अनिवार्य रूपमा
विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं ।

जलेश्वरनाथ नगरपालिका
महोत्तरी

मलहम -डा. रामदेव पंडित (आयुर्वेद चिकित्सक)

मधेशमा महिला स्वास्थ्यको स्थिति

भनिन्छ, जहाँ नारीको सम्मान हुन्छ, त्यहाँ सुशासन र समृद्धि हुन्छ, त्यही भगवान पनि रमाउँछन् । यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता: । तर मधेशमा महिलाहरूको अवस्था निकै दयनीय छ । त्यहाँका महिलाहरू सम्मानित होइन विभिन्न कारणले पीडा र प्रताडित छन् । मधेशलाई समृद्ध बनाउन मधेशको नेतृत्वले यस अवस्थालाई बदल्न योजनाबद्ध साहस गर्नैपर्छ ।

जनसंख्याको आधा हिस्सा ओगट्ने महिला स्वस्थ नभई स्वस्थ्य नेपालको कल्पना गर्न सकिँदैन । नेपालको संविधान(२०७२)ले महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक हुने, महिलाविरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक, सामाजिक वा कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भनिएको छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार तराईका भाषा बोल्ने महिलालाई गणना गर्दा त्यस क्षेत्रमा महिलाको कुल संख्या ६७ लाख ७२ हजार ३२३ रहेको छ । जनसंख्यामा यति ठूलो हिस्सा ओगटेको भए पनि तराईका महिला जीवनका हरेक दृष्टिकोणले पछाडि परेको देखिन्छ । उनीहरू वर्गीय, जातीय, लैङ्गिक र सामाजिक विभेदको शिकार हुने गरेका छन् । पितृसतात्मक समाजमा विद्यमान कुरीति र अन्धविश्वासका कारण महिला आफ्ना व्यक्तिगत विषयमा समेत स्वयं निर्णय गर्न पाएका छैनन् ।

शताब्दीयौँदेखि व्याप्त कुसंस्कार, कुरीति र कुप्रथाका नाममा महिलाहरू तराईमा उत्पीडित छन् । 'थर्ड एलायन्स' नामक गैरसरकारी संस्थाकाअनुसार तराईमा हुने बलात्कारका घटनामध्ये केवल १५ प्रतिशत घटना मात्र सार्वजनिक हुने गरेका छन् ।

स्वास्थ्यको कुरा गर्दा तराईका धैरै महिला आधारभूत स्वास्थ्य सुविधाबाट वञ्चित छन् । कतिपय परिवारमा त महिलाले स्वास्थ्य उपचार गर्न समेत घरमा श्रीमान्, सासू, ससुरा, जेठाजुको अनुमति लिनुपर्छ । साथै उपचार गर्न जाँदासमेत ती महिलालाई के भएको हो भन्ने कुरा पनि आफन्तले नै डाक्टरलाई भनिदिनु पर्ने अवस्था आउँछ ।

तराईमा व्याप्त बाल विवाह, जन्मान्तरको फरक कम हुने, कुपोषण, सुत्केरी अवस्थामा उचित हेरचाहको कमीका कारण समस्या भयावह छ । लाजका कारण रोग लुकाएर बसेका महिलाको संख्या ठूलो छ । उनीहरू समाजिक अपहेलनाका हुने भयले उपचारमा नआउँदा समस्या अझ विकराल र उनीहरूका कथा दर्दनाक छ । सरकारले गर्भवती महिलाको मृत्युदर कम गराउन सुरक्षित मातृत्व कार्यक्रममा वर्षेनी करोडौं रूपैयाँ खर्च गरे पनि तराईका केही जिल्लामा भने यो कार्यक्रम प्रभावकारी हुन सकेको छैन ।

मातृ स्वास्थ्यको तथ्यांक केलाउँदा १५-४९ उमेर समूहका महिलामा देखिएको रक्तअल्पताल सबैलाई झस्काउने खालको छ । सन् २००६ मा प्रजनन् उमेरका ३६ प्रतिशत महिलालाई रक्तअल्पता भएको थियो, २०१६ मा यो बढेर ४१ प्रतिशत पुग्यो । प्रदेश ०२का महिलाहरूको मात्रै रक्तअल्पताको तथ्यांक लिने हो भने स्थिति झनै खराब देखिनेछ ।

महिलामा रक्तअल्पताको तथ्यांक बढ्नुको अर्थ महिला स्वास्थ्यमा खराबी हुनु हो । सबै गर्भवती महिलालाई आइरन चक्की दिइए पनि रक्तअल्पता किन बढिरहेछ ? यसको जवाफ खोज्नैपर्छ । रक्तअल्पता भएका महिलाको गर्भको बच्चा पनि सानो हुन्छ र कतिपयलाई बचाउनै गाह्रो हुन्छ । अर्कोतिर, रगतको कमी भएका महिलाको प्रसूतिपछि अलिकति रगत बगे पनि मृत्यु हुने सम्भावना बढी हुन्छ ।

सर्वेक्षणहरूले नेपालमा महिला स्वास्थ्यमा सुधार भएको देखाए पनि तराईमा महिलाको अवस्था कहालिलाग्दो छ । स्त्रीरोग विशेषज्ञहरूले प्रजनन् र मातृ स्वास्थ्यबारे गम्भीर तथ्य बाहिर ल्याएका छन् । अस्पताल पुग्नेहरूमा आवश्यकभन्दा बढी शल्यक्रियाले ती क्षेत्रका महिलाहरूको स्वास्थ्यमा नकारात्मक असर परीरहेको छ । अनावश्यक शल्यक्रियाले महिलालाई पिसाब चुहिरहने समस्या (फिस्टुला) भईरहेको पाईएको छ ।

यस्ता समस्याले महिलाको पारिवारिक, सामाजिक र दाम्पत्य जीवन तहसनहस बन्दैछ । त्यस्ता महिलाहरू भावनात्मक रूपमा समेत निकै कमजोर मानसिक रूपमा समेत अस्वस्थ हुने गरेका छन् ।

तथ्याङ्ककहरूका अनुसार ४३ प्रतिशत महिलाले प्रसूतिका लागि अहिले पनि स्वास्थ्य सेवा पाएका छैनन् । नेपालको तराई जिल्लाहरूमा ६० देखि ८० प्रतिशत महिलाले प्रसूति सेवा पाएका छैनन् । राजनीतिक गर्नुसँगै अब मधेशको नेतृत्वले यी बियायहरूमा पनि नजर लगाउनु पर्छ ।

सन् २००९ को तुलनामा हाल गर्भवती र सुत्केरी अवस्थामा हुने मातृ मृत्युदरमा कमी आएको देखिन्छ । तर मृत्यु हुने आमाहरूमध्ये बच्चा जन्माइसकेपछि २८ प्रतिशतको मृत्यु हुन्थ्यो भने सन् २०१६ मा यो बढेर ४९ प्रतिशत पुगेको थियो । त्यसैले बच्चा जन्माइसकेपछि कसरी आमाको मृत्यु हुन्छ भन्ने विषयमा गम्भीर अध्ययन हुन आवश्यक देखिन्छ । रगत धेरै बगेर, संक्रमण भएर, मुटुमा समस्या भएर वा अरू धेरै कारणले बच्चा जन्माइसकेपछिको अवस्थामा मातृ मृत्युदर बढेको मानिन्छ ।

गर्भावस्थाको संक्रमण भएर सन् २००९ मा ७ प्रतिशत मातृमृत्यु हुन्थ्यो भने २०१६ मा बढेर १० प्रतिशत पुगेको थियो । गर्भपतनमा जटिलताका कारण १० प्रतिशत मातृमृत्यु हुन्थ्यो भने सन् २०१६ मा यो संख्या बढेर १३ प्रतिशत पुगेको थियो । सुरक्षित गर्भपतनका लागि कानूनले सुविधा दिए पनि अझै स्वतन्त्र र सुरक्षित तरिकाले गर्भपतन गर्ने वातावरण बन्न सकेको छैन ।

गर्भवतिलाई दिइने चक्कीले मात्रै महिलाको कुपोषण र रक्तअल्पता रोक्न सक्दैन । दैनिक जीवनमा सहजै प्राप्त हुने पौष्टिकताले भरिपूर्ण खानेकुराबारे उनीहरूलाई जानकारी दिन पनि छलफल हुनुपर्छ ।

तराईमा २६ प्रतिशत महिलामा पाठेघर खस्ने समस्या रहेको पाइएको छ । भारत सरकार, भारतीय राजदूतावासबाट नेपाल-भारत सहयोग कार्यक्रम अन्तर्गत हेल्दी नेपाल कम्युनिटी फाउण्डेसनले तराईका ९ जिल्लामा गरेको स्वास्थ्य परीक्षण र उपचारसहितको अध्ययनले करिब २६ प्रतिशत महिलामा कुनै न कुनै प्रकारको पाठेघर खस्ने समस्या रहेको पाइएको थियो ।

फाउण्डेसनले तराईका ९ जिल्लाका ४५ हजार महिलाहरूको सन् २०१६ देखि २०१८ सम्म अध्ययन गरेको थियो । ४५ हजार महिलामध्ये ३४ हजार ९ सय ६० को पाठेघर खस्ने समस्या पहिलो स्टेजमा रहेको पाइएको थियो ।

महिलाको पाठेघर तल झर्नुलाई पाठेघर खसेको वा आङ खसेको भनिन्छ । पाठेघरसँगै योनी मार्गका साथमा मूत्रथैली र गुदद्वारको केही भाग समेत झर्ने हुन्छ । समयमा रोकथाम र उपचार भएन भने पछि यो योनीको मुखसम्म आएर महिलालाई साह्रै पीडा दिन्छ । यो समस्या तराईका महिलामा भयावह रूपमा छ । यस अवस्थामा दिसापिसाब गर्दा दुख्ने वा गाह्रो हुने, सम्भोग गर्दा दुख्ने वा गाह्रो हुने, बच्चा जन्माउँदा व्यथा लामो लाग्ने र गाह्रो हुन सक्दछ ।

धनुषा जिल्लाका ७० प्रतिशत महिला अझै पनि घरमै सुत्केरी हुन बाध्य भैरहेको तथ्य एक सरकारी अध्ययनले देखाएको छ । महोत्तरीमा पनि ५२ प्रतिशत महिलाले घरमै बच्चा जन्माएका छन् । रौतहटमा ५१ प्रतिशतले घरमै बच्चा जन्माएको तथ्यांक पाइएको छ । कपिलवस्तुमा ४८ प्रतिशत, सर्लाही र पर्सामा ३६/३६ प्रतिशत र बारामा ३२ प्रतिशतले घरमै बच्चा जन्माएको प्रारम्भिक तथ्यांक स्वास्थ सेवा विभागको थियो ।

तराईका महिलामध्ये पनि दलित र मुस्लमान महिलाको पीडा अरू महिलाको भन्दा बढी छ । यस क्षेत्रको वैवाहिक अवस्थाको प्रसङ्ग कोट्याउँदा कुल महिलाको संख्या ६७ लाख ७२ हजार ३२३ रहेकोमा ६० हजार ३१६ बालिकाको १० वर्षभन्दा कम उमेरमा विवाह भएको देखिन्छ । यसप्रकार अधिकांश महिलाको विवाह १८ वर्ष अगावै भएको भन्न सकिन्छ । विवाहित महिलामध्ये पनि धैरैको २० वर्ष अघि नै बच्चा जन्मिसकेको हुन्छ । यस भयावह अवस्थाबाट सुधार पाउन प्रदेश ०२को 'बेटी पढाउ बेटी बचाउ' अभियानले केही सार्थक परीणाम ल्याउने आशा गर्न सकिन्छ त त्यती मात्र प्रयाप्त छैन ।

१२ जिल्लामा श्रीराम जानकी शोभायात्रा हुने

काठमाडौं । नेपाल भ्रमण वर्ष-२०२० लाई सफल बनाउन र मिथिलाको कला संस्कृति उजागर गर्ने उद्देश्यले संस्कृति बचाऔं पर्यटन भित्र्याऔं अभियानअन्तर्गत श्रीराम जानकी शोभायात्रा हुने भएको छ । मिथिला संस्कृति समाज नेपालले मंगलबार मधेश मिडिया हाउसमा पत्रकार सम्मेलन आयोजना गरी श्रीराम जानकी शोभायात्राको उद्घोषण गरेको हो ।

जानकी नवमीको अवसर पारी आगामी बैशाख २० गते शनिबारदेखि झापा जिल्लाको गौरीगंजबाट सुरू भई मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा हुँदै मकवानपुरको हेटौंडामा सम्पन्न हुने समाजका सचिव राधेश्याम विश्वकर्माले पत्रकार सम्मेलनमा जानकारी दिए । सो कार्यक्रम हरेक जिल्लाका सदरमुकाम वा चर्चित शहरमा समितिहरूद्वारा शोभायात्राको स्वागत गर्न समारोहको आयोजना गरिने पत्रकार सम्मेलनमा जारी विज्ञप्तिमा उल्लेख छ । यस अभियानमार्फत् संस्कृतिको संरक्षण गर्ने कार्यमा योगदान पुऱ्याएकाहरूलाई सम्मानसमेत गरिने समाजले जनाएको छ । अभियानको क्रममा शोत्रायात्रामा कलाकारहरूले मिथिला संस्कृतिसँग सम्बन्धित विभिन्न गीतसँगीत तथा भजनकीर्तन गर्दै जाने कार्यक्रम रहेको विज्ञप्तिमार्फत जनाएको छ ।

संस्कृति बचाऔं अभियानको सजावट मिथिला संस्कृति झल्किने दृश्यहरू अंकित जानकारी मन्दिरको स्वरूपमा सजाइने सचिव विश्वकर्माले बताए । यस अभियानबाट धर्म, कला, संस्कृति र संस्कारको प्रवर्द्धन हुने, नेपाल भ्रमण वर्ष सफल बनाउन टेवा पुग्ने, मिथिलाञ्चललाई धर्मस्थल तथा पर्यटकीय क्षेत्रको बारेमा सबैलाई अवगत हुने र मिथिलाको सभ्यता, सम्पदा र विविधतामा टेवा पुग्ने विश्वास मिथिला संस्कृति समाजले लिएको छ ।

पत्रकार सम्मेलनका प्रमुख अतिथि श्रीराम हनुमान अराधनामण्डल नेपालका संयोजक किशोरी महतोले यस अभियानबाट नेपाल भ्रमण वर्षलाई सहयोग पुग्ने र मिथिलाको कलासंस्कृतिको पनि प्रचार प्रसार हुने बताए ।

उनले हजारौँहजार वर्ष पूरानो मिथिलाको कला संस्कृति अहिले लोप भइरहेको अवस्थामा समाजको यो अभियानले ठूलो उपलब्धि हासिल गर्ने विश्वास व्यक्त गरेका छन् । उनले यस अभियानको खुलेर प्रशंसा गरेका थिए ।

यसैगरी समाजका अध्यक्ष वीरेन्द्र ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा विशिष्ट अतिथिहरू मधेशी पत्रकार समाज नेपालका अध्यक्ष मोहन सिंह, मधेशी महिला समाजका अध्यक्ष रिना साहलगायतले श्रीराम जानकी शोभायात्राको सफलताका लागि शुभकामना व्यक्त गरेका छन् ।

अहिंसावादीसँग छलफल

काठमाडौं । जय जगत भन्ने मूल नारासहित भारतदेखि जेनेभासम्म शुरू भएको पदयात्राका क्रममा नेपाल आइपुगेका पाँच जना पदयात्री र शान्ति समाजका सदस्यहरूबिच छलफल भएको छ । शान्ति समाज केन्द्रीय कार्यालयमा आइतबार सम्पन्न छलफलमा पदयात्रीहरूले पदयात्राको उद्देश्य र शान्ति समाजका सदस्यहरूले जगतमुखी जीवनमुखी सेवामुखी उद्देश्य अनुरूप सञ्चालित अभियानका अनुभव आदान प्रदान गरेका थिए । स्मरणीय छ, अहिंसालाई मूल मन्त्र मानि महात्मा गान्धीको विचार प्रवर्द्धन गर्ने उद्देश्यसहित शुरू भएको जय जगत अभियानले अहिंसा, जलवायु परिवर्तन र विश्वव्यापी उष्णताबारे सचेतना र सामाजिक न्यायका लागि एक वर्षे पदयात्रा प्रारम्भ गरेको जनाएको छ । ५० जना पदयात्रीमध्ये नेपाल आएका ५ जना पदयात्रीमा सन्तोष सिंह, कैलाश भाई, कम्तुरी पट्टेल, सवनम शाह र सिताराम रहेका छन् । कार्यक्रममा शान्ति समाजका तर्फबाट जय जगत अभियानलाई रू. १६ हजार सहयोग पनि हस्तान्तरण गरिएको थियो ।

सुन उत्खननको तयारी

काठमाडौं । भारतको 'जियोलजिकल सर्वे अफ इण्डिया (जीएसआई)'ले सन् २००५ मै उत्तर प्रदेशको सोनभद्रमा सुन रहेको संकेत पाएको थियो र सन् २०१२ मा त्यहाँ सुन रहेको पुष्टि गरेका थियो । विगत पन्ध्र वर्षमा जीएसआईले त्यस क्षेत्रमा निरन्तर काम गरिरहेको थियो । अहिले आएर उत्तर प्रदेश सरकारले उत्खनन प्रक्रिया सुरू गर्नको लागि ई-टेन्डर सुरू गरेको छ । जीएसआईको अध्ययनमा सोनभद्रको सोन पहाडमा झण्डै तीन हजार टन सुन र हरदी ब्लकमा झण्डै ६ सय किलो सुनको भण्डार देखिएको छ । तर तिनको उत्खननमा हालसम्म कुनै ठोस काम भएको थिएन । हाल आएर ब्लक टेन्डरको लागि प्रशासनले सात सदस्यीय टिमको गठन गरेको छ । '२२ फेब्रुअरी २०२०सम्म टिमले आफ्नो रिपोर्ट भूतत्व एवं खनिजकर्म निर्देशनलायलाई सुम्पिनेछ,' सोनभद्रका उत्खनन अधिकारी केके रायले बताए ।

विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com

स्थानीय सम्वाद

सिंहदरबार गाउँमा अनुभूति गराउन सकेनौं

दयानन्द गोइत
अध्यक्ष, बलान-बिहुल गाउँपालिका, सप्तरी

> स्पष्ट नीति निर्माण नभएकाले कार्यान्वयन पक्ष कमजोर देखिएको छ । त्यसैले सिंहदरबार अवधारणागतरूपमा छ तर कार्यान्वयन पक्ष बढ्न सकिरहेको छैन । त्यसैले हामीले जनतालाई पूर्णरूपमा सिंहदरबार गाउँमा भन्ने नारालाई अनुभूति गराउन सकिरहेका छैनौं ।

० तपाइँले बलान-बिहुल गाउँपालिकाको अध्यक्षको रूपमा लगभग आधा समय बिताइसक्नुभयो । कस्तो अनुभव भइरहेको छ ?

– सप्तरी जिल्लाको सबभन्दा कान्छो गाउँपालिका हो बलान-बिहुल । यस गाउँपालिकाभित्र ६ वटा वडा पर्दछन् । सुरूमा हामी निर्वाचित भएर आउँदा भू-धरातलीय हिसावले शून्य थियो । हामीले शून्यबाट सुरूवात गरेर प्राथमिक आवश्यकताका पक्षहरूलाई विशेष ध्यान दिएका छौं । विगतमा अधिकांश टोलमा विद्युत पुगेको थिएन । अहिले हामी सबै टोलमा विद्युत पुऱ्याइसकेका छौं । सडकको अवस्था राम्रो थिएन, सबै टोलमा पुग्ने लिंकरोड बनाइसकेका छौं । विद्यालयहरूको अवस्थामा पनि सुधार ल्याएका छौं । यस्तै, जनचेतनामूलक कार्यक्रमहरूमा पनि त्यतिकै जोड दिएका छौं । खासगरी समाज पिछडिएका र दलित वर्गहरूलाई मूलधारमा ल्याई, चेतनशील बनाउने पक्षमा काम गरिरहेका छौं ।

० सिंहदरबार गाउँमा गएको अनुभव जनताले गर्न पाएका छन् त ?

– सिंहदरबारको अवधारणालाई कागजमा मात्रै हेर्ने हो भने प्रचारात्मक हिसावले आएको त छ । हामीलाई अधिकार धेरै मात्रामा प्रत्यायोजन गरिएको छ । तर, ती अधिकारहरूलाई कार्यान्वयन गर्ने सवालमा तीनै तह आआफ्नै तालमा हिंडिरहेको अवस्था छ । स्पष्ट नीति निर्माण नभएकाले कार्यान्वयन पक्ष कमजोर देखिएको छ । त्यसैले सिंहदरबार अवधारणागतरूपमा छ तर कार्यान्वयन पक्ष बढ्न सकिरहेको छैन । त्यसैले हामीले जनतालाई पूर्णरूपमा सिंहदरबार गाउँमा भन्ने नारालाई अनुभूति गराउन सकिरहेका छैनौं ।

० संवैधानिकरूपमा सिंहदरबार गाउँमा भनिए पनि व्यावहारिक रूपमा जटिलताहरू छन् ?

– संवैधानिक रूपले सिंहदरबार गाउँ-गाउँमा भन्ने नाराको प्रचार संघीय सरकारले गरेकै हो, लिखितम् दिएकै हो । मुख्यरूपमा जुन अवधारणा हामी बनाउँछौं, त्यसलाई आम जनमानसमा अनुभूति दिलाउन सक्नुपऱ्यो । संघीय सरकार आफैमा स्वतन्त्र हुने, प्रादेशिक सरकार अर्धस्वतन्त्र हुने र स्थानीय सरकार दुईटा सरकारको आदेश र नीतिलाई पालन गर्नुपर्ने बाध्यात्मक अवस्था छ । यसले गर्दा सिंहदरबार गाउँमा भन्ने अवधारणा कार्यान्वयन भयो त ? भएन नि । सिंहदरबारको अवधारणा अनुभूति गराउन सैद्धान्तिकरूपले अप्ठ्यारो परे तापनि हामीसँग भएका स्रोतसाधन, संघीय सरकारबाट प्राप्त भएको वित्तीय समानीकरण, सशर्त अनुदान र प्रदेश सरकारबाट पाउने अनुदानलाई सदुपयोग गर्दै अगाडि बढिरहेका छौं ।

० यसरी काम गरिरहँदा कस्ता चुनौतीहरू आउँछन् त ?

– चुनौतीका चाङ्ग छन् हामीसँग । भौगोलिक विकास पनि शून्यतामा पाएको गाउँपालिका, शैक्षिक अवस्था पनि बिग्रिएको अवस्था, सामाजिक-आर्थिक आयआर्जनको सवालमा पनि गरिबीमुखी रहेका छन् । यस्तो ठाउँमा जनताले हामीलाई निर्वाचित गरेपछि चुनौतीका यी चाङ्ग त छँदैछ । तर, क्रमागतरूपले समयसापेक्ष प्राथमिक अपेक्षाको पहिचान गर्दै यी समस्या र बाधा अवरोधलाई चिर्दै अग्रगति र प्रगतिको यात्रामा लागेका छौं । त्यही दृढ विश्वासका साथ हामी अगाडि बढ्दैछौं ।

० निर्वाचनका बेला जनतालाई के-कस्ता आश्वासनहरू दिनुभएको थियो ?

– मैले भनेको थिएँ कि तपाइँहरू आफ्नो अमूल्य मत दिएर जिताउनुस्, यस गाउँपालिकाभित्र रहेका मूलभूत समस्याहरूको समाधान गर्नेछु । यहाँका अधिकतम् घरधुरी कृषिमा आधारित छन् । एक टोलबाट अर्को टोलमा जानका लागि सडकको राम्रो व्यवस्था थिएन । आजको एक्काइसौं शताब्दीमा पनि यहाँका अधिकांश जनता विद्युतबाट टाढा थिए । शैक्षिक अवस्था पनि त्यतिकै बिग्रेको थियो । त्यसैले मैले भनेको थिएँ कि मलाई जिताउनुस्, पाँच वर्षभित्र क्रमश: यी सबै समस्याहरू समाधान गर्छु । जनताले पनि सोही आश्वासनको आधारमा मलाई विजयी बनाए । त्यो सवालमा हामी आजको दिनसम्म दिनरात खटिरहेका छौं । हाम्रो कार्यकालको आधा समय बितिसकेको छ । यस अवधिमा हामीले गरेका प्रतिबद्धतामध्ये धेरै पूरा गरिसक्यौं र अझ हुने क्रममा छन् ।

० कृषिमा आधारित रहेको गाउँपालिकामा के-के सुधार भए ?

– यहाँका बहुसंख्यक जनता कृषि पेसामा आधारित भएकोले मैले भनेको थिएँ कि अब खडेरी परेर बलान-बिहुलका खेतहरू सुक्खा हुनेछैन । हामीले चालु आर्थिक वर्षदेखि हरेक किसानको खेतमा विद्युतको मार्फत् सिंचाइको व्यवस्था मिलाएका छौं । हामीले भू-सिंचाइको अवधारणा ल्याएका छौं । यस गाउँपालिकामा दुईटा नदीहरू छन् । विगतमा नेपाल सरकार, जिल्लाका सरोकारवालाहरूको उदासीनताका कारण सिंचाइको अवस्था थिएन । यी दुइटा नदीहरूमा वैज्ञानिक सिंचाइको अवधारणा भइदिएको भए आज बलान-बिहुल गाउँपालिका हरितकण हुने थियो । म आफ्नो कार्यकालभित्र वैज्ञानिक सिंचाइको व्यवस्था गर्छौं भन्ने मेरो लक्ष्य छ ।

० प्रदेश सरकारसँगको सहकार्य कस्तो छ त ?

– स्वाभाविकरूपमा प्रदेश सरकारसँग हाम्रो सहकार्य हुन्छ । तर, प्रदेश सरकारले जुन किसिमले गति लिनुपर्ने हो त्यो देखिएको छैन । संघीय र प्रादेशिक सरकारबीच सैद्धान्तिक र वैचारिक द्वन्द्वका कारण पनि यस्तो हुन नसकेको होला । बलान-बिहुल गाउँपालिका अन्य पालिकाको तुलना अपेक्षित र उपेक्षित छ । प्रदेश सरकारबाट पनि हामी उपेक्षित छौं । तर हामी भन्न चाहन्छौं कि यो गाउँपालिकालाई संरक्षित गाउँपालिकाभित्र राखेर प्रगति यात्रातिर लान सहयोग गरोस् ।

विश्व परिवेश

सि.पि.इ.सी. को पारदर्शिता प्रकरणबाट पाकिस्तान प्रभावित

-अल्लावश

ट्रम्पको प्रशासनले पाकिस्तानलाई चाइनासँग कठिन प्रश्नहरू उठाउन माया जस्तै :- ऋण, जवाफदेहिता, निष्पक्षता तथा पारदर्शिता सम्बन्धितको आग्रह गरेको थियो। डेपुटी असिस्टेन्ट सेक्रेटरी अफ स्टेट्स (Deputy Assistant Secretary Of States) को प्रमुख एलिस वेल्स्ले Nov. २१ मा सोधेको थियो कि चीनले किन CPEC विकास मोडलको खोजि गरिरहेको छ जसले आर्थिक सफलता ल्यायो मात्र उनीहरूको लागि। चीन पाकिस्तान आर्थिक करिडोरको पृष्ठभूमि (corridor) अत्याधिक महंगो भइरहेको बारे आलोचना आएपछि र पाकिस्तानमा लामो समयदेखि प्रभावित रहेको चीनको वित्त अभ्यासहरू माथि प्रश्नवाचक चिन्ह लागेको छ। Alice wells ले भनिन् कि वन बेल्ट वन रोड परियोजनाको लागि CPEC एउटा प्रमुख पहल हो जसले पाकिस्तानलाई दिर्घकालिन प्रतिफल दिन सोच्दैन साथै चीनका ऋण भुक्तानी, पाकिस्तानी अर्थव्यवस्था माथि चीनको बढ्दो क्रममा रहेको शुल्क लिनेछ। खासगरी भुक्तनीको थोका अर्को आउँदो चार वर्षदेखि छ वर्षसम्म रहनेछ। यद्धपि ऋणको भुक्तानी फरक भएपनि यसले पाकिस्तानको आर्थिक विकासमाथि असर गर्नेछ। उनले यो पनि औंलाइकी चीनले G २० स्तरको पूर्वाधारहरूको न त कार्यान्वयन गरेको छ न त पेरिस क्लबका अभ्यासहरूको, जसले पारदर्शिताको सुनिश्चितता गर्थ्यो। पैसा फिर्ता गर्न विफल भएको खण्डमा यसले व्यवहारमा चलिरहेको ऋणको बोझबाट सम्पत्तिको सम्पर्णका साथै सम्मुभुप्ताको कमि सम्बन्धिको अवस्थाको परिणामबाट होशियार रहनु भनेकी थिइन्। यो वर्ष जुलाईमा, अन्तर्राष्ट्रिय मनेटरी फन्ड (IMF) ले भन्यो कि पाकिस्तानले महत्वपूर्ण आर्थिक चुनौतीहरूको सामना गरिरहेको थियो जसको कारण कमजोर तथा असन्तुलित बृद्धिदर रहेको थियो जहाँ यसको अर्थव्यवस्थालाई महत्वपूर्ण तथा बोल्ड सेट को संरचनाको आवश्यकता रहेको छ। त्यस बखत को बेला पाकिस्तानसँग मुद्रा रहेको थियो जसको आरक्षण ८ (8) आठ बिलियन भन्दा पनि कम र महिनाभरिको १.७ आवरण मात्रको आयातलाई धेरै भएको बुझिएको थियो। पाकिस्तानले सम्भावित केहि आधारदाता जस्तै साउदी अरेबीया, यूनाइटेड स्टेटस् र ओमानहरूको खोजि गर्न शुरू गरिसकेको थियो। पाकिस्तान अन्तर्राष्ट्रिय मनेटरी फन्ड (IMF) को लगातार (निरन्तर) प्रयोग कर्ताको रूपमा रहेको छ र यसले सन् १९५८ देखि सञ्चालित भई आएको २१ वटा ऋण सम्बन्धित कार्यक्रमहरू जुन एकदमै कम ब्याज दरमा रहेको थियो त्यसमा पाकिस्तानले प्रवेश गरिसकेको थियो। चीनको महत्वकांक्षी बेल्ट एण्ड रोड इनिसिएटिभ (Belt And Road Initiative) (BRI) अन्तरनिहित रहेको विप्त प्राप्तकर्ताको रूपमा रहेको छ। तथापि श्रप्तृणका बहुमतलाई पूँजीगत सामानहरू आयात गर्नका लागि प्रयोग गरिन्छ किनकि र जसको कारण वत्तमानको खाताले घाटा देखाएको र आरक्षित मुद्रामा गिरावट रहेको देखिएको छ। CPEC पाकिस्तानमा कार्यान्वयन हुन गइरहेको छ त्यो पनि सरकारसँग सरकारको लागि ऋणहरू, लगानीहरू र ६२ अरब (62 billion) बराबरको अनुदान सम्बन्धि रहेको छ जुन पाकिस्तानको लागि एउटा ठूलो जुवा खेल्ने जस्तै हो। सम्भबता यसले देशलाई एउटा श्रप्तणको पासोतिर धकेलेको हुनु पर्दछ जसरी बेल्ट एण्ड रोड इनिसिएटिभ (BRI) ले श्रीलङ्का (Srilanka) र मलेसिया (Malyasia) सँग गरेको थियो। IMF का प्रमुख अर्थशास्त्री मौरिस अब्स्टफेल्ड (Maurice Obstfeld) ले टिप्पणी गरेका थिए की जहाँ CPEC ले पाकिस्तानको लागि विकास ल्याउँदैछ त्यहीँ सम्भावत ! जोखिमका चिन्तन जुन विकाशको सिधान्तमा छानिएर खस्केको प्वालहरू झैं रहेको हुन्छ र जुन BRI अन्तरनिहित बेजिङ्गद्वारा प्रचारित रहेको छ। परियोजनाको डिजाईन ठोस हुनु पर्ने र अत्याधिक श्रप्तणहरू जसलाई फेरि भुक्तान गर्न सकिँदैन त्यसलाई व्यवास्ता गर्ने विषयवस्तुमाथि जोड दिएको थियो मौरिस अब्स्टफेल्डले। ग्रेनोबेल स्कुल अफ मेनेजमेन्ट (Grenoble School Of Management) का उपाध्यष डीन फरानकोइस फिओरिना (Francois Fiorinia) ले भनिन कि पाकिस्तानले आर्थिक समस्यालाई घुरिरहेको छ र IMF मात्रले उनीहरूलाई त्यति ठूलो रकमको श्रप्तण दिन सक्छ तथापि अन्तर्राष्ट्रिय मोनेटरी फन्ड (IMF) को श्रप्तणहरू पारदर्शिता लगायत कठ्ठोर (कडा) आर्थिक अवस्थाको श्रप्तणहरू रूक्ताका साथ आयो जुन कि चीनमा भएको निर्णनय बनाउनेको कानको संगित होइन। नगदको जालोमा परेको पाकिस्तानले जमानतका लागि अन्तर्राष्ट्रिय मुद्रा कोपसम्म पुग्नुको अर्थ चीनबाट लिएको श्रप्तणमा सहभागि हुनुथियो जो चीन पाकिस्तान आर्थिक सम्झौता बेइजिङ्गमा राम्ररी सञ्चालित भएको छैन। अन्तर्राष्ट्रिय मुद्रा कोष भुराजनीतिक प्रतिफलका लागि सुरक्षित विकल्प देखिएपनि त्यो पाकिस्तानका लागि ज्यादै झन्झटिलो छ। अन्तर्राष्ट्रिय मुद्रा कोष (मनेटरी फन्ड) (IMF) ले राम्ररी गहिराईका साथ CPEC लेख IV (Article IV) को एक भाग अनुसार परामर्श र पाकिस्तानको श्रप्तण स्थिरता सम्बन्धि जोखिमहरूको बारे हाइलाइट गर्दै विश्लेसन गरेको छ। IMF को रिपोर्टले उल्लेख गरेको छ कि ऋएभ्ऋ सम्बन्धित प्रवाहले करिव ३.५ अरब देखि ४.५ अरब बराबर सम्मको प्रति वर्षले २०२ देखि २०२५ सम्म पुग्नेछ। पाकिस्तानले चीनलाई आफ्नो ८५.८ अरब जम्माको करिब २४% मात्रको बाह्य श्रप्तण तथा दायित्व प्रतिवधता व्यक्त गर्नुको साथै IMF रिपोर्टले पाकिस्तानको प्रबन्धिमा एउटा तरङ्ग ल्याएको छ र यसैबीच चीनले पाकिस्तानलाई शुरूमा हस्ताक्षर गरिएको सम्विदात्म दायित्व माथिको विद्रोहले गर्दा उत्पन्न गम्भिर नतिजाको बारेमा सम्झना गराएको थियो। 2017 मा अन्तर्राष्ट्रिय मनेटरी फण्ड (IMF) ले चीनलाई उसको (क्रेडिट) उधारो प्रवाह गर्न आर्थिक रणनितिका लागि अप्रभावकारी बनाएको थियो र थप्दै भनेको थियो कि चीनको लगानी वृद्धि एउटा खतरनाक प्रक्षेपवक्र रूपको हुनुको साथै यसको बाध्यात्मक समायोजकको खतराहरूको वृद्धि गरिरहेको थियो। US का प्रभावशाली (कानून बनाउनेहरूले) सांसद IMF बेलआउट (bailout) जमानतको विरोध गर्न प्रशासनसँग आग्रह गरे किनकि (यसको प्रयोग चीन पाकिस्तान आर्थिक योजना (CPEC) अन्तर्गत चीनको ऋण भुक्तानी गर्नुपर्ने थियो साथै उनीहरूले यो पनि बताए कि ऋणका शर्त, भुक्तानी, तथा नाफाको उपयोग सम्बन्धि शर्त पारदर्शी छैनन् र यसका साथै प्रायोजित ऋणहरू अगाडि गएर चीनको भूराजनीति लक्ष्य हुन सक्नेछ तथा आश्रित देशहरूलाई पर निर्भर बनाउन सक्नेछ। चिनियाँ प्रायोजित वित्तीय सहयोगको पाकिस्तानमाथि राम्ररी त्यस्तै देखिएको छ जस्तो श्रीलंकाको हामबनटोटा ९ज्कदबलतयतब० को बन्दरगाहमा देखिएको छ, जहाँ १,५०० एकड बन्दरगाहको छेउछाउमा रहेको भूमि चीनलाई ९९ वर्षको लिजमा प्रदान गरिएको थियो जसको उपयोग पाकिस्तानमा पनि गर्न सकिंदैन।

पाकिस्तानको पितृसत्तात्मक संरचनाबाट महिला पीडित

-मन्जूर अहमद

साउदी अरबले विगतका सातामा एक संक्षेप सार निकालेको थियो की मोडल कान्दिल बालोचका (Qandil Balochs) भाई उसकै (आफ्नै दिदिको) हत्याको आरोपमा दोषी भएकोबारे निकालेको थियो। तर सबै भाईहरू त्यस्तो अभागी भएको र झन्झटमा फसेको हुँदैन र सबै दिदि बहिनीहरू भाग्यशाली हुदैनन् जसका भाईहरू परिवारको सम्मानका लागि उनीहरूलाई मार्छन्। परिवार र यसको प्रतिष्ठा पाकिस्तानको सामाजिक वार्तालाप तथा राजनीतिक, आर्थिक यस्तै सबै सम्पूर्ण वातावरणहरूमाथि हाबी भएको छ र यस्तो क्रुर, स्वभाव घरमा पनि पयाप्त रहेको छ। लाहौरमा पनि एउटा व्यक्तिले आफ्नो बहिनीलाई बहस गर्ने क्रम र त्यसपछि उसलाई मारेको खबर गत साताको एउटा समाचारपत्रको शीर्षकको रूपामा चलेको थियो। महिला विरूद्धको हिंसा वृद्धिको क्रममा यो देशको २०० लाख जनताको मध्यको रहेको छ। पाकिस्तान महिलाहरूको लागि अत्तिनै खतरनाक देश रहेको विश्वको सुचिमा छैठौं स्थानको श्रेणीमा रहेको छ। जर्मन रेडियो डियूत्से वेल्ले (Deutsche Welle) को अक्टुबर 19, 2019 को उद्घृत तथ्याङ्क अनुसार जुन पाकिस्तानको ह्वाइट रिब्बन पाकिस्तान (White Ribbon Pakistan) एउटा संस्था जो महिलाहरूको हकहितको लागि काम गर्छ, द्वारा संकलित गरिएको थियो जसमा उद्घृत गरिएको छ की २००४ देखि २०१६ सम्म ४,७३४ संख्यामा रहेको महिलाहरू यौन हिंसाको सामना गरेका थिए। १५,००० वटा केशहरूमध्य अपराधका मामलाहरू पनि दर्त्ता गरिएको थियो। जसमा १,८०० भन्दा बढी घरेलु हिंसाको केशहरू रहेको तथा यसै अवधिबीच ५,५०० भन्दा माथिको महिलाहरूको अपहरण भएको मामिलाहरू रहेको थियो। पाकिस्तानी मिडियाले जनवरी 2011 देखि 2017 सम्मको बिचमा ५१,२४१ भन्दा बढी महिला हिंसा विरूद्धको केशको रिपोर्ट गरिएको थियो। यसैबीच दृढ रिपोर्ट विश्वासले गरिएको २.५% मात्रको सबै आरोपित केशहरू अदालतबाट दोषी ठहराईयो जुन कम रहेको आकलन गरिएको छ। पाकिस्तानको प्रमुख न्यायधिशको भाषण जसमा उनले १,००० अदालतको सेटअप गर्ने र जसले महिला हिंसा बिरूद्ध केशहरूको सम्बन्धि सम्झौता गर्ने बारे भने पश्चात नी सिस्टमले त्यसको अनुशरण गरेको छैन जुन की अधिक पितृसत्तात्मक रहेको देखिन्छ। मुखतरन मै (Mukhtaran mai) पाकिस्तानी महिला अधिकार कार्यकर्ताले भनिन की यो एउटा व्यवस्थित समस्या हो। मुखतरन मै सँग २००४ मा सामुहिक बलात्कार भएको थियो र पूर्ण न्यायका लागि आज दोस्रो सुबिधाहरू शहरहरूमा सेट अप गरिन्छ भने त्यहीं हिंसात्मक मामलाको बहुमतले गाउँमा ठाउँ लिइरहेको हुन्छ। उ ठीक छीन् किनकि गाउँले क्षेत्रमा जग्गाधनीको जागीरदारले नीशानेवाजलाई बोलाउँछ जसको प्रशासन र पुलिसहरू सेनापति वा मुखिया जागीर दारीहरूको सहायक रहेका हुन्छन् जसले महिला एक उपयोगि वस्तु हो भन्नी देखाइरहेको हुन्छ। त्यसैले त्यस्तो केशहरू सम्बन्धि न्यायीक वितरण कसरी हुन सक्छ ? अर्को प्रमुख महिला अधिकार कार्यकर्ता फरजाना बरी (Farzana Bari) विश्वास गर्छिन कि पाकिस्तानी समाजमा रहेको वा बास गरेको पितृसत्तात्मक व्यवहार नै समस्याको जिम्मेदार भएको जाहिर गरिन र कुनै पनि सरकारले कहिले पनि यस्तो मनस्थितीको अन्त्य गर्न तिरको प्रयासमा लागेनन् भनेकी थिइन। त्याहाँ धेरै तथ्यांकहरू छ जसको जाँच गर्न बाँकी रहेको छ। पाकिस्तानको हनुमानित महिला श्रम शक्ति सहभागिता एक को दरले रहेको छ। विश्व बैंक 2019 को तथ्याङ्क अनुसार (१५) वर्ष माथीका कात्र २४ प्रतिशत पाकिस्तानी महिलाहरू सक्रिय रूपले श्रम शक्तिमा संलग्न रहेको छ र जसको तुलनामा पाकिस्तानको ८१ प्रतिशत पुरूषको संलग्नता उत्तिकैको तथ्याङ्कमा रहेको छ। विश्वमा १५ देशहरूमा मात्र यस्तो छ जहाँ महिला श्रम शक्ति शहभागिताको दर पाकिस्तान भन्दा कम रहेको छ। यो पक्कै पनि एउटा प्रमुख संयन्त्र देखिएको छ जसको परिणाममा पाकिस्तानी महिलाहरूको सार्वजनिक स्थानमा अनुपस्थीति रिक्त सरह रहेको हुन्छ। यसको गहिरो अन्तरनिहित रहेको घटनाको कारणहरू राम्ररी सांस्कृतिक मान्यतासँग जुडेर रहेको छ जसको चुनौती पर्याप्त रूपले गरिएको छैन। वर्लड भ्यालु सर्भे (World Value Survey) का अनुसार ७४.६ pc पाकिस्तानहरूको विश्वास रहेको छ की पुरूषहरूले काम पाउने अधिकार बढी हुनु पर्ने र ७२ pc ले विश्वास गर्छन की महिलाको तुलनामा पुरूषहरूले राम्रो राजनीतिक नेता बनाउन सक्छ तथा ५१ pc विश्वास गर्छ की विश्वविद्यालयको शिदा लड्कीलाई (केटी) भन्दा केटालाई ज्यादै जरूरी भएको बारे बुझिएको छ। जहाँ महिलाहरू सहिरेका हुन्छन यस्ता मान्यताहरूको चोट तिन्का जीवनमा दिनचर्यामा हुन्छ र त्यसलाई स्विकारेका हुन्छन् जो की धेरै जसो हाम्रो समाजमा त्यसको यथार्थ भुत्यको गणना गर्न गाह्रो हुन्छ। एउटा आधारभूत र काँचो मापन भनेको अर्थव्यवस्था माथीको अनुमानित प्रभावलाई हेर्नु रहेकोछ जो कि स्वीकार्य त्रुटिपूर्ण मापन रहेको छ तर यसले समस्याको मात्रालाई देखाउँछ। हालैको IMF अनुमानितद्वाराको अध्ययन अनुसार पाकिस्तानले आफ्नो गाह्रस्थ ३० उअ ले बढाउन सक्छ त्यो लैङ्गिक भेदभाव बन्द गरेर देशको विकाशका लागि यसको अहिले बढ्ने प्रतिशत जति छ, जो ठूलै संख्या हो। लैङ्गिक शक्तिकरणको पछाडि मौलिक नैतिक विचार हुन्छ। तर यसले पनि प्रशश्त आर्थिक दृष्टिकोण लिएको हुन्छ।

आफ्नो अधिकार प्रयोग गर्दा अरूको अधिकारप्रति सजग र सचेत हुनु असल नागरिकको कर्तव्य हो।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

सबै पक्षमा छलफल भयो : मोदी

नयाँ दिल्ली। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग साझेदारीका सबै महत्वपूर्ण पक्षका बारेमा छलफल भएको भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बताएका छन्। भारत भ्रमणमा रहेका ट्रम्पसँग हैदरावाद हाउसमा भएको भेटवार्ताका क्रममा रक्षा, सुरक्षालगायतका विषयमा पनि कुराकानी भएको मोदीले बताए। ‘आज हामीले अमेरिका र भारतकाबीचमा साझेदारी गर्न सकिने सबै महत्वपूर्ण पक्षमा छलफल गरेका छौँ’ मोदीले भने। उनले रक्षा, सुरक्षा, उर्जा, रणनीतिक साझेदारीता, व्यापार, नागरिक नागरिक सम्वन्धलगायतका बारेमा पनि छलफल भएको जानकारी दिए।

भारत र अमेरिकाबीच रक्षा सम्झौता

नयाँ दिल्ली। भारतीय प्रधानमन्त्री नरेन्द्र नरेन्द्र मोदी र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच मङ्गलबार हैदराबाद हाउसमा भेटवार्ता भएको छ। भेटवार्तापछि दुई नेताले संयुक्त वक्तव्य जारी गरेका छन्। मोदीले भेटवार्तापछि आयोजित पत्रकार सम्मेलनमा दुई देशबीच ३ वर्षमा व्यापार दोहोर अङ्कमा वृद्धि भएको जिकिर गरे। द्विपक्षीय व्यापारको बारेमा पनि दुई पक्षबीच सकारात्मक वार्ता भएको बताउँदै उनले भने, ‘हामीले ठूलो व्यापार सम्झौतामा पनि सहमत भएका छौँ। यसको सकारात्मक परिणाम निस्कनेछ। दुई देश कनेक्टिभिटी इन्फ्रास्ट्रक्चरको विकासमा पनि सहमत भएका छन्। यो दुई देश मात्र नभएर विश्वको हितमा छ। रक्षा, प्रविधि, ग्लोबल कनेक्टिभिटी, व्यापार र जनता र जनताबीचको सम्बन्धमा दुई देशबीच सकारात्मक चर्चा भएको छ।’ उता, ट्रम्पले मोदीसँगको वार्तामा २१.५ करोड भारू बराबरको रक्षा सम्झौतालाई मन्जुरी दिइएको जानकारी दिए। दुवै देशले आतंकवादलाई समाप्त गर्न साझेदारी गर्ने र पाकिस्तानमाथि थप दबाब बनाउने सहमति भएको पनि भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्। मोदी र ट्रम्पबीच प्रतिनिधिमन्डल स्तरमा भएको छलफलमा भारत-अमेरिकाबीच भएका ६ सम्झौतामध्ये रक्षा सम्झौता सबैभन्दा महत्वपूर्ण रहेको छ।

बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं, चर्पीमा मात्र दिसापिसाब गराऔं, गाउँघरलाई सफा र स्वच्छ राखौं।

मटिहानी नगरपालिका
महोत्तरी

जिल्ला समाचार

“कृषिलाई औद्योगिकीकरण गर्न नसक्नु दुर्भाग्य”

जनकपुरधाम। मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले कृषिलाई औद्योगिकीकरण गर्न नसक्नु मुलुकका लागि दुर्भाग्यपूर्ण रहेको बताएका छन्। खाद्य प्रवृद्धि तथा गुण नियन्त्रण कार्यालयले आयोजना गरेको खाद्य मेलाको समापन समारोहमा मुख्यमन्त्री राउतले मुलुक कृषि प्रदान रहे पनि कृषि औद्योगिक करण गर्न नसक्नु दुभाग्य पूर्ण रहेको बताए। खाद्य मेलाले कृषि उत्पादनलाई कसरी औद्योगिकी करण गर्न सकिन्छ भन्ने बारे ज्ञान प्रदान गरेको उल्लेख गर्दै उनले प्रदेश २का किसानहरूलाई पनि यसै दिसामा अग्रसर हुनुपर्ने बताए। मुलुकको कृषि धारासायी हुँदै जानुमा सरकार समेत दोषी रहेको स्वीकार गर्दै मुख्यमन्त्री राउतले कृषिको अर्बौं अनुदानको रकम माफियाहरूको खातामा जाने गरेकोले त्यसलाई निरूत्साहित गर्न प्रदेश सरकार किसानको खातामा अनुदान रकम पठाउने योजना ल्याउन लागेको बताए। उनले आधुनिकिकरणको नाउमा खान पानमा सबै भन्दा बढी हेल चक्रयाई हुँदै आएकोले स्थानीय उत्पादनलाई खानपानमा बढीभन्दा बढी प्रयोग गर्न आग्रह समेत गरे। खाद्य प्रवृधि तथा गुण नियन्त्रण विभागका उपमहानिर्देशक उपेन्द्र रायको अध्यक्षतामा भएको समापन समारोहमा मेलामा सहभागी स्टलहरू मध्ये उत्कृष्ट भएकाहरूलाई पुरस्कार समेत प्रदान गरिएको थियो।

स्वास्थ्य शिविर हुने

वीरगंज। रगत विरामीहरूका लागि चेकजांच कार्यक्रमको आयोजना हुने भएको छ। गिरिजा प्रसाद कोईराला फाउण्डेशन पर्साले चैत्र १२ र १३ गते यहांका दिनदुखि रहेका व्यक्तिहरूलाई शुलभ स्वास्थ्य व्यस्था पुर्‍याउनका निम्ति स्वास्थ्य शिविरको आयोजना गरेको छ। रगत क्यान्सर ९ज्ञयियम अबलअभच० तथा रगत सम्बन्धि खर्चिलो उपचारहरू सहज,शुलभ तथा निशुल्क रूपमा फाउण्डेशन पर्साले उपचारको व्यवस्था गर्ने भएको छ। भारतको दिल्ली फोर्टिस अस्पतालका प्रख्यात हेमाटोलोजिस्ट डा.सन्तोष राउत आउने भएका छन। नेपालमा हेमाटोलोजि रगत सम्बन्धि विरामी बढी रहेको र उपचार खर्चिलो भएको कारणले जी.पी.कोईराला फाउण्डेशन पर्साले दिल्लीका प्रख्यात हेमाटोलोजिष्ट डा.सन्तोष राउतलाई नेपालमा ल्याई दुई दिने निशुल्क स्वास्थ्य शिविरको आयोजना गर्ने भएको छ। आज जी.पी.कोईराला फाउण्डेशन पर्साका सभापति मोहम्मद सहाबुदिनको अध्यक्तामा बसेको बैठकले निशुल्क स्वास्थ्य शिविरको र्निणय गरेको छ। बैठकमा फाउण्डेशनका सह सचिव मिन्टु देवि सिंह कोषाध्यक्ष मनोहर कुमार साह, मनोज पटेल ,सन्तोष सिंह, बाबुनन्द प्रसाद पटेल, जितेन्द्र सिंह ,धिरज कुमार गुप्ता तथा विशेष उपस्थितिमा प्रेस युनियन पर्साका कोषध्यक्ष इरफान अली, नेपाली काग्रेसका बुथ सभापति शेख निजामुदिन जनस्वास्थ्य पर्साका एच ए जयमोद ठाकुर,सुनिल सिंह लगायतका उपस्थिति रहेका थिए।

छाउपडी प्रथाविरूद्ध अभियान

कैलाली। कैलालीको घोडाघोडी नगरपालिका २ साडेपानीमा कम उमेरमा हुने विवाह र छाउपडी प्रथा विरूद्ध सप्ताव्यापी अभियान सुरू भएको छ। फागुन १३ गते देखी सुरू भएको कार्यक्रम १९ गते सम्म चल्नेछ। विभिन्न गाउँ टोल बस्तीहरूमा कार्यक्रम गरिने नयाँ बजार महिला समुहका अध्यक्ष राजमति अधिकारीले जानकारीले दिए। नयाँ बजार महिला समुहको आयोजनामा अभियान सुरू भएको मंगलबार भएको पत्रकार सम्मेलन मार्फत जानकारी गराईएको थियो। आरेक नेपाल कैलाली, वडा नम्बर २ को कार्यालय र ईलाका प्रहरी कार्यालय सुखडको समन्वय र पलान ईन्टरनेशनल संस्थाको सहयोगमा कार्यक्रम गरिएको हो। हानिकारक परम्परागत अभ्यास न्युनिकरण गर्ने, छाउपडी प्रथाको नीति कार्यान्वयनको लागी पहल गर्ने र छाउपडी प्रथा न्युनिकरणका लागी जनचेतनामुलक कार्यक्रम संचालन गरिएको हो।

शुद्धोधन गाउँपालिका अध्यक्ष समाजवादीमा

कपिलबस्तु। कपिलवस्तुको शुद्धोधन गाउँपालिका अध्यक्ष निसार अहमद मुसालमान समाजवादी पार्टीमा प्रवेश गरेका छन्। गाउँपालिका अध्यक्ष सँगै वडा नं. ६ बाँसखोरका वडा अध्यक्ष पनि प्रवेश गरेका छन। स्वतन्त्र चुनाव जितेका अध्यक्ष र वडा अध्यक्ष समाजवादी पार्टीमा प्रवेश गरेका छन। निसार २०४७ सालदेखि मधेशमा राजनिति गर्दै आएका थिए। उनले सद्भावना पार्टी गजेन्द्र नारायाण सिंहको पालादेखि नै मधेशको राजनितिमा आएका थिए। स्थानीय तहको निर्वाचनमा राजापाले चुनाव बहिष्कार गरेपछि निसार स्वतन्त्र चुनाव लडेका थिए। स्वातन्त्र चुनाव जितेका निसारले मधेशको लागि काम गर्ने समाजवादी पार्टी रहेकोले समाजवादी पार्टीमा प्रवेश गरेको बताएका छन्। मधेशी जनता मात्रै हैन नेपालमा उत्पीडनमा परेको हरेका वर्गको पहिचान अधिकारको लागि संघर्ष गरिरहेको समाजवादी पार्टी रहेकोले आफु समाजवादी पार्टीमा प्रवेश गरेको बताएका छन्। साथै नेपाल जनता पार्टीका जिल्ला अध्यक्ष सुनिल पाण्डेय सचिव काशीनाथ पाठक लगायत ठुलो संख्यामा समाजवादी पार्टीमा प्रवेश गरेका छन। मायादेवी गाउँकार्य पालिका सदस्य ईनरमति लोध पनि प्रवेश गरेका छन्।

आकाशे पुल निर्माण गरिने

बाँके। नेपालगन्ज उपमहानगरपालिकाको चोकमा आकाशेपुल निर्माण हुने भएको छ। अति व्यस्त धम्बोझी चोकमा पुल निर्माणको प्रक्रिया अगाडि बढेको छ। आकाशेपुल निर्माणका लागि ठेक्का सम्झौतासमेत भइसकेको उपमहानगरपालिकाका इन्जिनियर निवेश शर्माले जानकारी दिए। भ्याटबाहेक एक करोड ५८ लाख रूपियाँको लागतमा आकाशे पुल निर्माण गर्न लागिएको हो। आकाशेपुल निर्माणको जिज्मा रोयल सरस्वती कालिका देउरूपा जोभीले पाएको छ। यही असार मसान्तभित्र निर्माण गर्न ठेक्का सम्झौता भएको छ। नेपालगन्ज पुरानो र जनघनत्व बढी भएको सहर भएपनि अहिले पहिलो पटक आकोशे पुन निर्माण हुन लागेको हो। आर्थिक नगरी नेपालगन्जमा बढ्दो जनघनत्वलाई मध्यनजर गर्दै उपमहानगरपालिकाले निर्माण गर्न लागेको हो।

प्रविधिमैत्री र हिंसामुक्त शिक्षामा जोड

बुटवल। बुटवल उपमहानगरपालिकाले पञ्च वर्षीय शैक्षिक योजना सार्वजनिक गरेको छ। पाँच वर्षे शैक्षिक योजना अन्तर्गत सबै सामुदायिक विद्यालयहरूलाई मन्टेश्वरी प्रणालीमा लैजाने र आधारभूत तहको शिक्षा सबैलाई अनिवार्य गरिने रहेको छ। स्थानीय विषयहरूलाई समेत पाठ्यक्रममा समेट्ने योजना रहेको योजना निर्माण कार्यदलका संयोजक छवी नेपालले जानकारी गराए। शिक्षालाई सूचना प्रविधिमैत्री र हिंसामुक्त बनाउनका लागि बालबालिकाहरूलाई भयरहित वातावरणमा शिक्षा प्रदान गर्ने योजनालाई अगाडि बढाइएको उनले बताए। यसैगरी पञ्चवर्षीय शैक्षिक योजनामा कक्षा ९ देखि कक्षा १२ सम्मको शिक्षालाई प्राविधिक शिक्षाको रूपमा थप व्यवस्थित गरी अगाडि बढाउने, विद्यालय नक्सा तयार गरी अनावश्यक विद्यालयहरूलाई मर्ज गर्ने रहेका छन्। नगरभित्र अब अनुमति पाउने विद्यालयहरूमा कक्षा ११ र १२ को अध्यापन दिवा समयमा मात्रै सञ्चालन हुने नेपालले बताए।

जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

रौतहट। १० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा राजपुर नगरपालिका-५ मठटोल बस्ने ४१ वर्षीय नथुनि साहलाई आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ। ती बालिकालाई साहले ललाई फकाई आफ्नै घरमा लगेर जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय राजपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

सवारी दुर्घटनामा दुईको मृत्यु

रूपन्देही। तिलोत्तमा नगरपालिका-९ मंगलापुरमा लु.४० प ५९४८ नम्बरको स्कुटर अनियन्त्रित भई शुक्रबार दिउँसो दुर्घटना हुँदा गम्भीर घाइते भएका स्कुटर चालक बुटवल उपमहानगरपालिका(६ बस्ने ३२ वर्षीय रोशन गुप्ताको क्रिमसन अस्पताल मणिग्राममा उपचारको क्रममा मृत्यु भएको छ। यसैगरी रूपन्देही, सियारी गाउँपालिका-२ मैनहियामा लु.७ प ६३३३ नम्बरको मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएका पैदलयात्री सोही ठाउँ बस्ने ४२ वर्षीय संतोषी चौधरीकी छोरी १ वर्षीया करूणा चौधरीको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा शुक्रबार दिउँसो मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका संतोषी चौधरी र मोटरसाइकल चालकको सोही अस्पतालमा उपचार भइरहेको छ।

कला/साहित्य

कमल मण्डल

मैथिली नृत्यमा बिशाखाको चर्चा

मैथिली नृत्यको चर्चा हुँदा संघीय राजधानी काठमाडौंमा बिशाखाको नाम सबैको मुखमा झुण्डिएको हुन्छ । त्यसमा पनि झिझिया, समाचकेवा, डोमकक्ष नृत्यको कुरा आउँदा सबैजनाले बिशाखालाई लिन्छ । विगत पाँच वर्षदेखि मैथिली नृत्यकै कारण उनी काठमाडौं बाहेक तराईको विभिन्न जिल्ला र भारतमा पनि घुम्न पाएको कुरा बताउँछिन् । राजधानी काठमाडौंमा आयोजना हुने छठ, होली, विद्यापति, सरस्वति पुजा लगायतको कार्यक्रममा उनको उपस्थिति अनिवार्य हुन्छ । काठमाडौंको गौरीघाटमा जन्मेकी २४ वर्षीया विशाखा चलचित्र नगरीमा आफ्नो पहिचान स्थापित गराउन लागेकी छन् । साई एजुकेशन रातो पुलमा स्कुल पढ्दादेखि कलायात्रा सुरू गरेर आज आफ्नो छुट्टै पहिचान स्थापित गराउन लागेकी उनी सयौंको संख्यामा स्टेज कार्यक्रमहरूमा आफ्नो नृत्य प्रस्तुत गरिसकेकी विशाखा साधना कला केन्द्रमा नृत्य गुरू राजेन्द्र केसी र सुष्मा अधिकारीसँग नृत्य सिकेकी छन् भने सुमन श्रेष्ठसँग अभिनय सम्बन्धी ज्ञान लिएकी छिन् । हाल बीएड दोस्रो वर्षको अध्ययनसँगै एउटा सफल नायिकामा हुनुपर्ने सम्पूर्ण कुराहरू सिक्ने क्रममा रहेकी छन् । नेपाली बाहेक भोजपुरी, मैथिली गीतहरूमा नृत्य गर्न पछि नपर्ने विशाखा काठमाडौंको राष्ट्रिय नाचघर, प्रज्ञा प्रतिष्ठान, सभा गृह लगायत नेपाल भारतको विभिन्न ठाउँमा आफ्नो प्रतिभा प्रस्तुत गरिसकेकी छन् । फुर्सदको समयमा आर्ट पेन्टिङ्ग गर्न रूचाउने विशाखाको घर परिवारकै सल्लाह र सहयोग पाएर यस क्षेत्रमा लागेको कुरा बताउँछिन् । एउटा कलाकार भएकोले जस्तो पनि सिन गर्नुपर्छ । त्यो पनि सहमति अनुसार । किनभने निर्माताहरूले लगानी लगाएको हुन्छ । फाइदाका लागि । फिल्म चलाउन त मसलाका रूपमा अलि अलि सिन त दिनै पर्यो नि । यदि मलाई यस्तो अफर आयो भने अवश्य पनि गर्छु । आउँदो बैशाखदेखि छायाँकन सुरू हुने नयाँ फिल्ममा नायिकाको रूपमा अनुबन्धित भएकोले अहिले त्यसैको तयारीमा व्यस्त रहेको कुरा जानकारी दिएकी छन् । अहिले कीर्तिपुरमा डान्स कलचर खोलेर सिकाउने काममा व्यस्त रहेकी उनी सयौंको संख्यामा आफ्ना शिष्यहरू तयार गरेकी छन् ।

अध्यागमनमा स्वास्थ्य जाँच

काठमाडौं । चीनको वुहानमा फैलिएको नोभेल कोरोना भाइरसको महामारी रोक्न भारतले विमानस्थलमा अवतरण गर्ने नेपालसहित १० देशबाट जाने यात्रुलाई स्वास्थ्य जाँचपछि मात्रै प्रवेश दिने भएको छ । भारतीय सुरक्षा निकायसहित सरोकारवालाको उच्चस्तरीय बैठकले यस्तो निर्णय गरेको हो । निर्णय सोमबारदेखि लागू हुनेछ । 'परिस्थितिको विस्तृत पुनरावलोकनपछि र विगतमा सम्बन्धित निकायले दिएको सल्लाहपछि काठमाडौं, इन्डोनेसिया, भियतनाम र मलेसियाबाट उडान भर्नेहरूको स्वास्थ्य जाँचको तयारी गरिँदै छ,' भारतको प्रेस इन्फर्मेसन ब्युरोद्वारा जारी विज्ञप्तिमा भनिएको छ । यद्यपि, यो निर्णयबारे नेपाल सरकारलाई जानकारी दिइएको छैन । भारतको डब्लुआइओएन न्युजका कूटनीतिक मामिला हेर्ने पत्रकार सिद्धान्त सिब्बलका अनुसार यसअघि चीन, हङकङ, सिंगापुर, थाइल्यान्ड, जापान र दक्षिण कोरियाबाट भारतमा उडान भर्नेहरूको हकमा मात्रै लागू भएको थियो ।

सीमामा कोरोना जाँच

काठमाडौं । भारतसँग सीमा जोडिएको बैतडीको झुलाघाट नाकामा कोरोना भाइरस जाँचका लागि सहायताकक्ष राखिएको छ । दशरथचन्द नगरपालिका, स्वास्थ्य कार्यालय र जिल्ला अस्पतालले संयुक्त सहायताकक्ष स्थापना गरेका हुन् । झुलाघाट नाकाबाट भित्रिनेहरूको स्वास्थ्य परीक्षणका लागि सहायताकक्ष स्थापना गरिएको स्वास्थ्य कार्यालय प्रमुख योगेशप्रसाद भट्टले बताए । नगरपालिका मातहतका स्वास्थ्य संस्थाबाट सहायताकक्षमा २ जना स्वास्थ्यकर्मी खटाइएकोछ । कोरोना भाइरसको संक्रमणबारे सचेतना फैलाउन र भारतबाट आउनेको स्वास्थ्य परीक्षणका लागि सहायताकक्ष सञ्चालन गरिएको हो । सहायताकक्षले भारतबाट फर्कनेहरूलाई पनि सजिलो हुने जनाइएको छ ।

मदरसा भवनको शिलान्यास

वीरगन्ज । गत चैत्र १८ गते आएको हुरीबतासले फेटा गाउँपालिकामा ठूलो जनधनको क्षति भएको थियो । उक्त हुरीबतासमा ३५ जनाको मृत्यु हुनुका साथै ६ सय जना घाइते भएका थिए त्यस्तै हजारौं घरहरू क्षतिग्रस्त भएको थियो । नेपाल सरकारले नेपाली सेनाको सहयोगमा दुई कोठे भवनहरू निर्माण गराए पनि धेरै ठाउँको निर्माण कार्यहरू अधुरो भएकाले बारा क्षेत्र नं.४ का सांसद एकबाल मियाँको संसदिय कोषबाट निकासा भएको १० लाख रकमको सहयोगबाट फेटा गाउँपालिका स्थित वडा नं.३ मा रहेको मदर्सा भवनको शिलान्यास भएको छ । उक्त मदर्सामा अध्ययरत १५० जना मुस्लिम छात्रछात्राहरूले शिक्षा आर्जन गरिरहेका छन् । मदर्सा जिर्ण अवस्थामा भएकोले गर्दा पठनपाठनमा निकै समस्याहरू निरन्तर रूपमा परिरहेको थियो । उक्त समस्यालाई न्युनीकरण गर्न संसदीय कोषको रकमबाट निमार्ण कार्य अगाडी बढाएको सांसद मियाँले बताए ।

मधेश...

नै सहमति भइसकेको छ । यी विषयहरूलाई पुनः उठाउने जमर्को उनीहरूले गर्न सकेका छैनन ।

त्यसैले मधेशी जनतामा अविश्वास, अन्यौल र निराशा छाएको बखत सम्पूर्ण मधेशी दलबीच एकीकरण गरी रूपान्तरण हुने साहस गरेमा धुमिलिएको छवि, खुम्चिएको कद र अवसरवादी चरित्र सुधार्ने मौका सावित हुनेछ । सरकारमा सहभागी हुने जनमत नपाएपछि मधेशी दलहरूका लागि विकल्पको ढोका बन्द भएको होइन । मधेशी दलहरू जनताको घर दैलोमा जाने, संगठन विस्तारमा लाग्ने र आगामी दिनका लागि राजनीतिक पकड बलियो बनाउने तर्फ लाग्नु नै उनीहरूको आगामी बाटो हो । आफूलाई मधेशी दल भन्न रूचाउने राजनीतिक शक्तिहरूले वास्तवमै मधेशका जनताको हितमा राजनीति गर्ने हो भने संविधान कार्यान्वयन गर्दै राजनीतिक स्थिरतामा सहयोग पुऱ्याउनु बढी समझदारी हुनेछ । यसबाट तत्कालीन राजनीतिक उपलब्धिहरूलाई जोगाउँदै सहभागितामूलक स्थानीय राजनीतिद्वारा राज्यसत्ताको विकेन्द्रीकरण सम्भव हुनेछ । नेपाली जनतालाई शक्तिशाली बनाउने बाटो यही नै यहि हो ।

छेपारो प्रवृत्ति

मधेशमा नेताहरूले छेपारोजस्तै रंग बदल्न खप्पिस छन् । उनीहरू आफनो फाइदाका लागि क्याम्प बदल्न सिपालु छन् । यस्तौ एक नेता हुन विजयकुमार गच्छदार । कुनै बेला आफूलाई मधेशको छोरा दाबी गर्ने गच्छदारले आफनो छेपारो प्रवृत्ति देखाउन धेरै समय कुर्नु परेन । काँग्रेसबाट राजनीतिमा आएका उनी मधेशको मसिहा बन्ने प्रयास गरे । मधेशको मुद्दालाई भजाए, सत्तामा पनि गए तर त्यसबाट टिक्न नसके पछि पुरानै घरमा फर्किए ।

काँग्रेसमा फर्किएपछि उनी उपसभापति बनाइए । गच्छदारको पृष्ठभूमि राजनीतिमा चासो राख्ने आम नेपालीलाई थाहा छ । गच्छदार नेपाली राजनीतिका व्यक्ति नभएर प्रवृत्ति हुन् र यस्तो प्रवृत्ति मधेशी नेताहरूमा देखिन थालिएको छ ।

ओझेलमा...

रूपमा सहभागी हुँदा धनुषाका विभिन्न गाउँबाट सैकडौं महिलाहरू रूदै कराउँदै डा. लक्ष्मी नारायण झाको अनुहार हेर्न व्यग्र थिए तर सदभावना पार्टीका कार्यकर्ताहरूले त्यतिबेला गलत सूचना प्रवाहित गरेका थिए । किनभने त्यो नेपाल सदभावना पार्टीको अधिवेशन थियो र त्यहाँ डा. झा आउने कुनै सम्भावना नै थिएन । डा. झालाई हेर्न उत्सुक आँखाहरूमा अब आँसु पनि छैन । कतिजना अब यस संसारमा जिवित पनि छैनन् । जो जिवित छन तिनको कुरा सुनिदिने फुर्सद कसैलाई छैन । आखिर डा. झाको नाममा न त मत पाउन सकिन्छ न त आर्थिक लाभ नै। हुन सक्दछ सायद त्यसैले होला उनको नाम र योगदान चर्चामा आएन ।

कोरोना संक्रमित नेपालीसहित १ सय १९ जनाको उद्धार

काठमाडौं । भारत सरकारले जापानको राजधानी टोकियोबाट कोरोना संक्रमित पानी जहाजमा रहेका नेपालीसहित १ सय १९ जनाको उद्धार गरेको छ । भारतले कोरोना भाइरस सक्रमण देखिएको डायमण्ड प्रिन्सेस जहाजमा रहेका आफ्ना नागरिकहरूको उद्धारका लागि एअर इन्डियाको विशेष विमान त्यसतर्फ पठाएको थियो ।

उक्त जहाज १२४ जना यात्रु लिएर आज बिहान दिल्लीको इन्दिरा गान्धी विमानस्थलमा अवतरण भएको छ । उद्धार गरेर दिल्ली ल्याइएका यात्रुहरूमध्ये ११९ जना भारतीय र पाँच जना विदेशी नागरिक छन् । उद्धार गरिएका पाँच जनामध्ये दुई जना श्रीलंकाली र नेपाल, दक्षिण अफ्रिका र पेरूका एक-एक जना नागरिक रहेको भारत सरकारले जनाएको छ । 'डायमन्ड प्रिन्सेस जहामा रहेका ११९ जना भारतीयका साथै श्रीलंका, नेपाल, दक्षिण अफ्रिका र पेरूका पाँच जना लिएर टोकियोबाट उडेको एअर इन्डियाको विमान दिल्लीमा अवतरण गरेको छ,' भारतीय विदेशमन्त्री एस जयशंकरले ट्वीटमा उल्लेख गरेका छन् ।

दिल्ली ल्याइएका भारतीयमध्ये ११३ जना पानीजहाजका चालक दलका सदस्य र ६ जना यात्रु रहेको बताइएको छ । उद्धार गरिएका नेपालीको परिचय भने खुलेको छैन । उद्धार गरिएकालाई दिल्ली छेउको हरियाणाको मानेसरस्थित सैनिक क्याम्पमा १४ दिनको क्वारेन्टाइनमा राखिने छ ।

फेब्रुअरी ४ मा पहिलो पटक उक्त जहाजमा रहेको दश जनामा कोरोना भाइरसको संक्रमण भएको खुलेको थियो । तर, समयमै ती संक्रमितहरूको उद्धार नहुँदा जहाजमा यात्रा गरिरहेका ३७०० जना यात्रुमध्ये ७०० जनामा कोरोनाको संक्रमण देखिएको बताइएको छ । जसमध्ये चार जनाको मृत्यु समेत भइसकेको छ ।

राजदूत क्वात्रा आइतबार आउँदै

काठमाडौं । नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्रा फागुन १८ अर्थात मार्च १ गते नेपाल आउने भएका छन् । पुसको अन्तिम साता भारत सरकारको मन्त्रिपरिषद्ले क्वात्रालाई नेपालको राजदूत नियुक्त गरेको थियो । फ्रान्सबाट भारत फर्किपछि नेपाल आउन प्रक्रिया पूरा गर्न समय लागेको कारण एक महिना ढिलाइ भएको हो । उनी फागुन १८ मा नेपाल आउने र फागुन १९ देखि आफ्नो कार्यभार सम्हाल्ने छन् । उमेर हदका कारणले तत्कालीन भारतीय राजदूत मञ्जिभसिंह पुरीले समय अगावै डिसेम्बरमा अनिवार्य अवकाश प्राप्त गरी भारत फर्केपछि नेपालमा कार्यवाहक राजदूतको रूपमा अजय कुमारले पदभार सम्हाल्दै आएका छन् । सन १९८८ देखि भारतीय विदेश मन्त्रालयबाट सेवा शुरू गरका क्वात्रा पहिला थर्ड सेक्रेटरी र त्यसपछि सेकेन्ड सेक्रेटरी भएपछि सन् १९९३ मा जेनेभा मिसनमा गएका थिए ।

पर्यटक आकर्षित गर्न महोत्सव

काठमाडौं । ताप्लेजुङमा भारतीय पर्यटक आकर्षित गर्न महोत्सव सुरू भएको छ । ताप्लेजुङ सदरमुकाम फुङलिङमा महोत्सव सुरू भएको हो । महोत्सवमै १० हजार भारतीय पर्यटक ल्याउने लक्ष्य रहेको आयोजक समितिका संयोजक तारानाथ घिमिरेले बताए। घिमिरेका अनुसार फागुन १३ गतेसम्म चल्ने महोत्सवले झापाको केचनादेखि ताप्लेजुङको ओलाङचुङगोलासम्म पर्यटकीय क्षेत्रको प्रचारमा सघाउ पुग्नेछ । 'मेचीका चार जिल्लालाई भारतीय पर्यटकको आकर्षणको केन्द्र बनाउने लक्ष्य हो', घिमिरेले भने, 'जसका लागि भारतको सिक्किम, दार्जिलिङ, विहारलगायत स्थनमा गएर प्रचार र निम्ता गरेका छौं ।' हाल पाथीभरामा वार्षिक १ लाख हाराहारी भारतीय पर्यटक पुगिरहेका छन् । महोत्सवपछि त्यो संख्या बढ्ने विश्वास आयोजकको छ । सूर्योदयको आकर्षक दृश्य देखिने इलामको अन्तुडाँडा, कन्याम, माइपोखरी, टोड्के झरना, पाँचथरको साधुटार, सिलौटी, ऐतिहासिक महत्व बोकेको हिलिहाँङ दरबारलगायत थुप्रै पर्यटकीय स्थलको प्रवर्द्धनका लागिसमेत महोत्सवले योगदान गर्ने आयोजकको दावी छ ।

निरीक्षण समितिको म्याद थप

काठमाडौं । सरकारले नेपाल-भारत अन्तर्राष्ट्रिय सीमा निरीक्षण समितिको म्याद छ महिना थप गरेको छ । मन्त्रिपरिषद बैठकले समितिको कार्यावधी २०७७ असारसम्मका लागि थप्ने निर्णय गरेको हो । गत कात्तिक २९ मा सरकारले तीन महिना कार्यावधि तोकेर सीमा निरीक्षण समिति गठन गरेको थियो । परराष्ट्र मन्त्रालयको दक्षिण एसिया महाशाखा प्रमुखले संयोजन गर्ने समितिमा रक्षा मन्त्रालय, गृह मन्त्रालय, उर्जा मन्त्रालय, जलस्रोत तथा उर्जा मन्त्रालय, भूमि व्यवस्था मन्त्रालय, वन मन्त्रालय र आवश्यकता अनुसार सुरक्षा निकायहरू, सम्बन्धित प्रदेश सरकार, नापी विभाग र विज्ञहरू सदस्य छन् । समितिले निर्धारित मितिमा काम सम्पन्न गर्न नसकेपछि सरकारले म्याद थप गरेको हो । सीमा निरीक्षण समितिलाई सरकारले नेपाल-भारत सीमा सम्बन्धमा रहेको विवाद निरूपण गर्न, सीमा सम्बन्धी स्थापित संयन्त्रलाई सहयोग गर्न तथा आन्तरिक सीमाको निरीक्षण गर्ने जिम्मेवारी दिएको छ ।

"जानकी नारी सम्मान" प्रदान गरिने

SITA
WARRIOR OF MITHILA

काठमाडौं । अन्तराष्ट्रिय नारी दिवस, ८ मार्चको विशेष अवसरमा नेपालको सात वटै प्रदेशबाट ७ जना (प्रत्येक प्रदेशबाट १/१ जना) साहसी नारीलाई "जानकी नारी सम्मान" प्रदान गरिने भएको छ । जानकी जसले आफ्नो कठिन र जटिल परिस्थितीमा पनि आफ्नो साहस र संघर्षले सफल भइन् । उनको संघर्ष, साहस र सफलतालाई सलाम गर्दै जानकी नारी सम्मान प्रदान गरिने अभियन्ता सम्मेलन २०२०, प्रदेश २ ले जनाएको छ । यस जानकी नारी सम्मानका लागि नेपालका सात वटै प्रदेशबाट सबै वर्ग, जाति, समुदाय, धर्मका नारी (बालिका वा महिला) ले आफ्नो वा अन्य कुनै पनि व्यक्ति महिला वा पुरूषले योग्य नारीलाई नोमिनिट गर्न सक्नेछन् । उक्त नोमिनेशन फारम २१ फागुन २०७६ सम्ममा भरिसक्नु पर्ने हुन्छ । त्यस पाश्चात आएका नोमिनेशन फारम समावेश गरिने छैन । प्रत्येक प्रदेशबाट १/१ जना साहसी नारी, पारदर्शी नोमिनेशन प्रक्रियाबाट प्राप्त आवेदनको आधारलाई ज्यूरीबाट समिक्षा गरी भोरले उक्त जानकी नारी सम्मान प्रत्येक वर्ष मार्च ८, अन्तराष्ट्रिय नारी दिवसको दिन प्रदान गर्नेछ भोरका अध्यक्ष राजकुमार महतोले मधेशवाणीलाई जनाएका छन् ।

आर्थिक समाचार

बंगाल ट्राभल मार्टमा पोखरा नाइट

काठमाडौं । उत्तरपूर्वी भारतकै ठूलो पर्यटन मेला बंगाल ट्राभल मार्ट (बीटीएम) मा सहभागीले पोखरा घुम्न चासो देखाएका छन् । सिलिगुडीमा भएको बीटीएममा भारत, भुटान तथा बंगलादेशका ट्राभल तथा टुर एजेन्सीबीच पोखरा आकर्षणमा परेको हो । बीटीएमको नेपाल कक्षमा पोखरा पर्यटन परिषद अन्तर्गत १२ व्यवसायी आफ्नो स्टल राखेका थिए । पश्चिम बंगाल, सिक्किम सहित उत्तरपूर्वी भारतमा रहेका ट्राभल तथा टुर अपरेटरले नेपाल कक्षमा पुगेर पोखरामा उपलब्ध प्याकेजको जानकारी लिए । पोखराका ट्राभल, टुर, होटल, रेस्टुरेन्ट व्यवसायीले पोखराका पर्यटकीय स्थान, साहसिक गतिविधि, धार्मिक गन्तव्य, सांस्कृति विविधताका बारेमा अवगत गराए । परिषदको भारत सेल्स मिसन २०२० अन्तर्गत पोखराका व्यवसायी सिलिगुडी पुगेका हुन् । चीनमा नोबेल कोरोना भाइरसको सन्त्रासले पोखराको पर्यटन समेत सुस्ताएपछि व्यवसायीले भारतको उत्तरपूर्वी सहरमा प्रवर्द्धन थालेका हुन् । पोखराका पर्यटन व्यवसायी पश्चिम बंगालको सिलिगुडीसँगै कोलकातामा प्रवर्द्धनात्मक कार्यक्रम गर्ने छन् । मंगलबार कोलकाता र पोखराका पर्यटन व्यवसायीबीच बीटूबी सेल्स मिसन कार्यक्रम हुने छ ।

बीमा बापतको चेक हस्तान्तरण

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडेको पानीपोखरी शाखामा नवरत्न कर्मचारी बचत खाता खोली कारोबार गर्दै आएका स्वर्गीय राजु गिरीको सडक दुर्घटनामा परी मृत्यु भएको हुँदा विमितले पाउने रकम रू ५ लाख उनको परिवारलाई हस्तान्तरण गरेको छ । ग्लोबल आइएमई बैंक लिमिटेडका नायव महाप्रबन्धकश्री सुरेन्द्रराज रेग्मीले स्वर्गीय राजु गिरीको परिवारलाई विमावापतको रकम हस्तान्तरण गरे । ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले विभिन्न स्थानमा शाखा, एक्सटेन्सन काउण्टर तथा शाखारहित बैंकिङ्ग सेवा मार्फत आफ्ना ग्राहकहरू माझ सेवा प्रदान गर्दै आइरहेको छ । बैंकले २७० शाखा, ३७राजश्व संकलन तथा एक्सटेन्सन काउण्टर, २५६ एटिएम तथा २४९ शाखा रहित बैंकिङ्ग सेवा र नेपाल बाहिर ३ प्रतिनिधि/सम्पर्क कार्यालय मार्फत आफ्ना १९ लाख भन्दा बढि ग्राहकहरूलाई सेवा प्रदान गर्दै आइरहेको छ ।

विराट एक्स्पो सम्पन्न

विराटनगर । विराटनगरमा आयोजना गरिएको विराट एक्स्पोमा करिब एक अर्ब रूपैयाँको कारोबार भएको छ । फागुन २ गतेबाट सुरू भएको एक्स्पो शनिबार सकिएको छ । उपभोक्तालाई वस्तु र सेवाबारे जानकारी दिने उद्देश्यले उद्योग संगठन मोरङले एक्स्पो आयोजना गरेको थियो । करिब ३ लाख दर्शकले एक्स्पोको अवलोकन गरेको आयोजक भोलेश्वर दुलालले जानकारी दिए । कृषि, पशुपालन, अटोमोबाइल्स, विज्ञान, प्रविधि, औद्योगिक उत्पादनलगायत ३ सय ४० वटा स्टल एक्स्पोमा रहेको थियो । एक्स्पो समापन गर्दै स्वास्थ्य तथा जनकसंख्यामन्त्री भानुभक्त ढकालले उद्योग र व्यापार क्षेत्रको विकासका लागि सरकार जस्तोसुकै सहयोग गर्न तयार रहेको बताए । उनले विराटनगरमा औद्योगिक प्रदर्शनीस्थल निर्माण गर्न संघीय सरकारले सहयोग गर्ने जानकारी दिए ।

डिशहोममा भोजपुरी च्यानल

काठमाडौं । टिभी सेवा प्रदायक कम्पनी डिशहोमले भोजपुरी च्यानल सञ्चालनमा ल्याएको छ । नेपाली दर्शकको मनोरञ्जनको चाहनालाई ध्यानमा राखेर डिशहोमले विभिन्न एक्सक्लुसिभ च्यानलहरू सञ्चालन गर्दै आएको छ । डिशहोमले विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरू प्रसारण हुने रमाईलो टिभी, नेपालकै पहिलो खेलकुद च्यानल एक्सन स्पोर्टस्, बालबालिकाहरूको लागि राइम्स र जुनियर टिभी, घरमा नै बसेर नयाँ नयाँ नेपाली चलचित्र हेर्न सकिने सिनेमा घर, नेपाली चलचित्र मात्र प्रसारण हुने प्लस मुभी जस्ता विभिन्न च्यानल सञ्चालन गरिरहेको छ । यसै क्रममा उसले भोजपुरी भाषाको मनोरञ्जनात्मक 'भोजपुरी म्याजिक' नामक च्यानल पनि सुरू गरेको छ । भोजपुरी चलचित्र र गीतहरू प्रसारण हुने यस च्यानलले नेपाली दर्शकलाई भिन्न स्वाद र भरपुर मनोरञ्जन दिने डिशहोमले जनाएको छ । साथमा भोजपुरी भाषाको गीत गाउने कलाकारहरूले उपलब्ध गराएको गीतहरू समेत यस च्यानलमा प्रसारण गरिनेछ ।

मिथिला संस्कृति अध्ययन केन्द्र बन्दै

जनकपुरधाम । मिथिलास्थित सबै समुदायको धरोहरसहितको 'मिथिला संस्कृति अध्ययन केन्द्र' निर्माणको थालनी गरिएको छ । सोका लागि समस्त देवीदेवताको लघुचित्रसहितको देवलोक एवं मिथिलाको पहिचान, संस्कृति झल्किने भवनको नक्सा तयार गरिएको छ । जनकपुरधाम उपमहानगरपालिका-७ मा निर्माणको शिलान्याससमेत भइसकेको सो केन्द्रको निर्माण कार्य दुई वर्षभित्र सम्पन्न गरिने योजना रहेको छ । मैथिल ब्राह्मण महासभाद्वारा निर्माण भइरहेको सो केन्द्रको भवन छ तलाको हुने महासभाका अध्यक्ष भगवान् झाले बताए ।

उनका अनुसार केन्द्रको पहिलो तल्लामा सभागृह, दोस्रो तल्लामा देवलोक र तेस्रो तल्लामा मिथिला संग्रहालय रहनेछ । त्यस्तै भवनको चौथो तलामा पुस्तकालय, सङ्गोष्ठी कक्ष र पाँचौं एवं छैटौं तला आवासीय हुने बताइएको छ । करिब ११ करोड रूपैयाँको लागतमा निर्माण हुने सो केन्द्रको भवनका निर्माणका लागि जनकपुरधाम उपमहानगरपालिकाले ५ लाख रूपैयाँ रकम उपलब्ध गराउने र बाँकी रकम चन्दाबाट संकलन गरिनेछ । अध्यक्ष झाका अनुसार सो केन्द्रको सञ्चालनबाट प्राप्त आम्दानीले हरेक वर्ष सबै समुदायका गरिब छात्रछात्रालाई छात्रवृत्ति प्रदान गरिने योजना रहेको छ ।

श्रद्धालुलाई निःशुल्क भोजन

काठमाडौं । धनक युवा फाउण्डेशनले महाशिवरात्रीमा आएका श्रद्धालु भक्तजनहरूलाई निःशुल्क भोजन खुवाएको छ । पशुपतिनाथ मन्दिरमा दर्शन गर्न आएका ६ हजारभन्दा बढी श्रद्धालु भक्तजनहरूलाई निःशुल्क शाकाहारी भोजन गराएको फाउण्डेशनका अन्तर्राष्ट्रिय संयोजक मनोज मण्डलले जानकारी दिए

ग्यास
तौल पूर्ण सुरक्षा सम्पूर्ण

मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१,
फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं